# अध्याय १

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

२०४७ मा संसदीय व्यवस्थाको आगमन भए पछि नेपालमा सर्वाधिक चर्चा कमाएको सशस्त्र विद्रोह देखियो । विश्वका अन्य मुलुकमा जस्तै नेपालको प्रजातन्त्रले पनि पुर्ववर्ती व्यवस्था (पञ्चायत) का सबै कमजोरीलाई सम्बोधन गर्न सकेन (शर्मा, २०६२, पृष्ठ १२४४-४५) । खासगरी ग्रामीण जनताको जीवनमा सामाजिक तथा आर्थिक परिवर्तन आउन सकेन, राजनीतिक दलहरूबीचको कलह र फुट निरन्तर जारी रह्यो, जसले गर्दा जनविद्रोहलाई मलजल पुग्यो । यही पृष्ठभूमिमा नेपाल कम्युनिस्ट पार्टी माओवादीले जनयुद्ध सुरू गर्यो । जनताका तर्फबाट प्रतिक्रियावादी सत्ता विरुद्ध लडिएको तथा लडिने युद्ध जनयुद्ध हो । जसले जनतामाथि थोपरिएको सबै अन्याय, अत्याचार, शोषण, दमन र विभेदको विरूद्ध स्वेच्छाले लड्न उत्प्रेरित गर्दछ । यसको उदेश्य जनताको हातमा जनवादी शासन सत्ता ल्याउनु हो । जनयुद्धलाई न्यायपुर्ण युद्ध र शान्तिका लागि गरिने हिंसा भनिन्छ (न्यौपाने, २०७५) ।

२०५२ सालको माघ २९ गते मध्यमाञ्चल र मध्यपश्चिमाञ्चलका दुई प्रहरी चौकी आक्रमण गर्दै सुरू भएको माओवादी जनयुद्धको लक्ष्य गाउँबाट शहरलाई घेर्नु र अन्तत जनसरकार गठन गर्नु रहेको थियो । माओवादीको सबल पकड प्रारम्भमा उसको आधार क्षेत्र, मध्यपश्चिमाञ्चलका जिल्लाहरूमा थियो, पछि विस्तारै तराई र पूर्वी पहाडी क्षेत्रमा विस्तार भयो । वास्तवमा विद्ोहको पहिलो तीन वर्ष  माओवादीले आधार क्षेत्र सुदृढ गर्न, लडाकुहरू (पूर्णकालिन कार्यकर्ता ) र स्थानीय सहयोगीहरू (आंशिक समय दिने) भर्ति गर्न आफ्ना गतिविधि केन्द्रीत गर्यो । यस प्रकारको संगठनिक सुदृढीकरणका लागि सामाजिक रूपमा पछिपरेका समुदाय (ग्रामीण किसान, महिला, तल्लोजातका व्यक्ति र आदिवासी) लाई प्राथमिकता दियो । खासगरी रोल्पा, रूकुम, सिन्धुली र गोर्खा जिल्लामा माओवादीले गतिविधि सघन बनायो (शर्मा, २०६१, पृष्ठ ४३-४४) ।

माओवादीले २०५२ साल फागुन १ गते जनयुद्ध शुरू गरे पनि जनमुक्ति सेना भनेर घोषण गरिएको थिएन । त्यतिबेला  योङ कम्युनिस्ट  लिग (वाइसीएल) को नाममा संगठन

बनाएको थियो । त्यसलाई पछि लडाकु दलको नाममा संगठित गरिएको थियो । २०५३ सालमा विभिन्न दललाई स्क्वाएडमा रूपान्तरण गरेर तीन स्क्वाड कमाण्ड बनाएको थियो त्यसैलाई २०५५ सालमा टास्कफोर्स बनाएपछि २०५६ सालमा प्लाटुन, कम्पनी बनाएको थियो । वि.सं. २०५८ भदौ १९-२० गते रोल्पाको कुरेलीको भेलाले मिलिसिया, छापामार शक्तिको औपचारिक नामकारण जनमुक्ति सेना नेपाल नाम दियो । यसलाई बटालियन स्तरको नियमित सेनाको रूपमा विकास गर्ने निर्णय गर्यो । भेलाले सेनाको पोशाक र लोगो समेत तय गर्यो।जनमुक्ति सेना घोषणाको उक्त केन्द्रीय भेलामा पनि २०% महिला थिए । १० वर्षे संघर्ष नेपाली इतिहासमै सबै भन्दा धेरै महिला सहभागी भएको क्रान्ति हो । जनमुक्ति सेनाको सर्वोच्च कमान्डर प्रचण्ड रहने निर्णय गर्यो मङ्सिर ९ गते प्रचण्डले वक्तव्य मार्फत जनमुक्ति सेना गठन भएको विषय सार्वजनिक गरे (न्यौपाने, २०७५) ।

नेपालको जनआन्दोलन २०६२/०६३ वा जनआन्दोलन र नेपालमा भएको शान्तिपूर्ण आन्दोलन थियो जुन १९ दिनसम्म चलेको थियो । यस आन्दोलनले नेपालको दुई सय ३७ वर्ष पुरानो राजतन्त्र ढालेर देशमा लोकतान्त्रिक गणतन्त्रको जग बसालेको थियो । यस आन्दोलनमा विभिन्न राजनीतिक दल र सशस्त्र युद्ध गरिरहेको माओवादी समेत सम्मिलित भएको थियो । त्यो आन्दोलनमा २० जनाको मृत्यु पनि भएको थियो । २०६२ चैत्र २२ देखि २०६३ वैशाख ११ सम्म चलेको थियो ।

माओवादी सेनाका लडाकुको रेखदेख, समायोजन र पुनर्स्थापना सम्बन्धी बैठक पटक–पटक निष्कर्ष विहीन बने । लडाकुको मुद्दा कहिले सत्ता त कहिले नयाँ बन्ने संविधानसँग ठोकिएका थिए । २०६८ कात्तिक १५ मा जब लडाकुलाई सेनाको विद्यमान मापदण्ड अनुरूप नै समायोजन गर्ने निर्णय भयो, त्यसै दिनदेखि लडाकु विघटनको योजना कार्यन्वयनमा ल्याइएको थियो । सुरुमा अनमिनले ३२ हजार २ सय ५० लडाकु भएको जानकारी पेश गरेको थियो । अन्तिममा १९ हजार ६ सय २ जनालाई वास्तविक लडाकू घोषण गरियो । १९ हजार छ सय २ जनामध्ये ३ हजार ८ सय ४६ जना महिला थिए । लडाकु समायोजन खाकामा नेपाली सेना तथा माओवादी लडाकुका तर्फबाट ३५-३५ प्रतिशत, सशस्त्र र नेपाल प्रहरीबाट १५-१५ प्रतिशत समायोजन गरिएको थियो । २०६८ कात्तिक १५ मा सेनाले नै अघि सारेको प्रस्तावका आधारमा ६ हजार ५ सय लडाकु नेपाली

सेनामा समायोजन गरियो । समायोजनमा जान चाहने लडाकुलाई शिक्षामा एक तह, उमेरमा तीन वर्ष र वैवाहिक स्थितिमा छुट दिने, स्वैच्छिक अवकाशमा जान चाहनेलाई दर्जा अनुसार ५ लाखदेखि ८ लाख रूपैयाँसम्म दिने र पुनःस्थापनामा जान चाहनेलाई  विभिन्न सिपमुलक तालिम र शिक्षा दिने उल्लेख गरियो । दोस्रो चरणको समायोजन रोज्ने लडाकुको संख्या ३ हजार १ सय २३ मा झर्‍यो, बाँकी  स्वैच्छिक अवकाश रोजेर बहिरिए । अन्तिममा लडाकुको संख्या व्यापक घट्यो  र करिब १ हजार ४ सयमा सिमित भयो (जनवोली न्यूज नेटवर्क, २०७४) ।

स्वेच्छिक अवकाश रोज्ने पूर्वलडाकुहरुको जीवन प्रक्रिया र जीविकोपार्जन कस्तो छ भनेर यो शोधपत्रले खोजेको छ । जीवन धान्न वा गुजारा गर्नका लागि गरिने काम पेसा वा कमाइलाई जीविकोपार्जन भनिन्छ ।संसारका सबै मानिसले कुनै न कुनै  तरिकाले जीवन धानेकै हुन्छन् । धान्नु भनेको बाच्नु मात्र होइन।घर खाना लकत्ताकपडा, शिक्षा, औषधि उपचार, मनोरञ्जन जस्ता मानिसलाई सम्मान र आरामपूर्वक बाँच्न चाहिने आधारभुत कुराहरूको व्यवस्थापन गर्नु लाई जीविकोपार्जन भनिन्छ ।मानिहरू अनेकौ तरिका अपनाएर जीविकोपार्जन गर्दछन, कसैले खेती  किसानी, पशुपालन, रोजगारी गर्दछन भने कसैले उधम वा व्यवसाय गर्दछन । जीविकोपार्जन मानवको दैनिक जीवन सञ्चालन गर्ने प्रमुख आधार हो । जीविकोपार्जन गर्नको लागि मानवीय, भौतिक, आर्थिक, प्राकृतिक पुजीको आवश्यकता पर्छ । जीविकोपार्जन मानवको बहुपक्षिय जीवनसँग सम्बन्धित हुन्छ । यसले व्यक्ति एवम् परिवारको आम्दानीसँग सामाजिक संस्थाहरू, प्रक्यिाहरू, सम्बन्धहरू, लैङगिक सम्बधहरू एवम् सम्पत्तिका अधिकारहरूलाई समेत समेट्दछ । यसले विकासका पुर्वाधार एवम् विकास निर्माणका कार्यहरू, शिक्षा स्वास्थ्य, खानेपानी, बाटो विजुली लगाएत सम्पुर्ण सामाजिक सेवाका पक्षहरूलाई समेत निर्धारण गर्दछ । जीविकोपार्जनका स्रोतहरूमा विविधीकरण गरेर समाज परिवर्तन गर्नुका साथै समस्याहरूको समाधान पनि गर्न सकिन्छ । विविधीकरण लाई जीवन छनौट र अवसरको रूपमा समेत लिने गरिन्छ । नेपाल  विश्वव्यापीकरणमा प्रवेश गरेसँगै ग्रामीण जनताहरूको जीविकोपार्जनमा विविधता थपिएको छ । अबको समयमा कुनै पनि व्यक्ति कृषिसँगै गैरकृषि क्षेत्रहरूलाई आफ्नो आम्दानी र जीवनयापनको आधार बनाउदै आएका छन् ।

पूर्व लडाकूहरूमा देखिएको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, स्वास्थ्य, रोजगारीमा देखिएका समस्याहरू समाधान गर्न यस शोधपत्रले रोल्पा जिल्लाको सुनछहारी, थबाङ र पूर्वी रुकुमको भुने र सिस्ने गाउँपालिकाको पूर्वलडाकुहरुको जीविकोपार्जन र जीविकोपार्जनमा भएको परिवर्तनको बारेमा अध्ययन गर्न खोजिएको छ ।

## १.२ समस्याको कथन

दस वर्षे जनयुद्ध आज जुन उचाइमा पुग्यो त्यसमा पुर्व लडाकुहरूको भुमिका अहम छ । जनमुक्ति सेना विना लडाइँ सम्भाव थिएन । युद्ध लढ्दा कोही अयोग्य थिएनन् कुनै योग्यता, क्षमता, उचाई नपिएन तर जब सेना समायोजन भयो, एक मुठ्ठी सातु खोलाको पानी खाएर लड्नेहरू, आमुल परिवर्तनको खोजी र नयाँ नेपालको निर्माण गर्न हिँडेकाहरू, वर्गीय मुक्तिको लागि मर्न र मार्न तयार हुनेहरू अयोग्य भए । जुन अर्थ व्यवस्था फाल्नका लागि संघर्ष गरेका थिए, त्यही अर्थ व्यवस्थामा कसरी बाँची रहेका छन् ? पुर्व लडाकुहरू, कसरी जीवन निर्वाह गरिरहेका छन् ? तिनिहरूको आर्थिक अवस्था कस्तो छ ? जीवन निर्वाह गर्नका लागि के–के काम गरिरहेका छन् त, तिनीहरूले सोचेजस्तो नयाँ नेपालको निर्माण भयो कि बाँकी नै छ, किन बनेन नयाँ नेपाल ? तिनिहरू हाल कहाँ छन ?

प्रकाश सपूत द्वारा गाइएको श्रव्य दृश्य भएको पिर गीतमा पूर्व लडाकुहरूको हरिबिजोग अवस्थाको सजीव चित्रण गरिएको छ । सँगै गोल्डस्टार जुत्ता लागएकाहरू विच सामाजिक, आर्थिक, राजनीतिक विभेद किन छ ? व्यवस्था परिवर्तन भयो तर अवस्था परिवर्तन किन भएन ? सँगै जङ्गल छिरेको साथी वीच वर्गीय विभेद देखिन्छ किन ? समान उदेश्य लिएर हिडेको साथीको सामाजिक, आर्थिक, राजनीतिक अवस्था फेरिएको छ तर अर्को साथीको किन फेरिएन ? समान्य जीवन विताउन लाई पनि विदेशीन किन पर्यो ? प्रायजसो पूर्व लडाकुहरूलाई ठेलागाडामा तरकारी, फालफूल, ज्यालमजदुरी, सामन्य व्यापार, पञ्चर टाल्ने काम गरेको देखिन्छ । यदि यहि नै काम गर्नु थियो भने किन एक पाकेट चाउचाउ र गोल्डस्टार जुत्ता लगाएर मार्न र मार्न तयार भए ? यी काम त तेसै पनि गर्न सकिन्थ्यो नि ! पिर गीतमा देखाए जस्तै पूर्व लडाकु माहिलाहरू यौन व्यापार नै गर्छन् त ? र गर्दैनन् भन्न सक्ने अवस्था पनि छैन । यो समस्या हाम्रो समाजमा छ र पूर्व लडाकु पनि यही समाजका सदस्य हुन । युटुब भिडियोमा देखाएको जस्तो साचिकै पूर्व लडाकुहरूलाई जीविकोपजार्न गर्न कठिन छ त ? पूर्व लडाकुहरूको बारेमा कसैले

अनुसन्धान गरेको छैन । साहित्य पुनरावलोकन गर्दा पनि पूर्व लडाकुहरूको बारेमा छुट फुट मात्र लेखीएको छ । ऐतिहासिक दस्तावेजहरूमा पनि पूर्व लडाकुहरूको बारेमा लेखिएको छैन । सेना संमयोजनको बेला देखि छुटफुट पत्रिकाहरूमा लेख भेटाउन सकिन्छ । राज्यले हरेक सहिद परिवारको नाममा दस–दस लाख बाडँयो । सेनामा जान नचाहनेहरूलाई सात लाख बाड्यो तर किन थुप्रै पूर्व लडाकुहरू नारकिय जीवन विताउन बाध्य छन ? एउटै घटना कसैलाई नाफा र कसैलाई घटा किन भयो ? जसले आफ्नो ज्यानको बाजि लागएर लडेको थियो त्यसको इतिहास  किन लेखिएन ? नेताहरूको छोरा, छोरी, नातिनातिना पढ्ने स्कुल  र पूर्व लडाकुका छोरा, छोरी नातीनातीना पढ्ने  स्कुल किन फरक भयो ? यी र यस्ता कैयौं प्रश्नहरूको यथार्थ विश्लेषण गर्न यो अध्ययन निम्न अनुसन्धान प्रश्नहरूमा आधारित रहनेछ ।

**अनुसन्धान प्रश्नहरू :**

१) जनयुद्धमा सहभागी माओवादी जनमुक्ति सेना कसरी जीविकोपार्जन गरिरहेका छन् ?

२) जनयुद्धमा सहभागी पूर्व लडाकुहरु जीविकोपार्जन गर्नका लागि के कस्ता पेशा व्यवसायहरु गर्दै आएका छन् ?

## १.३ अध्ययनको उद्देश्य

१) जीविकोपार्जन बारेको भाष्य र लडाकुहरुको अनुभावले उनीहरुको जीविकोपार्जनमा कस्तो असर पारेको छ ?

२) पूर्वलडाकुहरुको जीविकोपार्जनमा सामाजिक पूँजीको भूमिका कस्तो छ ?

३) लडाकु हुनु भन्दा पहिलेको जीविकोपार्जन र वर्तमान जीविकोपार्जनमा परिवर्तन पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्त्व

युद्धले विनास र विकास दुवै सम्भावना बाकेको हुन्छ । कुनै युद्धले आफ्नो उदेश्य पुरा गर्छ भने कुनै आंशिक रूपमा उदेश्य पूरा गर्छ । द्वन्द्वबाट प्रभावित अरू समूह वेपत्ता परिवार, सहिद, तुहुरा बालबालिकाहरूको बारेमा  बेला बेलामा सञ्चार माध्यम र विभिन्न संघ संस्थाले कार्यक्रम सञ्चालन गरेको देखिन्छ । भने त्यहीँ घट्न बाट प्रभावित

पूर्वलडाकुहरूको बारेमा कसैले चासो राखेको देखिदैन । किताबहरूमा पनि यिनीहरूको बारेमा छुट फुट मात्र लेखिएको छ । यो विषयमा कसैले पनि खोज अनुसान्धन गरेको छैन । एक मुठी सातु खोलाको पानी खाएर लड्नेहरू, अमुल परिवर्तनको खोजी र नयाँ  नेपालीको निर्माण गर्न हिडेकाहरू, वर्गीय, जातिय मुक्ति चाहानेहरू आज काहाँ छन । कुन अवस्थामा छन । जुन अर्थ व्यवस्था फाल्नका लागि सङघर्ष गरे त्यही अर्थव्यवस्थामा कसरी आफ्नो जीवन गुजारा गरी राखेका छन । हाल पूर्वलडाकुहरूको वास्तविक समस्याहरू के–के छन् । पत्ता लागई नीतिनियम निर्माण गर्न सुझाब प्रस्तुत गर्नको लागि, पछि कसैले यही विषयमा वा पूर्व लडाकुहरूको बारेमा अनुसान्धन गर्न चह्यो भने यसबाट सहयोग हुने छ । पाठकहरू पूर्वलडाकुहरूको जनजिविका कसरी चलिरहेको छ भन्ने विषयमा जनकारी पाउने छन् ।

# अध्याय २

## साहित्यको पुनअवलोकन

यस अध्ययनले पूर्वलडाकुहरुको वर्तमानमा जीविकोपार्जनको अवस्थाको बारेमा संक्षिप्त विवरण दिन्छ । कुनै पनि अनुसन्धान गर्दा सो अनुसन्धानसँग सम्बन्धित विषय वा शीर्षकमा संस्थागत, व्यक्तिगत र स्वतन्त्र रुपमा अघि नै के कस्ता अध्ययन, अनुसन्धान नभएका छन् र के कति हुन बाँकी छन् र थप सुचनाहरु प्रापत गर्न विभिन्न लेख र रचना, प्रतिवेदन, पत्रपत्रिका, पुस्तक शब्द वा ज्ञान कोणहरु, प्रकाशित तथा अप्रकाशित शोधपत्र तथा अभिलेख र जर्नलहरु आदिको गहन अध्ययन गर्नुलाई नै साहित्य पुनरावलोकन भनिन्छ । (वैय २०७३) यस अध्ययनमा मैले व्यवहारिक र सैद्धान्तिक अध्ययनको समीक्षा गरेकी छु ।

### २.१ माओवादी जनयुद्ध र जनमुक्ति सेना

मार्क्सवादी विचारधाराबाट प्रभावित भएर, बन्दुकको नालबाट सत्ताकब्जा अनि समाजमा अमुल परिवर्तन गर्न सकिन्छ भन्ने विश्वासका साथ युद्धमा  होमीएका जुझारु युवाहरूको एक समूह नै पुर्वलडाकुहरू हुन । जो वषौ देखि अन्याय, अत्यचार शोषण र दमानमा परेका वा पारिएका घर परिवार, समुदाय र क्षेत्रका युवा जो परिवर्तनको भोका थिए, तिनै युवाहरूको जमात नै पुर्वलडाकुहरू हुन् । जनमुक्ति सेना भनेको माओवादी पार्टीको रक्षा गर्नको लागि निर्माण  भएको संस्था थियो । जुन संस्था देशमा आमुल परिवर्तन गर्नका लागि  स्वेच्छा र बदलाको भावना भएका माओवादी विचार धारामा विश्वास गर्ने युवा युवाती मिलेर निर्माण भएको एउटा सैन्य संमरचना थियो । चीन लगायत अन्य देशका लालसेनाहरूको बारेमा सुनेर, पढेर उत्साहित भएर निर्माण गरेको देखिन्छ (सापकोटा, २०६६) ।

कोलम्बिय पेरु, सिएरालियोन र अफगनिस्तान लगायत विश्वव्यापी रुपमा विभिन्न क्षेत्रहरुमा द्वन्द्वपछिको नागरिक जीवनमा पूर्व-लडाकुहरुको पुन एकीकरण एउटा महत्त्वपूर्ण चुनौती बनेको छ । यो समीक्षाले यी देशहरुमा भूतपूर्व लडाकुहरुको लागि जीविकोपार्जनको हालको अवस्थाको अन्वेषण गर्दछ तिनीहरुको सफल पुन एकीकरणलाई प्भाव पर्ने मुख्य कारकहरुलाई हाइलाइट गर्दै ।

कोलम्बियामा , पूर्व लडाकुहरुको पुन : एकीकरण प्रक्रिया एजेन्सीका रिइन्कपोरिसन र सामान्यीकरण (ARW) मार्फत व्यव्यवस्थित गरिएको छ । मार्टिनेज र गोमेज (२०२०) द्वारा गरिएको एक अध्ययनले प्रयासको बाबजुद, धेरै पूर्व लडाकुहरुले अझै पनि दिगो जीविकोपार्जनमा पहुच गर्न चुनौतिहरुको सामना गरिरहेको देखाउँछ । आर्थिक अवसरहरु सहरी केन्द्रहरु बाहिर सीमित रहन्छन् । ग्रामीण गरिबीलाई बढाउँदै र प्रभावकारी पुन : एकीकरणमा बाधा पुऱ्याउँछन् । (माटिर्नेज र गोमेज २०२०)

पेरुको मामलाले एउटा सूक्ष्म अवस्था प्रस्तुत गर्दछ जहाँ शाइनिङ पाथ र एम आरटीए विद्रोहका पूर्व लडाकुहरुले समाजमा पुन : एकीकरण गर्न विभिन्न परिणामहरुको समाजमा गर्नु परेको छ । Florex र Rodrig482 (2019) का अनुसार कला, सीप तालिमको कमी र आर्थिक अस्थिरता जस्ता कारकहरुले पेरुमा सफल पुन : एकीकरण प्रयासहरुलाई बाधा पुऱ्याइरहेका छन् । सरकारी कार्यक्रमहरुको केही सफलता देखाएको छ । तर पूर्व लडाकुहरुको बहुआयामिक आवश्यकतालाई सम्बोधन गर्न अपर्याप्त छ । फ्लोरेस र रोडिग्वेज 2019)

सियरा लियोनको पूर्व -लडाकु पुन : एकीकरणको अनुभवले गृहयुद्ध पछिको व्यापक समर्थन प्रणालीको महत्वलाई जोड दिन्छ । जोन्सन (2018) द्वारा गरिएको अनुसन्धानले निशास्त्रीकरण धेर्रै हृदयसम्म सफल भए, तापनि दिगो आर्थिक पुन : एकीकरण चुनौती रहेको कुरामा जोड दिन्छ । शिक्षा र व्यावसायिक तालिममा सिमित पहुँचले पूर्व लडाकुहरुको लागि स्थिर जीविकोपार्जन सुरक्षित गर्ने प्रयासहरुलाई थप जटिल बनाउँछ (Johnson, 2018)

अफगानिस्तानमा चलिरहेको द्वन्द्व र राजनीतिक आस्थिरताले पूर्व लडाकुहरुलाई नागरिक जीवनमा पुन एकीकरण गर्न महत्वपूर्ण बाधाहरु खडा गर्छ । अहमद र खान ( २०२१) ले अन्तराष्ट्रिय प्रयासहरुको बाबजुद धेरै पूर्व लडाकुहरुको लागि आर्थिक परिदृश्य अन्धकार रहेको तर्फ गर्छन् । उच्च बेरोजगारी दर, व्यावसायिक प्रशिक्षणको लागि कमजोर पूर्वाधारको साथमा, अफगानिस्तानमा सफल पुन एकीकरण प्रयासहरुलाई बाधा पुऱ्याउँछ । अहमद र खान (२०२१)

अन्त्यमा, कोलम्बिया, पेड, सिएरा, लियोन र अफगानिस्तानका पूर्व लडाकुहरुको जीवनयापनले प्रत्यके द्वन्द्वले विशिष्ट सन्दर्भहरुद्वारा र परिणहरुलाई प्रतिबिम्बित गर्दछ । सरकारी र अन्तर्राष्ट्रिय पहलहरु मार्फत केही प्रगति भएको भए तापनि आफ्नो जीवन पुन :

निर्माण गर्ने लक्ष्य राखेका पूर्व लडाकुहरुलाई व्यापक सहयोग सुनिश्चित गर्न निरन्तर प्रयासहरु आवश्यक छन् । भविष्यको अनुसन्धानले सफल पुन : एकीकरणका बहुआयामिक अपरोधहरुलाई सम्बोधन गर्ने प्रभावकारी रणनीतिहरु पहिचान गर्नमा केन्द्रित हुनुपर्छ ।

नेपालमा भएको क्रान्ति जस्तो क्रान्ति विश्वका विभिन्न देशमा भएको हामी पढ्न पाउछौ । जस्तै चीन र क्युवामा भएको क्रान्ति, तर यति फरक छ, क्युवा र चीनमा भएको क्रान्ति आफ्नो देशमा भएका सरकार र उपनिवेश बनाएका देश सगँ भिडन्त भएका घटना छन् । क्रान्तिपछि पहिलो सरकार क्युवामा गठन हुदा फिडेल क्याष्ट्रोले आफु राष्ट्रपति पदमा नचुनिएर डा.म्यानुएल उरूसियालाई नै राष्ट्रपति बनाउन प्रस्ताब गरी सरकारमा नबसी सैन्य सुदृढीकरणमा लागेका थिए भने नेपालमा यस्तो गरेको देखिएन । आफु राजनीतिक शक्ति र सत्तामा पुगेपछि शोषण, दमन, अन्याय अत्याचारका विरुद्ध लड्ने जनमुक्ति सेनालाई विर्सेको अवस्था छ ।

अरू देशका लालसेनाहरू कतिजना लडाइँमा गएका थिए कतिजना कहाँ कसरी विरगति प्रप्ता गरे त्यो कुरा उल्लेख गरेको हामी पाउछौ भने नेपालमा जनमुक्ति सेनाको एकिन तथ्यांक छैन । कहाँको युद्धमा कति जना गएका थिए कति जना मरिए भनेर । दिगो जनयुद्धका आधारगत कारणहरूलाई उत्पादन र वितरणका ढाँचाहरू र जीविकोपार्जनको सिर्जनाका ढाँचाहरूमा भएका संक्रमर्णसँग जोडेर उल्लेख गर्नुपर्छ । वर्ग संरचना र वर्गीय सम्बन्धहरूका ढाँचाको प्रकृतिले एकचोटि भएका कुरालाई सधैभरि पकडमा राखिराख्न सक्दैन । निश्चय नै पुजीवादको बढी विकसित स्वरूपले सन् १९५० देखि सन १९८० सम्म पकड जमाएको भए माओवादी जनयुद्धले पकड नजमाउन पनि सक्थ्यो (मिश्र, २०६५)

## २.२ जनयुद्धमा महिला सहभागिता

नेपालको विभिन्न राजनीतिक आन्दोलन २००७ साल २०४६ साल र २०६२/६३ सालमा महिलाहरुको अहम भूमिका पाइन्छ । त्यस्तै २०५२ सालमा माओवादी पाटीले सुरु गरेको माओवादी जनयुद्धमा पनि महिलाको उल्लेख्य सहभागिता रहेको पाइन्छ । नेपालमा माओवादी सशस्त्र द्वन्द्व २०५२ फागुन १ मा सुरु भयो भने २०६३ मङ्सिर ५ मा नेपाल सरकार र माओवादी पार्टी बीच विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेसँगै यस युद्धको समाप्त भएको थियो (कार्की र सेडन, २००३) ।

जनयुद्ध सुरु गर्नुअघि तत्कालीन राज्यपक्षलाई नेकपा माओवादीले बुझाएको ४० बुदे मागपत्रमा महिलासम्बन्धी बुँदामा यस्तो थियो । "महिलामाथिको पितृसत्तात्मक शोषणको अन्त्य गरिनु पर्छ । छोरीलाई छोरासरह पैतृक सम्पत्ति माथि समान अधिकार दिइनु पर्छ ।" यो नेपाली कानुनको विशेष मुद्दामा केन्द्रित छ । पितृसत्तात्मक शोषण र महिलामाथि हुने भेदभाव बन्द गर्नुपर्छ । छोरीहरुलाई पैतृक सम्पत्तिमा पहुँच दिनु पर्छ । नेपालको माओवादी विचारधारा-जसले महिलाहरुको मुक्ति, लैङ्गिक विभेदको अन्त्य र पितृसत्तात्मक सोचमा परिवर्तन ल्याउनमा जोड दिएको थियो । यसले गर्दा ठूलो सङ्ख्यामा महिलाहरु लडाकु बन्नु पुगेको देखिन्छ । विभिन्न अध्ययनका अनुसार जनयुद्धमा उल्लेख्य रुपमा महिलाहरुको सहभागिता रहेको थियो । कुल माओवादी लडाकुको ३०-४० प्रतिशत महिला रहेका थिए ( के.सी. २०१८) ।

पुरुषद्वारा महिलामाथिको उत्पीडन शक्ति र ज्ञानमा तिनीहरुको धमिलो पहुँचले २०५२ देखि २०६३ सम्म नेपाल कम्युनिष्ट पार्टी 'माओवादी' को नेतृत्वमा भएको जनयुद्धको रुपले हिसात्मक रुप पाएको थियो । महिलाको अधिनताको युग लामो विचारधारालाई चुनौती दिइएको थियो (शर्मा २००१) । आफू सदियोदेखि शोषणमा परेको कुरा थाहा पाउन थालेपछि, महिलाहरु माओवादी जनयुद्धमा बन्दुक बोकेर घर, व्यवहार, भान्सा परिवार, छोडेर पार्टी कमिटीमा आफ्नो भूमिका निर्वाह गरेका थिए । माओवादी जनयुद्धले विशेष गरी ग्रामीण भूभागमा रहेका महिलाहरु दालित, जनजाति महिलाहरु, उत्पीडनमा परेका महिलाहरु पहाडी, भूभागमा रहेका महिलाहरुलाई बढी मात्रमा अकर्षित  गरेको थियो (चन्द्र २०२२) । हिसिला यामी का अनुसार "महिलाहरुको दोहोरो शोषणको सामना गरिरहेका थिए । जसका कारण उनीहरुमा प्रतिरोधको क्षमता पनि दोब्बर थियो । माओवादीले त्यही दोब्बर क्षमता देखेर लडाकू दस्तामा महिलाहरुलाई सहभागिता गराएको थियो (थमी २०६३) ।

नेपालमा गृहयुद्धको समयमा महिलाहरुको संलग्नता वाक्लो रहेको थियो । नेपाल कम्युनिष्ट माओवादीले ४०% महिलाको सहभागिता रहेको दावी गरेको छ (शर्मा २०१९) । जनयुद्धको सबै भन्दा उल्लेखनीय पक्ष मध्यको एउटा ठूलो सङ्ख्यामा महिलाहरुको उपस्थिती हो । जनयुद्धको दशकमा महिला लडाकुको ठूलो सहभागिता रहेको थियो । सामन्तवाद समाजमा जहाँ महिलाहरु अधिकारिक रुपमा सैनिक थिएनन् । जहाँ महिलाले लड्न सक्दैन भन्ने धारणा थियो । त्यहाँ महिलाको सग्लनता ठूलो थियो । किन माओवादी आन्दोलनले यति

धेरै सङ्ख्या नेपाली महिलाहरुलाई आकर्षित गर्‍यो भने माओवादीको मुख्य श्रेय, लैङ्गिगिक एजेन्डा र महिला सशक्तिकरणको सम्भावना पनि रहेकोले (के.सी. र जिम्मा २०१८)।

पहिलो र दोस्रो विश्व युद्धमा विशेषत युरोपका महिलाहरु युद्धको पृष्ठभूमिमा बसेर नर्सको रुपमा, मोटर चालकको रुपमा तथा कोही औद्योगिक मजदुरको रुमपा काम गर्न थाले पहिलोचोटि ती महिलाहरु आ-आफ्ना निजी जिन्दगी छोडेर पुरुषहरुले सम्हाल्दै आएको काम तिनीहरुको अनुपास्थितीमा क्रियाशील हुन पाए । अर्कोतिर पहिलो र दोस्रो युद्ध र राष्ट्रिय युद्धमा त्यहाँका महिलाहरु सिधैँ हातहतियारको लैस भएर युद्धमा होमिएका उदाहरणहरु पनि पाइन्छन् । विशेषगरी भियतनाम, चीन, कोरियाको गृहयुद्धमा महिलाहरुको भूमिका उल्लेखनीय छ । दोस्रो युद्धपछि भएका गृहयुद्धहरु जस्तै निकारागुआ, एल साल्भाडोर पेरु, फिलिपिन्स, श्रीलंकाभित्र तालिम टाइगरले चलाएको गृहयुद्ध हुँदे नेपालमा चलेको जनयुद्धमा महिलाहरुको ठूलो सङ्ख्या सिधै योद्धाका रुपमा अगाडि बढ्दै छ । हाल विश्वमा चर्कदै गएको गुरिल्ला युद्धमा महिलाहरुको सहभागिता बढ्दै गइरहेको छ । जनयुद्धले सिधै प्रतिक्रियावादी सत्ताको विरुद्ध लक्षित छ र प्रतिक्रियावादी सत्ता नै वर्गीकरण शोषण र लिङ्गीय शोषणको प्रतिक हो । साथै जनयुद्धले शोषित महिलाहरुलाई भोलि बन्ने नौलो जनवाद अर्थात् समाजवादको सत्तामा साझेदार बनाउने नीति अपनाएको छ । परिप्रेक्षमा हालै नेपालमा सन् १९९६ बाट नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को नेतृत्वमा सुरु गरेको जनयुद्धमा महिलाहरुको बढ्दै गएको भूमिकालाई बुझ्नु जरुरी छ । तर यो बुझ्नको लागि नेपालभित्रको आर्थिक, सामाजिक र राजनैतिक संरचना र त्यसले गरेको शोषणबारे बुझ्न जरुरी हुन्छ (यमि २०६३)।

नेपालको सन्दर्भमा हेर्दा नालापानीको युद्ध देखि २००७, २०३६, २०४६ र २०६२/०६३ को जनआन्दोलनको क्रममा शुरुका दिन देखि नै महिलाहरु संघर्षमा सक्रिय रुपमा अग्रपक्तिमा भाग लिदै आएका थिए । नेपालको संविधान जारी भए पश्चात संवैधानिक व्यवस्था अन्तर्गत नेपालको राजनीतिक इतिहासमा पलिहो पटक राष्ट्र प्रमुखमा महिला राष्ट्रपति र व्यवस्था पिकास संसदको सभामुखमा पनि महिलाको प्रतिनिधित्व भएको छ । त्यस्तै गरी न्याय पालिकाको प्रमुखमा पनि महिला पुग्ने अवसर मिल्यो । नेपालको राजनीतिक इतिहासको अध्ययन गर्ने हो भने नेपाल एकिकरण होस वा राणा विरुद्धको

क्रान्ति, पञ्चायत विरोधी आन्दोलन, दस वर्षे जनयुद्ध एवम् गणतन्त्रको स्थापना लगायतका हरेक राजनीतिक परिवर्तनको लडाईमा महिलाहरुको उल्लेख्य मात्रामा योगदान रहेको छ ।

नेपालमा युद्धमा महिलाको सक्रिय सहभागिता १८ औँ शताब्दीको अन्त्य र १९ औँ शताब्दीको शुरुमा केन्द्रीकृत सामन्ती राज्य विस्तार अभियानका दिनहरुमा, विशेष गरी सन् १८१५ मा देहरादुनको नालापानीको लडाइमा देख्न सकिन्छ । यहाँ नेपाली महिला र बालबालिकाहरु सँगै थिए । त्यसैगरी सन् १९४७-५० मा विभिन्न राणा विरोधी राजनीतिक दलहरुद्वारा राणा विरोधी आन्दोलनमा महिलाहरु परिचालन भएका थिए । जसको परिणम सन् १९५० मा राणा शासनको अन्त्य भएको थियो । १९९० के प्रजातान्त्र आदोलनमा महिलाहरुले सक्रिय सहभागिता जनाएका थिए । ३० वर्षको निरकुंश राजतन्त्रको गैरदलीय पञ्चायत" शासन व्यवस्थालाई विस्थापित गर्दै राजतन्त्रात्मक संसदीय व्यवस्था । पद्यपि, त्यस्ता सबै आन्दोलनहरुमा संलग्न अधिकांश महिलाहरु जात राजनीतिक परिवारिक पृष्ठ भूमिबाट वा सहरी शिक्षित महिलाहरुबाट खिचिएका थिए र मुख्य रुपमा सहरी क्षेत्रमा आधारित थिए भने जनयुद्ध सुरु भएपछि मात्रै तल्लो तहका महिलाहरु, खासगरी ग्रामीण महिलाहरु परिचालन हुन थालेका थिए । तिनीहरु नै छापामार युद्धमा पेशेवर लडाकुहरु थिए (कार्की र सेडान २००३) ।

२०५२ जनयुद्धको घोषण गर्ने क्रममा १९ जनाको केन्द्रीय समिमा एक जना केन्द्रीय सदस्य महिला थिइन र पूर्णकालीन भएका करिब एक सयजना अगुवा कार्यकर्ताहरुमा एक दर्जनजति महिला थिए । जनयुद्ध घोषणा गर्न आयोजित विभिन्न प्रहरी चौकीहरुमा कारवाहीको क्रममै महिला सहभागिता भएका थिए । जनयुद्ध अघि बढ्दै जादा सरकारी दमन र माओवादीको योजना अनुसार युवाहरु दिन प्रतिदिन जनयुद्धमा लामबद्ध हुदै गए । खासगरी महिला र विद्यार्थी संगठनमा काम गरेका युवती पार्टीको योजनामा पूर्णकालीन हुन्थे । अन्य खासगरी पारिवारिक शोषणमा परेकाहरु थिए । कैयौ महिलाहरुले तिनका श्रीमान र परिवारिविरुद्ध विद्रोह गरे र जनयुद्धको प्रक्रियामा हेलिए । प्रहरी वा सेनाबाट हत्या गरिएका पुरुषका श्रीमती, अभिभावक वा दाजुभाइ गुमाएका महिला पनि आफ्ना मान्छेको हत्याको बदला लिन जनयुद्धमा सहभागि भए । यो अभियानका राजनीतिक रुपमा सचेत महिलाहरु मात्र होइन सबै भन्दा उत्पीडित क्षेत्रका जस्तै थारु तथा मधेसी, दलित एवम् जनजाति समुदायबाट पनि उल्लेख्य उत्साह र सहभागिता थियो (सापकोटा, २०६६) ।

माओवादी जनयुद्ध यति व्यापक विस्तार हुनु र महिलाहरुको सहभागिता सुनिश्चित हुनका लागि माओवादीप्रतिको वैज्ञानिक दृष्टिकोण, नीति र व्यवहार नै जिम्मेवार थियो । पूँजीवादीहरु जस्तो कम्युनिष्टहरु महिलालाई बस्तु र मनोरञ्जनको साधनका रुपमा व्यवहार गर्दैनन् बरु उनीहरुलाई जीवनका सबै आयामहरुमा समान हिस्सेदार ठान्छन् । माओवादीको यस्तै नीति मन पराएर शिक्षा, सम्पत्ति र अवसरको मौका छोडेर 'उत्पीडित जनताको मुक्तिको उद्देश्य बोकी सयौं हुने खाने परिवार र वर्गका युवती पनि जनयुद्धमा होमिए । माओवादी जनयुद्धमा सङ्कलन भएका महिलाहरुमा अधिकांश किशोरीहरु तथा युवती थिए । यसो हुनु किन पनि स्वभाविक थियो भने युवा नै बढी विद्रोही र परिवर्तमुखी हुन्छन् । त्यसैगरी विहेवारी गरेर घर बसाइकेका महिलाहरुलाई परिवार सन्तान छाडेर हिड्न त्यति सजिलो कुरा हुँदैन जति अविवाहित युवती वा किशोरीहरुलाई हुन्छ । जनयुद्धमा सहादन प्राप्त गरेका महिलाहरुको जीवनी समेटेर अखिल नेपाल महिला संघ (कान्तिकारी) ले २०६२ चैत्रमा प्रकाशित गरेको महिला सहिद गाथा नामका पुस्तक हेर्दा अधिकांश महिलाहरु वि.सं. ३० को दशकको उत्तरार्ध र ४० को पूर्वार्धमा जन्मिएका थिए जो १८ देखि २५ वर्ष भित्रका थिए (सापकोटा २०६६) । हिसिला यमी (२००७) ले आफ्नो पुस्तकमा भनिन्न । 'नेपालको विशिष्ट अवस्थामा, आत्मनिर्भर कृषक अर्थतन्त्रको मेरुदण्ड भएर पनि राज्यले गरेको घोर लापरवाहीका साथसाथै महिलाको सम्पत्ति न्यून हुने अवस्थाले जनमुक्ति सेनामा महिलाहरुको बाक्लो उपस्थिति रहेको छ । (पे १२१) , जनअन्दोलन २०६२/०६३ पछि जनयुद्ध समाप्त भई राजतन्त्र हतेर गणतन्त्र आउन सफल भयो । धर्मनिरपेक्षता भयो, संघीयता स्थापना भयो, समाजमा उत्पीडनमा परेका जति वर्ग लिङ्गहरुले आफ्नो दबिएको आवाज उठाएर बोलन पाउने अधिकार प्राप्त गरेका थिए । त्यसैको सकारात्मक नतिजा स्वरुप रोल्पा र रुकुमबाट ठूलो सङ्ख्यामा महिला लडाकुको सहभागित देखिएको थियो ।

सम्पूर्ण सामाजिक परिवर्तनहरु महिलाको सहभागिता विना सम्भव छैन् । रुसको सफल क्रान्तिको नेतृत्व गर्ने साम्यवादी नेता लेनिनले क्रान्तिको सफलता उक्ता क्रान्तिमा महिलाको कस्तो सहभागिता छ, त्यसले निर्धारण गर्छ भनेका थिए । लेनिनले भनेजस्तै नेपालको जनयुद्धको सफलताका पछाडि महिलाहरुको महत्वपूर्ण भूमिका थिया भन्ने यथार्थमा कमैको दुईमत हुन सक्दैन (यमी २०५७) । समाज परिवर्तनको लागि द्वन्द्व आवश्यक छ । द्वन्द्व पश्चात भएका हानिहरुको क्षतिपूर्ति र व्यवस्थापन गर्नु राज्यको कर्तवय हुन आउँछ ।

यदि त्यसो गरिदैन भने फेरी त्यहीबाट अर्को द्वन्द्वको सुरुवात हुन्छ जो आत्मद्धघाति र विश्वसकारी हुन सक्छ (लामा २०७६) ।

नेपालमा पनि विभिन्न पार्टीहरूले सुरूवातीका दिनमा सत्ता संग लढ्दा आफ्नै किसिमका जनमुक्ति सेना जस्तै जुझारू समूह गठन गरेको हामी भेटाउन सक्छौ । संसारका सबै लडाइँमा पक्ष र विपक्ष हुन्छ । न्यायोचित युद्ध र अन्यायी युद्ध हुन्छ । अन्यायको विरोधमा र न्यायको पक्षमा जनता लड्न थाल्छन् । देशभक्तहरू स्वतन्त्रता र मुक्तिको निम्ति लड्छन् । क्रान्तिकारीहरू प्रतिक्रान्तिको विरोधमा लड्छन् । तर त्यसै बेलामा हुतिहारा, आत्मसर्पणवादी र धोखेबाजहरू संघर्षको मैदानबाट भाग्छन र शत्रुसँग मिल्न जान्छन्, जनता र क्रान्तिलाई धोखा दिन्छन् । (१०६ क.माओ त्सेतुङग, संक्षिप्त जीवनी) ।

जनयुद्धको सुरूआत सँगै माओवादीको लडाकु दस्ता बनेको थियो ।जसले खासगरी फौजी क्षेत्र सम्हाल्थ्यो । तर सामन्यतया सबैजसो पूर्णकालीन नेता, कार्यकर्ताहरू फौजी कारबाहीमा संलग्न हुन्थे।प्रहारी चौकीमाथि ध्वंशात्मक कारबही साना-साना प्रहरी गस्ती माथि धराप थापेर आक्रमण, भरूवा बन्दुक, खोस्नेमा सबै जना भाग लिन्थे सुरूवाटी दीनमा २०५८ मा जनसेनाको गठन भयो जुन माओवादी जनयुद्धको अभिन्न अङग रह्यो।जनमुक्ति सेनामा प्रया युवायुवती नै बढी हुन्थ्यो । सबैको साझा सपना सामन्ती दासताबाट मुक्ति या मृत्यु नै थियो । (सापकोटा २०६६) ।

जन मुक्ति सेनामा भरपुर साहस र बलिदानीको सोच व्यापक भएको पाइन्छ जसको कारण युद्धको उठान र सञ्चालन हुन सक्यो ।माओत्सेतुङले क्रान्तिकारीहरूको बलिदनीको भावनाको बारेमा यसरी भनेका छन् क्रान्तिकारीहरूले सबै कुरा दस्तावेजहरूमा हस्ताक्षर गर्नुपर्दछ चाहे तिम्रो भागमा मृत्यु नै किन नपरोस।यही भावनालाई मानमा लिएर युद्धको समयमा जनमुक्ति सेनाले आफनो क्षमताले भ्यासम्म लाडेकै हुन।जनमुक्ति सेना जसरी हाम्रा नेपाली सेना र पुलिसहरू चौबीसौ घण्टा आफ्नो डियुटीमा हुन्छन पिटी खेल्छन् । त्यसरी नै जनमुक्ति सेना पनि क्रियाशिल रहेको कुरा हामी पढ्न पाउछौ । जनमुक्ति सेना लड्ने काम मात्रा गरेका थिएनन् । स्वअध्ययन, बहस छलफल, टिमको गतिविधिको समीक्षा गर्ने जनतासँग छलफलमा सरिक हुने, अक्रमणको योजना कमान्डरले बनाउने, जसरी प्रहारीको सिआईडी हुन्छ, त्यसरी नै जनमुक्ति सेनाको पनि जासुसहरू हुन्थे जसले दिउसो तथा राती अनिवार्य रूपमा प्रहारी र सेनाको क्याम्पहरूको रेक्की गर्ने

गर्दथे । पार्टीले आदेश दिएपछि  मात्रा क्याम्पहरूमा अक्रमण गर्दा थिए।जनमुक्ति सेनाले आफैले हातहतियार बनाउने, खाधान्नको व्यवस्थापन आफै गर्दा थिए।किसानहरूको घरमा गएर काम पनि गर्दथे । विभिन्न  समयमा फौजी तथा राजनीतिक शिविहरू सञ्चालन गरेर सैन्य तथा राजनीतिक क्षमताको वृद्धि गर्दाथे।नियमित रूपमा आफ्नो क्षमताको वृद्धि गर्दै उच्च अनुशासनमा रहेर जनताको सेवा र पार्टीको आदेश अनुसार  सेनासँग लडाइ गरेर जनमुक्ति सेनाले आफ्नो दिनचर्या विताउदथे (सापकोटा, २०६६) ।

## २.३ माओवादी लडाकुको व्यवस्थापन

वि.सं. २०६३ मङ्सिर ५ गतेको नेपाल सरकार र नेकपा माओवादी बीच भएको युद्धविरामलाई दीर्घकालीन शान्तिमा परिणत गर्नका लागि दुबै पक्षका प्रतिबद्धताका साथ नेपाल सरकारका तर्फबाट तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादीका तर्फबाट अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले हस्ताक्षार गरिएको सम्भौता हो । यसमा विशेष गरी नेपाली जनताले वि.सं. २००७ सालदेखि हालसम्म गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत प्राप्त लोकतन्त्र, शान्ति र अग्रगमन पक्षमा प्रकट गरेका जनादेशहरुलाई सम्मान गर्दै सात राजनैतिक दल र नेकपा माओवादीबीच सम्पन्न बाह्र बुदै समभ्रुदारी, आँठ बुढे सहमति पच्चीस बुदे आचारसहिता, शीर्ष नेताहरुबीच सम्पन्न महत्वपूर्ण बैठकहरु, संयुक्त राष्ट्रसंघलाई प्रेरित समानधारणको पत्राचार प्रति पूर्ण प्रतिबद्धतटाको पुनः पुष्टि गर्दै देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गिय समस्यालाई समाधान गर्न, राज्यको पुन : संरचना गर्ने संकल्प व्यक्त गरिएको थियो । (सापकोटा २०६६) । विस्तृत शान्ति सम्भौताले परिभाषित गरेको सङ्क्रमणकालीन उपायहरुमा संविधान सभाको विर्वाचन गराउने र संविधानासभाको पहिलो बैठकबाट राजतन्त्र उन्मुलनको घोषण गर्ने, नयाँ संविधानको तयारी, सत्य निरुपण तथा मेलमिलाप आयोग र द्वन्द्वका कारण वेपत्ता भएकाहरुको खोजी गर्ने आयोगलगायत संक्रमणकालीन न्याय सयन्त्रको स्थापना, राष्ट्रिय शान्ति तथा पुन : स्थापन आयोग लगायत सङ्क्रमणकालीन न्याय संयन्त्रको स्थापना राष्ट्रिय शान्ति तथा पुन : स्थापना आयोग र राज्यको पुन : संरचना आयोग लगायत विस्तृत शान्ति सम्भौता कार्यान्वयन संयन्त्र, निर्माण, स्थानीय र अन्तर्राष्ट्रिय संस्था तथा व्यक्तिहरुबाट मानव अधिकारको अनुगमन गर्ने व्यवस्था, नेपालस्थित, संयुक्त राष्ट्रसंघीय नियोग (अनमि) ले हातहतियार र सेनाको व्यवस्थापनको

अनुगमन गर्ने, आन्तरिक रुपले विस्थापितहरुको घर फिर्ता र कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने रहेका छन् ।

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत लोकतन्त्र शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै, सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारी, ८ बुँदे सहमति, नेपाल सरकार र नेकपा (माओवादी) बीच २५ बुँदे आचारसंहिता, २०६३ साल कार्तिक २२ गते सात राजनीतिक दल र नेकपा माओवादीका शीर्ष नेताहरुको बैठकका निर्णयहरु लगायत नेपाल सरकार र ने.क.पा. माओवादी बीच सम्पन्न सबै सम्झौता, सहमति, आचारसंहिता र संयुक्त राष्ट्र संघलाई प्रेषित समान धारणाको पत्रचारप्रति पूर्ण प्रतिवद्धताको पुनर्पुष्टि गर्दै, देशमा विद्यमान, वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुनसंरचना गर्ने संकल्प गर्दै, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानुनी, राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्यमान्यताप्रतिको पूर्ण प्रतिवद्धतालाई दोहोऱ्याउँदै, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिबद्ध रहँदै, स्वतन्त्र निष्पक्ष र भयमुक्त वातावरणमा संविधान सभाको निर्वाचनमा सहभागी हुन पाउने नेपाली जनताको आधारभूत अधिकारको प्रत्याभुति गर्दै, लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक, सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै, २०६४ साल जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रुपले संविधान सभाको निर्वाचन सम्पन्न गर्ने प्रतिवद्धतालाई कार्यान्वयन गर्ने दृढता व्यक्त गर्दै,

संविधान सभामार्फत नेपाली जनताको सार्वभौमसत्ताको सुनिश्चितता, अग्रगामी राजनीतिक विकास, राज्यको लोकतान्त्रिक पुनसंरचना र आर्थिक सामाजिक-सांस्कृतिक रुपान्तरण गर्न दुवै पक्षबीच भएको राजनीतिक सहमतिका आधारमा देशमा २०५२ सालदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गर्दै नेपाल सरकार र नेकपा (माओवाद) का बीच भएको युद्धविरामलाई दीर्घकालीन

शान्तिमा परिणत गर्ने प्रतिवद्धताका साथ नेपाल सरकार र नेकपा (माओवाद) का बीच विस्तृत शन्ति सम्झौता भयो ।

संविधान सभाको निर्वाचनलाई शान्तिपूर्ण निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रिक तथा पुन संरचना गर्न विगतमा भएका बाह्र बुँदे समझदारी, आठ बुँदे सहमति, पच्चीस बुँदे आचारसंहिता, संयुक्त राष्ट्र संघलाई पठाइएको पाँच बुँदे पत्र र कार्तिक २२ गते सम्पन्न शीर्ष नेताहरुको बैठकका निर्णयहरु अनुरुप निम्न कामहरु भए ।

२०६३ साल साउन २४ गते नेपाल सरकर र ने.क.पा. (माओवादी) को तर्फबाट संयुक्त राष्ट्र संघलाई पठाइएको पत्रमा व्यक्त प्रतिवद्धता अनुसार माओवादी सेनाका लडाकूहरु (Combatants) निम्नलिखित स्थानहरुमा अस्थायी शिविरहरु (Cantonments) निम्न लिखित रहने । संयुक्त राष्ट्र संघद्वारा उनीहरुको प्रमाणीकरण र अनुगमन गर्ने । मुख्य शिविरहरु निम्न स्थानहरुमा रहेका थिए । कैलाली, सुर्खेत, रोल्पा, नवलपरासी, चितवन, सिन्धुली र इलाम) मुख्य शिविरहरु वरिपरि ३/३ वटाका दरले सहायक शिविरहरु थिए ।

माओवादी सेनाका लडाकूहरु शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हातहतियार र गोलीगठ्ठा बाहेक अन्य सबै हतियारहरु शिविर भित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा स्रंयुक्त राष्ट्र संघको निगरानीका लागि उसको रेकर्ड, साइरन सहितको संयन्त्र (Device) सम्मिलित गर्ने, भण्डारण गरिएका हातहतियारहरुको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्र संघले सम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक वितरण संयुक्त राष्ट्र संघ, ने.क.पा. (माओवादी) र नेपाल सरकारको सहमतिले तयार गरिएको थियो । माओवादी सेनाका लडाकुहरु अस्थायी शिविरमा बसिसकेपछि उनीहरुको रासनपानी लगायत अन्य आवश्यकता व्यवस्था नेपाल सरकारले गर्ने, माओवादी सेनाका लडाकूहरुको रेखदेख, समायोजन र पुनस्थापना अन्तरिम मन्त्रीपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने, माओवादी नेताहरुको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने,

संयुक्त राष्ट्र संघलाई प्रेषित पत्रमा व्यक्त प्रतिवद्धता अनुसार नेपाली सेना व्यारेकभित्र सीमित रहने, त्यस हतियारहरु कसैको पनि पक्षमा विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभिुति गर्ने । माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरु सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्र संघको निगरानीको लागि उसको रेकर्ड साइरन सहितको संयन्त्र (Device) सम्मिलित गर्ने भण्डारण गरिएका हातहतियारहरुको आवश्यक जाँच गर्नु पर्दा संयुक्त राष्ट्र संघले सम्बन्धित पक्षको रोहवरमा गर्ने क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक वितरण संयुक्त राष्ट्र संघ, नेपाल सरकार र ने.क.पा. (माओवादी) को सहमतिले तयार गर्ने । नेपाली सेनाको नियन्त्रणा परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐन बमोजिम मन्त्रिपरिषद्ले गर्ने । अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समितिसमेतको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रिकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने । यसअन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानव अधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरु गर्ने नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, बैंक, विमानस्थल, विद्युतगृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, विशिष्ट व्यक्तिहरुको सुरक्षा लगायतका कामहरुलाई निरन्तरता दिने भनेर सम्झौतामा लेखिएको छ ।

बाह्रबुँदे सहमति अनुरूप माओवादीहरू शान्ति प्रिक्रयामा अए पश्चात् पूर्व लडाकूहरूलाई नेपाली सेनामा समायोजन प्रिक्रया सुरू गरिएको थियो । उक्त प्रिक्रया सम्पन्न गर्ने क्रममा अनमिनले प्रमाणीकरण गरेका १९ हजार ६०२ लडाकु मध्य १५हजार ६३० जना लडाकु स्वेच्छिक अवकनश रोजेघर फर्किए भने १हजार ४२२ जना नेपाली सेनामा समायोजन भए । शुरू देखि उक्त प्रक्रिया पूरा गर्न छ वर्ष लागेको र उक्त प्रक्रिया मा रू १९ अर्व ७१ करो ५२ लाख ६८ हजार ३९८ खर्च भएको थियो । अनमिनले प्रमारणीकरण गरेका १९ हजार ६०१ लडाकुलाई रेखदेख पुनर्स्थापन तथा समयोजन विशेष समितिले पुनः वर्गीकरण गर्दा २हजार ४५६ लडाकु अनुपस्थित भेटिएका थिए । क्यान्टोनमेन्टमा नरहेका उनीहरूको नाममा गएको करीब रू.४ अर्व रकम हिनमिना गरेको आरोप एमाओवादी र क्यान्टोनमेन्टमको लडाकु नेतृत्वलाई लाग्ने गरेको छ । (२०६३)

सेना समायोजन शान्ति सम्झौताको एक महत्त्वपूर्ण अंग मानिन्छ । करिब १४५० जना सेनामा समयोजन भएपछि नै त्यो कार्य टुंगिएको थियो । ७१ जनालाई पदोन्नति गरिएको थियो । पूर्व लडाकुहरू मध्ये एकजना कर्णेल, दुई जना लेफ्टिनेन्ट कर्णेल, १३ मेजर, ३० क्याप्टेन र २५ लेफ्टिनेन्ट रहने व्यवस्था गरिएको थियो (सम्पादक, २०७०) । पूर्व रथी बालानन्द शर्मा भन्छन् १९ हजार ६०२ पूर्व लडाकु बाहेक अन्य राज्यबाट उपलब्ध गराइएका अवसरबाट वाञ्चित भएका थिए (BBC News, 2021, Feb 19) । नेपाली सेनाको तालिम छाड्न चाहने पूर्व लडाकुहरूलाई जनही २ लाख ५५ हजार रूपैया दिएर विदाई गरिएको थियो । (BBC News2013, Apr 12)

क्रान्तिमा महिला सहभागीताले समग्र क्रान्तिको सफलता, असफलताको निर्धारण गर्छ भन्ने लेनिनवादी मान्यता अनुसार माओवादीमा पनि महिलाको सहभागीता बढी थियो । हिसिला यमी का अनुसार महिलाहरू दोहोरो शोषणमा परेका कारण प्रतिरोध क्षमता पनि दोब्बर थियो । लडाइमा पनि पुरूषहरूको तुलनामा महिलाहरू बढी समय खतेको रेकड पनि छ ।

सुरुमा केन्द्रीय समिति चयन हुदा हिसील यमी एक मात्र महिला थिइन्, पुर्वको तुलनामा पश्चिमी क्षेत्रका महिलाहरूको सहभागीता बढी थियो । युद्धको समयमा माओवादीले मुलुकको ग्रामीण भेगमा वर्गसंघर्षको अभ्यास थालेदेखि नै महिलाहरू सहभागी भएका थिए । २०५७ सालमा गोरखा सदारमुकाम कारागारमा बन्दी बनाइएका ६ जना महिला जेलभित्रबाट सुरूङ खनेर बहिरिएका थिए । माओवादी जनयुद्धको सुरूवाती सफल आक्रमणमा रामेछापको वेथन प्रहरी चौकी आक्रमणमा मारिएका तीन माओवादी मध्ये एक महिला (दिलमाया तामाङ ) थिइन । माओवादी जनमुक्ति सेना कमला रोकाका अनुसार, २०६३ सम्म पुग्दा जनमुक्ति सेनामा महिलाको संख्या ४०% थियो । थोमस ए मार्कस लेख्छन्, महिनावारी र गर्भवती हुदा पनि उनिहरूलाई विशेष सुविधा थिएन (चन्द, २०७५) ।

पुरूष कति लडाकु थिए भनेर एकिन नभएपनि किताब र लेखहरूमा मगर, दालित, थारू बढी जनमुक्ति सेनामा भएको देखिन्छ । (सागर चन्द, छापमारको छोरो) । हिसिला यमीले लेखेकी छन्, माओवादी सशस्त्र संघर्षमा ठुलो संख्यामा महिला सहभागी भए पनि नेतृत्व तहमा महिला पुऱ्याउन नसक्नु माओवादीको ठुलो कमजोरी र भुल थियो । एक

पाकेट चाउचाउ र पानीको भरमा गोलस्टार जुत्ता लगाएर युद्ध लडेका लडाकुहरूको हिर्दय सफा नै थियो तर त्यसलाई गलत ठाउँमा प्रयोग गरेर आफ्नो दुनो सोझ्याउनेहरू प्रगतिशील विचारलाई हतोत्साहित बनाएर कम्युनिस्ट आन्दोलनलाई नै बदनाम गरेका छन् (online Majdoor, 2022, April 9) ।

पूर्व लडाकुहरूलाई गठबन्धन हुदा एक ठाउमा सगठित गर्ने कुरा गर्ने, गठबन्धन फुटडा पूर्व लडाकुहरूलाई आफुतिर लैजाने प्रवृद्धि  पनि देखिन्छ  । युद्धकालमा पनि प्रयोग भए अहिले पनि नेताहरूले पूर्वलडाकुहरू लाई प्रयोग गरेर सत्ता हातमा लिएको देखिन्छ । सत्तामा भएपछि पूर्व लडाकुहरूको लागि  केही नगर्ने, नेता  जब कुर्सी खातरामा पर्छ । अनि पूर्व लडाकुहरूलाई विभिन्न  किसिमको प्रलोभन देखाएर आफुतिर तन्ने प्रयास गरेको देखिन्छ । राजनीतिक  सङकटको अवस्थामा जनमुक्ति सेनालाई सबै पक्षले स्मरण गर्नुलाई अन्यथा मान्नु पर्दैन । परिवर्तनको संवाहक भएकोले सम्भिनु सही हो तर प्रयोग गर्नु नराम्रो कुरा हो ।

२०६३ सालमा शान्ति सम्झौता गरेपछि साम्य भएको माओवादी सशस्त्र संघर्षमा सामेल महिला लडाकुहरू जुनअवस्थाबाट युद्धमा सामेल भएका थिए, अहिले त्यो भन्दा पनि कमजोर अवस्थामा पुगेका छन् । ग्रामीण र सहरमा भएको परिवर्तन, खाध्य सुरक्षा, सहरी वातावरण, विकासमा नेपालका घरधुरीमा विश्वव्यापीकरणको प्रभाव परेको छ (अधिकारी २००८) । अहिलेको समयमा एउटा व्यक्तिमात्र गरीब नभएर समूह नै गरीब देखिन्छ । किन कि समाज विभिन्न समुहमा विभजीत छ । समाजमा विभिन्न पर्खालहरूको निर्माण भएको छ । सूक्ष्म तहले मानिसको गतिशीलतालाई हेर्ने हो भने प्रजतन्त्रको उदयले श्रम गतिशीलता ल्याएको देखिन्छ । ठुलो मात्रामा श्रमीकहरू ग्रामिण क्षेत्रबाट शहर तिर अकर्षित हुने क्रम जारी छ (मिश्र ) । प्रथम विश्वयुद्धपछि संसारमा धेरै परिवर्तन भएको छ । श्रम, स्रोत, उत्पादन, आधुनिकता, वातावरण र पर्यवरणमा समस्य अएको छ । संसारको समस्य नै गरीबी हो । (सेन फ्रेयङक १९९८) ।

## २.	जीविकोपार्जनको समाजशास्त्रीय अध्ययन

जीवन धान्नका लागि गरिने काम, पेसा वा कमाइलाई जीविकोपार्जन भनिन्छ । जीविकोपार्जनले क्षमता तथा सीप, पूँजी (भौतिक र सामाजिक) क्रियाकलापको

परिचालनलाई बुझाउँछ जसबाट आयआर्जन भई जीवानयापन गर्ने आधार प्राप्त हुन्छ । मानिसले उसको वर्तमान तथा भविष्यमा आइपर्ने दायित्व तथा विपत्तिलाई वहन गर्न प्राकृतिक स्रोतको उचित र व्यवस्थित प्रयोग गर्न सक्नु पर्छ । तबमात्र उसको जीविकोपार्जन सफल हुन्छ । जीविकोपार्जन तब मात्र दिगो हुन सक्दछ जब हाम्रो आय आर्जनको क्षमता अभिवृद्धि गर्नका लागि विविध साधन स्रोतहरु जस्तै ऊर्जा, प्रविधि, प्राकृतिक र आर्थिक स्रोतलाई हामीले उचित रुपमा परिचालन तथा व्यवस्थापन गर्न सक्छौँ ।

हामीले भौगोलिक परिस्थितिअनुसार विभिन्न नवीकरणीय ऊर्जाहरु जस्तै सौर्य चुलो, सौर्य विद्युत, बायोग्यास, सुधारिएको चुल्हो, सोलार टुकी, ढिकी, साइकल पम्प वायू ऊर्जा, आदिको प्रयोग गर्न सक्छौँ । यस्ता नवीकरणीय ऊर्जाको सदुपयोगले हाम्रो दैनिक जीवनलाई सहज बनाउने, स्वस्थ रहनलाई मद्दत गर्ने, आम्दानी बढाउने, वातावरणीय सुधार हुने, समयको वचत हुने आदि फाइदाहरु हुन्छन् । यस्ता नवीकरणीय ऊर्जाहरुको बारेमा समुदायका सबै व्यक्तिहरुलाई जानकारी हुनु आवश्यक हुन्छ । सहज र उन्नत जीविकोपार्जनका लागि कृषि व्यवसायलाई विविधीकरण गरेर आम्दानी बढाउन सकिन्छ ।

हाम्रो समाजमा जीविकोपार्जनको तरिका र स्रोत समयअनुनार परिवर्तन भएको छ । समयको मागसँगै मानिसका आवश्यकताहरू पनि परिवर्तन भएका छन् । विविधीकरणले या जीविकोपार्जन सम्बन्धी गतिविधिहरूको बढ्दो बहुलताले परम्परागत ग्रामीण क्षेत्रहरूमा भएको कृषिलाई ग्रामीण वा शहरी स्थानम गैर परम्परागत गतिविधिहरूमा सर्दै जाने प्रक्रियालाई जनाउँछ । जब यसमा जीविकोपार्जनको स्थान सार्न वा अन्य आन्तरिक आर्थिक गुणस्तर पनि समवेश हुन्छ, हामी यसलाई अनुकूलत भन्न सक्छौँ । कुनै पनि व्यक्तिले आर्थिक जीविकोपार्जन गतिविधिमा कसरी भाग लिन्छ भनेर थप व्याख्या चाहिन्छ । उसले उत्पादनका साधनहरूको मालिक र नियन्त्रकको रूपमा काम  गर्ने र सबै जोखिम वहन गर्ने आर्थिक गतिविधिमा संलग्न हुन सक्छ वा अर्को चरणमा बेरोजगार हुन सक्छ ।"

प्रो. मधुसुदन सुवेदीका अनुसार नेपाली समाजको आर्थिक र सामाजिक सम्बन्धमा परिवर्तन भएको छ । बजारले जीविकोपार्जनका विकल्पहरू उपलब्ध गराएर छनोट गर्ने अवसर प्रदान गरेको छ । जीविकोपार्जनमा आएको विधीकरण, विशेषगरी गैर कृषिसँग जोडिएका कामहरूको महत्त्व पछिल्ला वर्षहरूमा बढिरहेको देखिन्छ । कृषि क्षेत्रमा स्थानीय ज्याला मजदुरी बढे पनि कृषि क्षेत्र नै गरिबीबाट मुक्त हुने बाटो भने होइन । जातिय र

वंशानुगत पेशाहरू बीचको सम्बन्ध पहिलेको भन्दा कम महत्त्वपूर्ण बन्दै गएको छ र शक्तिसंजालका आधारहरूमा पनि महत्त्वपूर्ण परिवर्तन भएको छ । वर्गीय चेतना बढेको छ र जातीय चेतनामा आधारित विभेदमा कमी आएको छ ।" (सुवेदी, २०१४) ।

त्यस्तै अर्को सन्दर्भमा काठमाडौं छेउछाउका कृषिप्रधान परिवारहरू बीचको जीविकोपार्जनमा आएको परिवर्तनको बारेमा गरिएको अध्ययनमा कृषिप्रधान ग्रामीण परिवेशमा पूँजीवादको विस्तार र नगद आम्दानी सँगसँगै वर्ग विशिष्ट व्यवहार र सम्बन्धहरूलाई व्यापक रूपमा अँगाले पुग्छ ।"

अर्को एक अध्ययनका अनुसार वर्तमान समयमा प्राकृतिक र आर्थिक पूँजीमा पहुँच पुऱ्याउने दुई महत्त्वपूर्ण कारकहरू भनेको खेती गरिएको जमिनको आकार र पशुपालन हुन् जसले तत्काललाई कृषिबाट गैर कृषि गतिविधिहरूमा जीविकोपार्जनलाई जानबाट रोकिराखेको छ ।

विशेष गरेर विकासोन्मुख देशका गरिब जनताहरुको जीवनशैली पूर्णतया प्राकृतिक स्रोतमा निर्भर रहेको हुन्छ । उनीहरु प्राकृतिक स्रोतको प्रयोग गरेर जीवननिर्वाह गरिरहेका हुन्छन् । उनीहरुसँग प्राकृतिक स्रोतको प्रयोग गर्नु बाहेक अरु कुनै विकल्प हुँदैन । आफू सँग सिपको अभाव, शिक्षाको कमी, मानसिक चेतनाको अभाव, परम्परागत संरचना तथा सरकारको नीति तथा कार्यक्रममा नपर्नु र सहभागी नहुनु जस्ता कारणले गर्दा उनीहरुको जीवनशैली निकै नै प्रभावित भएको छ । त्यसैले नेपालको सन्दर्भमा पछाडी परेका, पारिएका जाति, वर्ग समुदायको जीवनशैली सुधारको लागि क्षमतामा आधारित विकास पद्धति, विकासोन्मुख जीविकोपार्जनका रणनीति अपनाउनु पर्ने देखिन्छ (Lienert and Buger, २०१५)।

क्षमताका आधारित विकास पद्धति नेपाल लगायत अन्य विकासोन्मुख देशका लागि अति नै सान्दर्भिक रहेको छ । यस पद्धतिबाट पछाडी परेको पारिएका सबै वर्ग, जाती, समुदायलाई समावेश गरी उनीहरुको क्षमता पहिचान नीति कार्यक्रम योजना तर्जुमा गरिन्छ । यो पद्धतिसमाजको सूक्ष्म अध्ययन अनुसन्धानबाट समाजका अति विपन्न तथा आर्थिक तवरले कमजोर सिप विहिनको पहिचान गरी कार्यक्रमको योजना तर्जुमा गरिन्छ

जसले गर्दा प्राप्त नतिजा दिगो तथा कार्यक्रममा समावेश भएका वर्ग र समुदायको जीवनशैलीमा सुधार ल्याउँदछ (Alkire 2008).

विकास र परिवर्तनको लागि सामुदायिक सहभागिता, स्थानीय निकाय र नागरिक समाज बिच सहकार्य, सामुहिक कार्यकलाप र समन्वय जस्ता पक्षहरुको आवश्यकता पर्दछ । विकासले समाजको धेरै अवस्थालाई परिवर्तन गर्दछ र परिवर्तनको लागि शिक्षा, राजनीति, सिप जस्ता मानवीय पक्षहरुको विकास गर्न जरुरी हुन्छ । साथै परिवर्तनको लागि सामाजिक न्याय, समाजमा समताको विकास हुनु नितान्त आवश्यक पर्दछ (Veron, २००१) ।

मानिसहरूले आफ्नो जीवनलाई समज र सुलभ बनाउनको लागि विभिन्न रणनीतिहरू अपनाइएको देख्न सकिन्छ । पहिले खाईखेतीमा मात्र सीमित मानिसहरू हाल व्यवसायिक तरिकाबाट नाफाको लागि खेती गर्दछन् । वनलाई विभिन्न तरिकाबाट उपयोग गरेको देख्न सकिन्छ । वनबाट घाँस दाउरा मात्र हैन जडीबुटी, फलफूल संकलन र वनमा अदुवा बेसार खेती गरेर पनि जीविकोपार्जन गरेका छन् । नेपालको जीविकोपार्जनको प्रमुख आधार वैदेशिक रोजगार भएको छ । पूर्वलडाकुहरू पनि यही समाजको अंग हुन् तिनीहरूले पनि आफ्नो जीवन सञ्चालन गर्नका लागि कृषि, ज्यालादारी, व्यापार, व्यवसायिक तरकारी खेती वैदेशिक रोजगारी पढेलेखेका र राजनीतिक रूपमा सतेनहरू गाउँपालिका नगरपालिका विभिन्न पदमा रहेर जनप्रतिनिधिको रूपमा काम गरिरहेका छन् ।

हान (२०००) का अनुसार प्रवासनलाई व्यक्ति, घरधुरी वा समुदायले आफ्नो जीविकोपार्जन वा जीविकालाई माथि उकास्ने उद्देश्यले अवलम्बन गर्ने एउटा रणनीतिक रूपमा बुझ्नुपर्छ । इतिहासका विभिन्न कालखण्डमा भएका प्रवासनका घटनाहरूले पनि प्रवासन जीविकोपार्जनमा सुधार ल्याउने उद्देश्यले गरिने सामाजिक परिघटना हो भन्ने तथ्य प्रमाअणित गरेका छन् ।

विभिन्न क्षेत्रका नागरिकहरू कामको खोजी गर्न, बढी आय आर्जन गर्न र अधिकतम अवसरहरू हासिल गरी जीविकोपार्जनमा सुधार ल्याउन आन्तरिक एवम् बाह्य रूपबाट प्रवासित भइरहन्छन् । प्रवासनको प्रत्यक्ष सम्बन्ध जनजीविकासँग जोडिएको हुन्छ । आर्थिक, सामाजिक र व्यवसायिक रूपबाट जीवनस्तर माथि उकास्नका लागि नै व्यक्तिले बसी आएको ठाउँ छोडी आन्तरिक वा बाह्य, स्थायी वा अस्थायी बसोबास गर्न प्रवासनमा जाने

भएकाले प्रवासन र जीविकोपार्जन बीच अत्यन्तै निकट सम्बन्ध हुन्छ (Haus, Heinde (2007) ।

वर्तमान समयमा जीविकोपार्जनका लागि मानिसहरू प्रवासमा जाने प्रवृत्ति बढ्दो छ । आपतकालीन मानवीय सेवाका अतिरिक्त आन्तरिक पारिवारिक गरिबीको न्यूनीकरणजस्ता समस्याका सन्दर्भमा वैदेशिक रोजगारबाट पठाइएको विप्रेषणले ठूलो राहत पुऱ्याएको छ । विश्व बैंकले समेत प्रवासीहरूबाट पठाएको विप्रेषणले अल्पविकसित देशका नागरिकहरूको जीविकोपार्जनमा निकै सुधार ल्याइसकेको तथ्य स्वीकार गरिसकेको छ ।

नेपाल भौगोलिक एवम् सामाजिक सांस्कृतिक विविधताले भरिपूर्ण भएको मुलुक हो । नेपालको सामाजिक, आर्थिक र राजनीतिक जीवनमा शताव्दीऔँ देखि कृषिले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । ग्रामीण नेपालमा कृषि आशा र  गौरवको प्रतीक हो ।

एउटा गाउँले उसको जीवन निर्वाहका लागि जमिनसँग बाँधिएको हुन्छ । कृषि सामाजिक संरचना ग्रामीण समाजशास्त्रको केन्द्रविन्दु हो (CBS 2072)

कृषि गणना २०७८ अनुसार ६२ प्रतिशत जनता कृषि संलग्न भएको मुलुकमा गरिबी घटाउन र ग्रामीण क्षेत्रमा जनताको जीवनस्तरमा सुधार ल्याउन यस क्षेत्रको विकास अपरिहार्य छ । जाइकाले सन् १९७० मा नेपालको चितवन जिल्लाको राप्ती कृषि प्रयोगशालामा जाइका स्वयंसेवकको पहिलो समूहका तीन जना सदस्यलाई पठाइएको थियो । त्यसयता सयौँ स्वयंसेवकहरुले कृषि गतिविधि, सहकारी संघ संस्थाहरुमा आफ्ना प्राविधिक सहयोग उपलब्ध गराउन कडा मेहनत गरेका छन् । जाइका स्वयंसेवक कार्यक्रमको कृषि तथा ग्रामीण विकासको लक्ष्य नगदेवाली, पशुपंक्षी तथा अन्य उत्पादनहरु खाद्य उत्पादनलाई स्थिर गरी खाद्य सुरक्षा सुनिश्चितता अभिवृद्धि गर्नु र मानव संसाधनको विकास र सशक्तीकरणबाट प्रशासनिक किसान  संगठनहरुलाई सुदृढ  गर्नु हो । यस क्षेत्रमा जाइका स्वयंसेवकहरुको केही योगदानहरुमा सुरुङ (टनेल) खेती प्रणाली मार्फत बेमौसमी तरकारीहरु, नियमित खाद्य वस्तुहरु जस्तै तोफु, मिसो, सोया, ट्राउट माछा, जुनार, च्याउ, हलुवावेद, नासपाती आदि हुन् जाइका स्वयंसेवकहरुले यसरी किसानहरुको क्षमता विकासलाई दिगो बनाउन ध्यान केन्द्रित गरेर जीविकोपार्जनलाई सहज बनाउँदैछन् (JICA) https://www.jica:go.jp>office (pdf)

नेपालको जातीय हिंसा एवम् जातीय असमानताहरू भोग्दै आउनु परेको छ भने अर्कोतर्फ पितृसत्तात्मक समाज र पारिवारिक संरचनाले लैङ्गिक असमानताको समेत शिकार हुनु परेको कुरा उल्लेख गरेकी छिन् । पश्चिम नेपालको बझाङ जिल्लाको भला गाउँमा क्षेत्र कार्य गरी त्यस क्षेत्रका दलित महिलाहरूको अवस्थालाई ऐतिहासिक जातीय र लैङ्गिक संरचनासँगै वर्तमान आधुनिकीकरणको प्रक्रियाले जीविकोपार्जनमा ल्याएको परिवर्तनको बारेमा प्रस्ट पारेकी छन् । भलरा गाउँमा सङ्ख्याको आधारमा तल्लो जातिहरू धेरै भएपनि जातीय असमानताले उनीहरूको सामाजिक आर्थिक एवम् सांस्कृतिक हैसियत न्यून रहेको देखिन्छ । बढ्दो सहरीकरण, आधुनिकीकरण, विश्वव्यापीकरण, औद्योगिकरण एवम् विकास कार्यक्रमहरूको विस्तारले भलराका दलित महिलाहरूको जीविोपार्जनमा विस्तारै परिवर्तन भएको देख्न सकिन्छ । भलरा गाउँका तल्लो जातीय समुदायका महिलाहरू मुख्य गरी तिन उत्पादनशील कार्यहरूमासहभागी हुँदै आएको कुरा उल्लेख गरिएको छ । कृषि उत्पादन, यान्त्रिक वस्तु उत्पादन रीति भाग्य प्रणाली भन्नाले उच्च र तल्लो जातीय समुदायहरूले व्यक्तिगत र पारिवारिक सम्बन्ध स्थापित गरी श्रम सम्बन्धको व्यवस्था वा सम्झौता भनौ । तल्लो जातिका मानिसहरूले वर्षौदेखि आफ्नो हाते सिपको प्रयोग गर्दै छालाका जुत्ता, लुगा, माटाका भाँडाकुडा, सुनचाँदीका  गरगहना, बाँसको बास्केट र फलामे औजारहरू बनाउँदै आएका थिए ।

पछिल्लो पाँच दशकमा उनीहरूको परम्परावादी पेशा भूमिकामा विस्तारै परिवर्तन आएको कुरा उल्लेख गरिएको छ । परिवर्तन ल्याउने प्रमुख कारक तत्वहरूमा भूमिको स्वामित्व पुरुष बसाइँसराइ, आय उत्पादित आयसँगको प्रतिस्पर्धा र कच्चा पदार्थको ढुवानीमा कमी, महिला व्यवहारका लागि मूल्यमा कमी हुनु, बाहिरीयताको प्रभाव, नेपालको ग्रामीण भेगका हिन्दु संरचनामा मानिसहरूको कामको विभाजन र जातीय व्यवस्थामा तल्लो स्तरमा रहेका महिलाहरूको स्थिति र हैसियतलाई लैङ्गिक जाति भूस्वामित्वले निर्धारण गरेको देखिन्छ । यी सब कुरा हेर्दा जीविकोपार्जनमा जात, धर्म, क्षेत्र, राज्यव्यवस्था, संस्कृति, स्रोत साधन, भूगोल, वातावरण, व्यक्ति समाज र शिक्षाको स्तरले पनि प्रभाव पर्छ भनेर भन्न सकिन्छ ।

## निष्कर्ष

जनयुद्धले ल्याएको परिवर्तनको बारेमा विभिन्न अध्ययनहरु, लेख, रचनाहरु पाउन सकिन्छ तर जनयुद्ध लड्ने पूर्वलडाकुहरुको बारेमा कसैले काही पनि लेखेको पाइन्दैन । पूर्वलडाकुहरुको जीवन कतिको गह्रो छ । हाल कुन-कुन पेश व्यवसायीमा संलग्न छन् । पूर्वलडाकुहरुको जीविकोपार्जनको अवस्था र समस्याहरु के के हुन् । माओवादी जनयुद्धको ल्याएको परिवर्तन कतिको दीर्घकालीन भयो भनेर खासै खोज गरिएको छैन त्यसैले मेरो अध्ययनको मुख्य उद्देश्य यी कुराहरु पत्ता लगाउनु रहेको छ ।

# अध्याय ३

## अनुसन्धान विधि

यस अध्ययनमा अनुसन्धानका क्रममा प्रयोग गरिएका विधि प्रविधिहरूको वर्णन गरिएको छ । अध्ययन क्षेत्र कहाँ हो र त्यो स्थान किन छानिएको हो ? अध्ययन क्षेत्रको समग्र कुन हो र नमुना छनौट कसरी गरियो ? अध्ययनमा कस्ता कस्ता तथ्यांकको प्रयोग गरिएको छ र ती कसरी संकलन गरिएका थिए ? आदिका बारेमा स्पष्ट पर्ने प्रयास गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा यस उद्देश्यमा मानिसहरु के कारण जन्मुक्ति सेना बने र प्रभावको खोजी गर्दा गुणात्मक तथा व्याख्यात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । सामाजिक घटनाहरुको अध्ययन अनुसन्धान र व्याख्या गर्न सम्बन्धित व्यक्तिका विचार, भावना दृष्टिकोण, भोगाइ अनुभवका माध्यमबाट खोज गर्ने तरिकालाई गुणात्मक अनुसन्धान विधि भनिन्छ । सामाजिक घटनाहरु वा विषयहरु जसको अध्ययन गर्दा गुणात्मक प्रकृतिका तथ्याङ्कहरु सङ्कलन र विश्लेषणमा यो विधिको प्रयोग गरिन्छ । यो विधिको प्रयोग गरेर यस अध्ययनमा जनमुक्ति सेनाहरुको जीविकोपार्जनका तरिकाहरु बारेमा सुचना सङ्कलन गर्ने प्रयत्न गरिएको छ । पूर्वलडाकुहरुको हाल कसरी जनजीविका चालिरहेको छ । अन्वेषणात्मक विधि प्रयोग गरी खोजी गरिएको छ । प्राप्त तथ्याङ्कका आधारमा व्याख्या गरी निष्कर्ष निकालिएको छ ।

### ३.२ अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययन क्षेत्र १० वर्षे युद्धको उद्‌गम स्थाल भएकोले, पुर्वलडाकुहरूको बाहुल्यता रहेको छ । प्रत्यक्ष अवलोकन विधि द्वारा तथ्यांक संकलन गर्न सहज हुने भएकोले यस क्षेत्र उपुक्त हुने भएकोले छनौट गरिएको छ ।

### ३.३ अध्ययनको समग्र र नमुना छनोट विधि

नमुना भनेको जनसंख्या वा समग्रताबाट छानिएको अंश हो । मैले सम्भावनायुक्त नमुना छनोट विधिको प्रयोग गरेको छु । जसमा जनसंख्याका प्रत्येक तत्वको छनोट हुने

उत्तिकै सम्भनावना हुन्छ । यस अध्ययनको समग्रमा पूर्वी रूकुमको भूमे र सिस्ने गाउँपालिकामा अनि रोल्पाको थबाङ र सुनछाहरी गाउँपालिकामा रहेका ३६ जना, २५ पुरुष र ११ जना महिला पूर्वलडाकुहरूलाई समेटिएको छ । अध्ययनमा तथ्याङ्कको स्रोत प्राथमिक र द्वितीय दुबै प्रकारका छन् । प्राथमिक तथ्याङ्कहरु अध्ययन क्षेत्रमा पुगि अन्तर्वार्ता, अवलोकन र वैयक्तिगत अध्ययन गरिएको छ । द्वितीय तथ्याङ्कहरुमा माओवादी सशास्त्र द्वन्द्व तथा यससँग सम्बन्धित साहित्यहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरको प्रकाशित र अप्रकाशित प्रतिवेदनहरु, लेख, रचना, पत्रपत्रिकामा छापिएका समाचार पुस्तक, जीवन इतिहास र इन्टरनेटबाट प्राप्त गरिएको सामग्रीलाई प्रयोग गरिएको छु । तथ्याङ्कको प्रकृति गुणात्मक किसिमको रहेको ङ्कको प्रकृति गुणात्मक किसिमको रहेको ।

## ३.४ तथ्याङ्क संकलन विधि

यस अध्ययनमा प्राथमिक तथ्यांक प्राप्त गर्नका लागि मुख्य रूपमा अन्तर्वाता विधिको प्रयोग गरिएको छ । जसका लागि अन्तर्वार्ता अनुसुचीको प्रयोग गरिएको छ । अन्तर्वार्ता अनुसुचीमा किन पुर्व लाडकुहरू युद्धमा होमिएका थिए । लडाकु बन्नको लागि के कुराले प्रेरित गरेको छ । युद्धबाट पुर्व लडाकुहरूले के कुरा प्राप्त गरे र के कुरा गुमाएका छन । तिनिहरूको जनजिविन कसरी चलिरहेको छ । आर्थिक र सामाजिक अवस्था कस्तो छ । पुर्व लडाकुहरूको उमेर, लिङ्ग, जात, पेसा, व्यवसाय, रोजगरी शैक्षिक स्थितिका बारेमा तथ्यांक संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत यस अध्ययनमा निम्न विधिको प्रयोग गरिएको छ ।

### (क) अन्तर्वार्ता

### १. गहन अन्तर्वार्ता

अन्तरवार्ता तथ्याङ्क सङ्कलनको एउटा महत्वपूर्ण विधि हो । अनुसन्धानकर्ता र सूचनादाताबीच विशिष्ट अध्ययनका लागि सान्दर्भिक जानकारीहरु हासिल गर्ने अग्रसरताका साथ हुने दुईतर्फी व्यवस्थित वार्तालाप हो । खास विषयमा खास व्यक्तिको धारणा बुझ्न अन्तरवार्ताकारको प्रवाहसँगै विस्तृत गहन तथ्य सङ्कलन गर्ने विधि नै गहन अन्तरवार्ता हो । कुने पनि विषयको गर्ने विधि नै गहन अन्तरवार्ता हो । कुनै पनि विषयको गहिराइ सम्म पुगेर समग्र अध्ययन परेमा यस तरिकालाई अवलम्बन गरिन्छ । गुणात्मक तथ्याङ्क

सङ्कलनको लागि यस सामान्य प्रक्रिया हो । यस विधिमा अनुसन्धानकर्ताले छनोट गरेको सहभागी र प्रमुख सूचनादाता  सँग पूर्व निधारित प्रश्नमा अर्थ संरचित अन्तरवार्ता लिइन्छ ।

उत्तरदातालाई प्रत्यक्ष भेटेर प्रश्न उत्तर शैलिमा वार्तालाप गरी अन्तरवार्ता गरेको छु । उनीहरु काम गरिरहेको ठाउँमा, मिटिङ्गमा, बाटोमा जहाँ भेट्यो त्यही उनीहरुको गोपनियतालाई मध्ये नजर राखेर यो अन्तरवार्ता गरेको छ । उनीहरुलाई सोधेर रेकर्ड गरेको छु । नोट टिपोट गरेको छु । उनीहरुलाई सोधेर अन्तरर्वार्ता बहाकियो की भनेर चेकलिएटको प्रयोग गरेको छु । यसले उत्तरदाताहरुको विचार दृष्टिकोण, धारण राख्न सहयोग गरेको थियो । उनीहरुको कुरा मैले एकदमै ध्यान दिएर सून्य यो अन्तरवार्ताले उत्तरदाताको भित्री मनोकक्षा बुझ्न पनि सहयोग गरेको थियो यस अन्तरवार्ताको आधारमा तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरेकी छु । अन्तर्वार्ता प्रत्येक व्यक्तिको घरघरमा गएर लिइएको छ । महिला र पुरूष दुवैसंग अन्तवार्ता लिइएको छ । एक घरमा ४०-५०मिनेट सम्म अन्तर्वार्ता लिइएको छ भने अन्तरवार्तालाई अनौपचारिक बनाउने प्रयास गरिएको छ ।

### २. मुख्य सूचनादाता अन्तर्वार्ता

मुख्य सूचनादाता अन्तर्वार्ता गुणात्मक अनुसन्धानको गहन अन्तर्वार्ता कार्यको लागि प्रयोग गरिन्छ । यसमा त्यस्ता व्यक्तिहरुसँग सूचना लिइएको छ कि जो व्यक्ति समाजमा के भई रहेको छ । के हुँदै छ भन्ने विषयको जानकारी राख्दछन् । यसको उद्देश्य मुख्य व्यक्तिबाट वृहत तहको सूचना सङ्कलन गर्नु हुन्छ । ती व्यक्तिहरु पूर्वलडाकुहरु, सामुायिक नेता, पेशा, व्यवसायी, शिक्षक, बुद्धिजीवि, स्थानीय बासिन्दाहरु हुन् । जससँग प्राथमिक ज्ञान र सूचना हुन्छन् । ती समुदायका विज्ञहरुसँग भएको ज्ञान र बुझाइको समस्याको प्रकृति र समाधानको बाटो दिन्छ । त्यसैले यस अध्ययमा तथ्याङ्क सङ्कलनका लागि मुख्य सूचनादाता अन्तरवार्तालाई तथ्याङ्क सङ्कलनको विधिका रुपमा विशष जोड दिइएको छ ।

### (ख) अवलोकन

अवलोकन प्राथमिक तथ्यांक संकलनको महत्त्वपूर्ण औजार हो । अध्ययनको खास उदेश्य प्राप्त  गर्ने कार्य  क्षेत्रमा नै पुगेर पुर्व लडाकुहरूको सामाजिक, आर्थिक, राजनीतिक अवस्थाको अवलोकन गरिएको छ । शान्ति प्रक्रिया पछि पुर्व लडाकुहरूको जीवनशैली, जीवन भोगाई, व्यक्तिका प्रत्येक व्यवहार, क्रियाकलाप, सहभागी अवलोकन विधिद्वारा पुर्व लडाकुहरूको घरपरिवार र व्यक्तिहरूको अर्थिक अवस्थाको अवलोकन गरिएको छ ।

यस अध्ययनको लागि अवलोकन विधिलाई पनि प्रयोगमा ल्याउने काम गरेको छु । यसले पुर्वलडाकुहरुसँग लिइएको अन्तर्वार्ताका विचार र वरपरका स्थिति सँग जोडेर कति सत्यता छ भन्ने मुल्याँकन गर्न सहज बनाएको थियो । वरपरका स्थिति बुझ्दा लडाकुहरुको घर र डेरा, उनीहरुले गरेका व्यवसायीले उनीहरुको वास्ताविक चित्रण गर्ने बुझ्ने मौका पाए परिवारका सदस्यहरुले गर्ने व्यवहार शब्द-शब्दमा खुसी व्यक्त र भावुक रिसायका प्रतिक्रियाहरु बुझ्न सहज भएको थियो । समाजमा देखिने व्यवहारहरु बुझ्ने मौका पाए अवलोकन विधिबाट उत्तरदाताले भनेको कुराको विश्वासनीयता बढाउन मद्दत गर्यो । वरपरको परिवेश स्रोत साधन सँगको जुधाईलाई हेरेर व्यक्तिको मुल्याङ्कन गर्न सहज हुने भएकोले अवलोकन विधिलाई लिने काम गरेको छु ।

## ३.५ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

यो शोधपत्रको अनुसन्धान प्रविधि मुताविक रिपोर्ट तयार पार्ने क्रममा संकलन गरिएका तथ्याङ्कहरूको विश्लेषणमा मुख्यतः गुणात्मक तथ्यांक, संकलनका तरिकाहरूमध्ये एकल घटना, सामूहिक घटक अध्ययन र विषयहरूको सेरोफेरोमा संगठित (Organizing around the issues) को प्रयोग गरी तथ्याङ्कहरूलाई चार शीर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन गर्दा आईपरेका कठिनाई तथा अनुभव

कुनै पनि विषयको अनुसन्धान गर्ने कार्य आफैँमा त्यति सहज छैन । तथ्याङ्क संकलन गर्ने क्रममा सोधिएका प्रश्नप्रति इंकित गर्दै किन के को लागि ? कसको लागि भन्ने जस्तो प्रति प्रश्नहरू पनि आउने गरेका थिए । विगतको कुरा सम्झन मन लाग्दैन । पुरानो कुरा सम्झदा नेताहरू प्रति आक्रोश उत्पन्न हुन्छ । उहिले मारे सासु अहिले आए आँसु त्यतिखेर कसैले केही गरेन अहिले कसले पठाएको हो ? भनेर प्रति प्रश्न पनि गरेका थिए । त्यसको चित्त बुझ्दो जवाफ दिँदै आफूलाई चाहिने सही तथ्याङ्क लिने काम गरिएको छ । प्रत्येक प्रभावित व्यक्ति केही पढेलेखेका र बुझ्नेले समस्याको बारेमा तपाईंले तयार पारेको शोधपत्रको एक प्रति हामीहरूलाई पनि हेर्न दिनुहोला भन्ने जिज्ञासा पनि राखेका थिए । यस कार्यको लागि जनप्रतिनिधि, छिमेकी र स्वयम् पूर्वलडाकुहरू गाउँका सबैले आ-आफ्नो ठाउँबाट हाँसी हाँसी सहयोग गरेका थिए ।

## ३.७ अध्ययनको सीमा

कुनै पनि विषयको अध्ययन गर्दा त्यसका निश्चित सीमाहरू निर्धारण गर्नुपर्ने हुन्छ । यसको मुख्य कारण सबै पक्ष वा एकै पटक एकै ठाउँमा अध्ययन गर्न सम्भव हुँदैन भने अर्को तर्फ समय र अर्थको बाध्यतालाई पनि ख्याल गर्नुपर्ने हुन्छ । यस अध्ययनमा नेपालभरिको पूर्वलडाकुहरूको जीविकोपार्जनको अवस्था सामूहिक प्रतिविम्ब उतार्न नसके तापनि यसले उतार्ने कोशिस गरेको छ । रोल्पा जिल्लाको सुनहारी गाउँपालिका वडा नं. ७ ठूलो गाउँ ६ जना पुरुष, एक जना महिला, थबाङ गाउँपालिका वडा नं. २ (राचीबाङ्ग) एक महिला ३ पुरुष, वडा नं. ४ उवालुङचग, ४ महिला, ५ जना पुरुष, वडा नं. २, चार महिला ३ जना पुरुष, पूर्वी रुकुमको भुमे गाउँपालिका वडा नं. ७, एक जना पुरुष, वडा नं. ५ बाट ३ जना पुरुष, सिस्ने गाउँपालिका वडा नं. २ एक महिला ४ जना पुरुष सबै गरेर कुल उत्तरदाता ३६ जना मध्ये पुरुष २५ जना महिला ११ जना रहेका छन् । पूर्वलडाकुहरूको जीविकोपार्जनको अवस्था र समस्याहरू के के छन् त्यसको बारेमा कसैले अध्ययन अनुसन्धान नगरेकोले आवश्यक सामग्रीको अभाव खड्केको छ । यी विविध समस्याका बाबजुद पनि अध्ययनकर्ता स्वयम् फिल्डमा देखे सुनेका तथा अनुभव गरेका विभिन्न कुराहरूलाई आधार बनाएको छ । यस शोधमा प्रस्तुत गरिएका तथ्याङ्कहरू अन्य ठाउँमा यो समस्याको बारेमा अध्ययन गर्न चाहनेलाई केही मात्रामा भए पनि सहयोग पुग्ने छ । तथापि क्षेत्रीय विविधता र धरातलीय स्वरूपले गर्दा एक क्षेत्रको तथ्याङ्क पूर्ण रूपमा अर्को क्षेत्रमा नमिल्न सक्ने हुँदा यसले नेपाल भरिका सम्पूर्ण पक्षलाई प्रतिविम्बित गर्न नसक्नु नै यस अध्ययनको मुख्य सीमा हो । हालको अवस्थामा जीवन गुजारा कसरी चलिरहेको छ । पूर्वलडाकुहरूको हालको अवस्थामा आफ्नो जीवन गुजारा कस्तो कस्तो काम गरी जीवन सञ्चालन गरी रहेका छन् त्यो कुरा हेर्न खोजिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्र तथा उत्तरदाताहरुको परिचय

यो शोधपत्रको अनुसन्धान प्रविधि मुताविक रिपोर्ट तयार पार्ने क्रममा संकलन गरिएका तथ्याङ्कहरुको विश्लेषणमा मुख्यतः गुणात्मक तथ्यांक, संकलनका तरिकाहरुमध्ये एकल घटना, सामूहिक घाटक अध्ययन र विषयहरुको सेरोफेरोमा संगठित Organizing around the issues को प्रयोग गरी तथ्याङ्कहरुलाई ७ ओटा शीर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ ।

### ४.१ जनजयुद्धमा पूर्व लडाकुको सहभागिता

त्यो बेला रोल्पा र रुकुम जिल्ला भनेको माओवादीहरूको बासस्थान नै थियो । क्रान्तिमा लागम लागम खालका क्रान्तिकारी गीत थिए । कम्युनिष्ट भनेको अन्य अत्याचारको विरुद्धमा लड्छन् । समाजमा भएको धनी र गरीब बीचको विभेद हट्छ । सबैले खाना पाउँछ, लाउन पाउँछ भन्ने थियो । देश र समाजको लागि केही योगदान दिने बेला भनेको यही हो भनेर लागियो । गाउँघरमा बस्ने वातावरण नै थिएन । नेपाली सेना, प्रहरी, शास्त्र  प्रहरीले घरमा भेट्यो  कि यातना दिने, समातेर लाने गर्दथ्यो । नेपालको कुनै पनि ठाउँमा माओवादीले आक्रमण गऱ्यो भने रोल्पामा झन दमन हुन्थ्यो । हाम्रा आमा दिदी बहिनीहरूलाई अभद्र व्यवहार गर्दथ्यो सेना, प्रहरीहरूले, सुत्केरी महिलाहरू काखमा सानो बच्च बोकेर जङ्गलमा पस्नुपर्ने अवस्था थियो । माओवादीलाई खाना दिइएन भने कारवाही गर्दा थिए । उता सेनाले माओवादीहरूलाइ्र खाना दिन्छौ भनेर कुटपिट गर्ने, अपहरण गर्ने, बेपत्ता बनाउने, अनि सारा समाज नै बाध्य भएर द्वन्द्वमा होमिन पुगेको अवस्था सृजना हुने विभिन्न कारणहरू निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

होम प्रकाश श्रेष्ठ- हिमाल यस्तो भन्नुहुन्छ : क्रान्तिको बेला महिला र पुरुष बिचको सामाजिक, आर्थिक, सांस्कृतिक विभेदको अन्त्य हुन्छ । महिला हिंसाको अन्त्य हुन्छ । छोरा र छोरी बीचको विभेद अन्त्य हुन्छ । महिलालाई वस्तुको रूपमा मात्र हेर्ने समाजमा परिवर्तन ल्याउँछौं । महिलाहरू पुरुषको तुलनामा कुनै पनि क्षेत्रमा कम छैनन् भनेर नारा दिइएको थियो र त्यसरी नै परिचालन पनि गरिएको थियो । केटीहरूले सेनाको पोसाक लगाउन पाउँदा आफू आजादी भएको महसुस गरेका थिए ।

रुपक रेग्मी यस्तो भन्नुहुन्छ : पारिवारिक कारणले गर्दा पनि हाम्रा धेरै पूर्व लडाकुहरू द्वन्द्वमा होमिएका थिए । बालक अवस्थामा नै आमा मर्नु, बुवाले अर्को आमा ल्याउनु, बुवा मरेमा आमा अर्कोसँग पोइल जानु बुवाले जाँड, रक्सी र जुवातास खेली हेला  गर्नु, छोरा पाइनस भनेर श्रीमतीलाई कुटपिट गर्नु आमा-बुवा सानैमा मरी दाजू भाउजूले हेला गर्नु बलात्कार, जातिय छुवाछुतजस्ता सामाजिक उत्पीडनले गर्दा पनि बदालको भवान लिएर बाह्य भएका आधारहरू अध्ययन अनुसन्धानको क्रममा पाइएको छ ।

कमल बुढा यस्तो भन्नुहुन्छ : क्रान्तिका बेलाका गीतमा साच्चिकै जनताका गीतहरू थिए । नाचगान भनेपछि जो कोही मानिस उत्साहित हुन्छ । गितले नै क्रान्तिमा लागम लागम गराउँदथ्यो । गीत संगीतको माध्यमबाट जनतालाई सम्झाउन र बुझाउन सजिलो थियो ।

कामी रोका यस्तो भन्नुहुन्छ : द्वन्द्वकालमा यस्तो वातावरण सृजना भयो कि, रोल्पा, रुकुम भनेपछि जो सुकै होस् । त्यसमा पनि मगर भनेपछि पक्का माओवादी नै हो भन्ने राज्यको सोच थियो । यसै मरीन्छ उसै मरीन्छ भनेर माओवादी भएको, सेनाले आएर वस्ती नै सखाप हुने गरी गाउँ जलाउने, राज्यले पहिलेदेखि नै रोल्पा जिल्लालाई उपेक्षा गरेको थियो । बाध्य भएर माओवादी भएको उत्तर दाताहरूको भनाई छ ।

सुगन्धा मल्ल यस्तो भन्नुहुन्छ : उमेर पनि उस्तै थियो किशोर अवस्थामा केही गरौं भन्ने भावना जुनसुकै युवाहरूको हुन्छ । महुल पनि त्यस्तै थियो । मानिसको जीवन उबसेको समाज र वातावरणले सकारात्मक वा नकारात्मक भूमिका खेलेको हुन्छ । पूर्वलडाकुहरू भन्छन् । हाम्रो समाजको महुलले पनि क्रान्तिमा लाग्न प्रेरणा दियो ।

## ४.२ पूर्व लडाकुहरुको अनुभव

काम गर्ने तरिका एउटै भए पनि प्रत्येक व्यक्तिहरुका अनुभवहरु फरक फरक किसिमका रहेका छन् । प्रत्येक व्यक्ति युद्धमा होमिनुमा फरक वातावरण, फरक किसिमका पाारिवारिक पृष्ठभूमि छ । व्यक्तिका क्षमता पनि फरक फरक किसिमका रहेको छ । सामाजिक, आर्थिक, शैक्षिक अवस्था, भूगोल, पारिवारिक महुलले पनि मानिसका अनुभवहरु पनि फरक हुने गर्दछन् । पूर्व लडाकुहरु हुर्काई भोगाई हाम्रो समाजका अरु मान्छेजस्तै भए पनि फरक देशको परिस्थिति भएको अवस्थाम वहाँहरुले काम गर्ने क्षेत्रमा वा युद्धकालमा

कस्ता कस्ता अनुभवहरु लिनु भएको छ । त्यो अनुभवहरु वहाँहरुले भने जस्तै जस्ताको त्यस्तै उतार्ने प्रयास गरेकी छु ।

मानकुमारी बुढामगर आफ्नो अनुभव यसरी सुनाउनुहुन्छ - म १३ वर्षको उमेरमा माओवादीमा लागेको मान्छे हो । सेना समायोजन हुँदा म ठिक अठार वर्षको भएको थिएँ । पढेलेखेको नभएपनि युद्ध मैदानमा एउटा सैनिकले गर्न सक्ने युद्धकौशल ममा थियो । अनि मलाई नेपाली सेनामा लिइयो । म नेपाली सेनामा छँदा पहिले नेपाली सेना प्रति मेरो विचार नराम्रो थियो । कुनै बेला उही ड्रेसको विरुद्ध लडियो त्यही ड्रेस पहिरिँदा मन अमिलो भयो । केटी मान्छेलाई बलात्कार गर्छन् यिनीहरु मान्छे हैनन् पशु जस्तो हुन्छन् भनेर हामी युद्धमा हुँदा यस्तो कुरा हाम्रो नेताहरुले गर्दथे । तर अब म नेपाली सेनामा समायोजन भए त्यहाँ केही पाएन त्यहाँ पनि आफ्नै किसिमका नियम हुन्छन् । आफ्ना दाजू भाई जस्तो व्यवहार गर्दा थिए मलाई, म त्यहाँ गएर अक्षर पनि चिने हामीलाई त्यही अलि अलि पढाउने काम पनि गऱ्यो । नेपाली सेनामा गएपछि मलाई शान्ति सेनाको रुपमा विदेश पनि जाने अवसर दियो । वास्तवमा भन्ने हो भने यति कम समयमा मैले तीन किसिमको जिन्दगी बाँचिसके पहिला जनता भए त्यसपछि लडाकू, नेपाली सेना अहिले फेरि जनता भएको छु सायद अरुभन्दा म भाग्यमानी नै हो कि जस्तो पनि लाग्छ । कामी रोका आफ्नो अनुभव यसरी सुनाउनुहुन्छ : म्याग्दीको बेनीको लडाई विसार्न सकिँदैन । बाटोमा खाना नपाइने बाग्लुङमा असहज वातावरण, त्यो ठाउँमा पार्टीको साथीहरु पनि कम जनताको पनि राम्रोसँग त्यति सपोर्ट थिएन, अगाडिको साथीले खाना पाउने तर पछाडिका साथीले खाना पनि पाएका थिएनन् । हातमा, पतमा भात राख्यो हिँड्दै खाँदै गरेर म्याग्दीको बेनीमा आक्रमण गरेका थियौँ । दुई लाइनको बजार दुईबाट खोलाको बगरमा बेनी बजार छ । आफ्नो रगत त्यति नबगे पनि साथीहरुको रगतको खोला नै बगेको थियो । मानकुमारी महत आफ्नो अनुभव यसरी सुनाउनुहुन्छ : युद्ध कुनै पनि सहज हुँदैन तर खराको लडाई म बिर्सन सक्दैन एउटै लडाईमा ८०-९० जना साथीहरुले ज्यान गुमाए पार्टीले ठूलो क्षति बेहोर्यो । माथिल्लो नेतृत्वले हामीलाई उभिन भन्यो हामी उभिदिन, हान भन्यो हानिदिम उठ भन्यो उठिम बस भन्यो बसीम अरु हामीले आफ्नो दिमागको उपयोग गरिनम नाक्सको रुढअनुसार हामी हिँड्नु पर्थ्यो । खरामा दुई कमण्डार बीच विचार नमिल्दा वा भनम दुई जना बीच तालमेल नहुँदा धेरै क्षेति भयो पूर्वबाट आउने पासाङको टोली अगाडि पुगेपछि आर्मिहरुको जम्मा

समूह उतातिर फर्कियो अनि हामी पश्चिमको टोलीमा थिम प्रभाकारको समूहमा म थिए । सुरुल पुन यस्तो भन्नुहुन्छ - पहिले पहिले त हतियार देख्दा पनि आफूलाई अचम्ममा लाग्दा थियो । आगोमा हाम फालेको महासुम हुन्थ्यो । जति जति साथीहरु सहिद हुन्थे लड्ने जोश कहाँबाट आउन्थ्यो, जब मान्छेले रगतको होली खेल्न सुरु गर्छ डार भने कुरा हराउँदो रहेछ । आफैँ भित्रबाट जोश आएको जस्तो महसुस हुन्थ्यो । अझै पनि ती हाम्रो सहयोग साथीहरुको सपना पूरा भएको छैन । सहिदहरुको सपना अधुरो भएको महसुस हुन्छ । रगत सामान्य मान्छेले बगाउन सक्दैन जसमा जोस हुन्छ । विचारले परिपक्का हुन्छ त्यो व्यक्ति नै एउटा योद्धा बन्छ ऐतिहास रच्छ ।

कमल बुढा आफ्नो अनुभव यसरी सुनाउनु हुन्छ । हाल घर व्यवहारमा समय वितिरहेको छ । त्यसरी नै म पनि बाँचिरहेकी छु । म १८ वर्ष किशोर अवस्थामा नै मलेसिया हुँदै विलगेट पाँचौ डिभिनमा सी कम्पनीमा काम गरेको थिए । मेरो घर परिवार नै कम्प्युनिष्ट थियो । स्कुलमा एउटा जनसांस्कृतिक कार्यक्रम जनमोर्चाले एउटा नाटक देखाएको थियो । त्यो नाटक पनि समाजको परिवेशसँग मिल्दोजुल्दो थियो । त्यसले पनि मलाई छोयो, महिला भने पछि बहिरा जनु हुन्न भन्ने धारणा थियो । हाम्रो समाज पितृसत्तात्मक सोच थियो । यस्ता विकृतिहरुलाई चिर्नु पर्छ भन्ने सोच म मा आयो लडे त्यो सबै स्मरण योग्य नै हुन् ।

## ४.३ बृहद् शान्ति सम्झौतापछिको अवस्था

पूर्व लडाकुहरु बृहद् शान्ति सम्झौता पछिको अवस्था सबैको एउटै किसिमको नभए पनि समस्या लगभग एउटै किसिमका छन् भन्दा पनि हुन्छ । एक जना पूर्व लडाकु यस्तो भन्नुहुन्छ । धेरै जसो पूर्वलडाकुहरु बसाइसराई गरी रोल्पा, रुकुमबाट दाङ, नेपालगञ्जमा छन् । समय परिवर्तनशील छ । त्यो अनुसार नेतृत्व ठिकै लाग्छ । सधैंभरी जङ्गलमा बसेर पनि त केही हुँदैन । तर तल्लो स्तरको कार्यकर्ताहरुलाई पार्टीले हेरेन त्यसमा दुःख लाग्छ । शान्ति प्रक्रियापछि नेताहरुको सुरक्षा गर्नको लागि मलाई काठमाडौंमा लागिएको थियो । पार्टी फुटेपछि रिस उठ्यो पार्टी छोडेर म फेरी पुरानो काममा नै फर्केको छु । आराणको काम गर्दै छु ।

बिमलराज खत्री यस्तो भन्नुहुन्छ : साथीहरु जीवित छन् वा भेटघाट गर्न सकिएको छैन । सेना समायोजन हुनुभन्दा पहिले हामी बाइसेलको नाममा बहिरा निस्किम विदामा, त्यसपछि पार्टीमा फर्किन, पार्टीमा हुँदा दुई सय देखि एक हजार लडाकुहरुको गोठालो मान्छे अहिले भेडा गोठालो भएको अवस्था छ । नेता भएको मान्छे रित्तो हात घर फर्किंदा, हलो जोत्न लाज लाग्ने पछि बुवाले पालेको भेडा बाखा पालेर ४ वर्षसम्म भेडा गोठमानै बसे ठाउँमा आउदैंन थिए म, सँगैका साथी सब विवाह गरिसकेका थिए । गाउँमा कोही थिएनन् । पढेलेखेका जति जागिरे भए के गर्ने यस्तै छ ।

शैजाल सर्की यस्तो भन्नुहुन्छ घर घरमा सिंहदरवार ठूला नेताहरुको लागि भएको छ । हामी जस्ता निमुखको लागि आएन, पूर्व लडाकुहरु गोली लागेर शरीर अपाङ्गा भएको छ । धेरै साथीहरु चन्दा उठाएर खाएका छन् । श्रीमान् अर्को श्रीमती लिएर बसेको छ, कसैको श्रीमती अर्को केटासँग विवाह गरेको छ । जनताको अवस्था परिवर्तन गर्न हिँडेका पूर्व लडाकुहरुको जीवन नै नसोचेको अवस्थामा छ । शैलाज सार्की भन्नुहुन्छ, राजनीति गरेका छैनन् यी नेताहरुले व्यापार गरेका छन् हिजो जङ्गलमा हुनेहरु आज सशान सत्तामा छन् । तर हजारौं संख्यामा रहेका वेपत्ता व्यक्तिको सपना त्यति कै छ । जनयुद्ध ताका  गीत सुन्दा पनि थाहा हुन्छ । कसले भन्छ क्रान्ति यहाँ सफल हुँदैन । आज पूर्व लडाकुको अवस्था कस्तो छ । त्यो विशाल पार्टी आज तहसनहरु भयो हामी कहाँ चुक्यौ जसले देशको ७३ हजार हेक्टर जमिन भारतलाई बेचे, प्रचण्ड र बाबुरामले लिएको बाटो किन  गलत सावित भयो ? लालगदारहरु किन समीक्षा गर्दैनन् ।

होमप्रकाश श्रेष्ठ (हिमाल) यस्तो भन्नुहुन्छ । बृहत् शान्ति सम्झौतापछि पूर्वलडाकुहरुको अवस्था हेर्ने हो भने प्रत्येक व्यक्तिअनुसार फरक फरक नै छ । किनकि युद्धमा छँदा यो सबैको उद्देश्य, लक्ष्य एउटै थियो । अनि त्यहीअनुसार राज्य सत्तासँग लड्दै थियौ । जब वृहद् शान्ति सम्झौता भयो त्यसपछि त प्रत्येक व्यक्तिले अवसर पनि फरक फरक किसिमको पाए तिनीहरुको कार्यक्षमता पनि फरक भयो, पारिवारिक वातावरणले पनि त्यसलाई असर  गरेको देखिन्छ । सबै पूर्वलडाकुहरुको अवस्था एउटै छैन । कोही व्यापार व्यवसायी गरिरहेका छन् । कोही कृषि कार्य गर्दैछन् कोही वैदेशिक रोजगारमा पनि छन् । जो साथी घाइते, अपाङ, आर्थिक, पारिवारिक र राजनीतिक रुपमा पहुँच नपुगेका साथीहरुको अवस्था दयनीय नै छ भन्न सकिन्छ ।

## ४.४ द्वन्द्वकालमा जनयुद्धकालीन जीविकोपार्जन सम्बन्धी भाष्य

३५ वर्षीय राजबहादुर बुढा मगर यस्तो भन्नुहुन्छ - नेपालको दश वर्षे युद्धलाई हेर्ने हो भने द्वन्द्वात्मक भौतिक वाद सिद्धान्तमा आधारित, मार्क्सवाद र माओको विचारबाट प्रभावित भएर नेपालमा भएको आर्थिक सामाजिक, सांस्कृतिक, शैक्षिक विभेद, महिला हिंसाको अन्त्य गर्नको लागि युद्ध छेरिएको थियो । क्रान्तिमा  लाग्दा माओवादीको नारा नै के थियो भने, घर कसको पोत्नेको, जग्गा कस्को जोत्नेको, जस्को जोत उस्को पोत, क्रान्तिमा लागेका आमा बुवालाई केही भयो भने छोरा छोरीको हेरविचार सम्पूर्ण जिम्मेवारी पार्टीले लिन्छ । आमा बाबु गुमाएका बालबालिकाको अभिभावक भनेको पार्टी नै हुन्छ । छोराछोरी गुमाएका आमाबुवाको छोरा छोरी पार्टी हुन्छ । ६० वर्षीय राजेन्द्र रोका मगरले यस्तो भन्नुहुन्छ - माओवादीको सत्ता आएपछि किसानहरूलाई जमिन्दारहरूका जग्गा खोसेर वितरण गरिन्छ । क्रान्तिकारी भूमिसुधार लागु गर्छौ । व्यक्तिगत सम्पत्ति भन्ने कुरा नै हुँदैन । सम्पूर्ण उत्पादनको सघन राज्यको मातहतमा हुन्छ । शिक्षा, स्वास्थ्य, निशुल्क हुन्छ । दुई किसिमको शिक्षा हुँदैन । गरीब र धनीको स्कुल फरक हुँदैन । बोर्डिङ स्कुल बन्द गर्छौं । अहिलेको शिक्षा बुर्जुवा छ । यो शिक्षाको काम छैन उत्पादन श्रमसँग गासिएको शिक्षा जनतालाई दिन्छौ । ४५ वर्षीय सुकमाया बुढा मगरले यस्तो भन्नुहुन्छ - कसैले पनि नोकर वा कमारा कमारी, हलिया, कमैया, हरूवा चरुवा राख्न नपाइने, जातिय विभेदको अन्त्य गर्छौं, कोही पनि युवा बेरोजगार बस्नु पर्दैन । सरकारले नै घरमा आएर युवाहरूको रुचिअनुसार काम दिन्छ । काम दिन नसकेमा बेरोजगार भत्ता दिन्छ । ३९ वर्षीय  बुढा मगरले यस्तो भन्नुहुन्छ - समाजमा उच, निच, गरीब र धनी बीचको जुन खाडल छ । त्यसको अन्त्य गर्छौं । समानतामूलक समाजको निर्माण गर्छौं । कोही मालिक र कोही मजदुर हुँदैन । प्रत्येकले आफ्नो योग्यता, क्षमता अनुसार काम गर्नुपर्छ । काम नगर्नेले खाना पाउँदैन । चोर, डाका, अपराधी, बलात्कारी जेलमा हुन्छन् । महिला हिंसाको अन्त्य हुन्छ । वैज्ञानिक समाजको लागि हामीले काम गरिरहेका छौ । ४० वर्षीय मनकुमारी रोका मगरले यस्तो भन्नुहुन्छ - प्रत्येक ठाउँमा बालविकास हुन्छ । सानो बच्चा भएको महिलाहरूको श्रम शक्ति खेर नजाओस् भनेर प्रत्येक बालविकासमा एउटा नर्ससहित ढाई आमाले विहान १० बजेदेखि बेलुका पाँचबजे सम्म बच्चाको सम्पूर्ण हेरचाह बालविकासमा हुन्छ । एउटा बच्चा आमा बुवाको मात्र नभएर राज्यको पनि हो । दायित्व आमा बुवाको मात्र नभएर राज्यको

पनि हो । वृद्धहरूको लागि अदार निकेतनको व्यवस्था गर्छौं । जसको छोरा छोरी छैनन् तिनीहरूको स्याहार सुसार राज्यले गर्छ भनेर लडेका थियौ । यही  गणतन्त्रको लागि लडेका थिएनौ । श्रमिकको राज्य सत्ता ल्याउनको लागि, समउन्नत समाज निर्माणको लागि, गरीब दुःखी जनताको छोरा छोरीले रगत बगाएका छन् । चाहे माओवादी होस् वा नेपाल प्रहरी, शास्त्र प्रहरी वा नेपाली सेना आखिर नेपालीको रगत त बगेको छ नि !

६० वर्षीय आनन्द बुढामगरले यस्तो भन्नुहुन्छ - हिजो गाउँ गाउँमा भात खाँदा जनतालाई हामीले के भनेका थियौं । त्यो कुरा विर्सिम, मन्त्री भएपछि, सातओटा गाडी फेरेपछि सिद्धान्त विर्सिम, सँगै सुतेको, सँगै लडेको साथी बिर्सिम, हामीले जनतालाई के भनेका थिम त्यति बेला, क्रान्तिकारी गीत सुन्दा पनि धेरै कुरा थाहा हुन्छ । हाम्रो गित सुन्दा कसको आँखा रसायन होला । हिजो के भनेका थियौ ।हिजो कसरी काम गरेका थियौ । एउटा नारी गर्भअवस्था, सुत्केरी भएर पनि दुधे बच्चा काखीमा च्यापेर रगतको थोप चुहाउँदै लडेको बिर्सियो । नेतृत्वले गर्दा आज आएर माओवादी भन्न पनि लाज लाग्छ ।

द्वन्द्वकालमा सामूहिक भान्सा सामूहिक घरको रुपमा पूर्वी रुकुमको छिपखोलको ठूलो गाउँ, रोल्पाको जेललाङ, कालीकोटको जुनी कम्युन, थावाङको राचि वाङमा कम्युनको विकास गरिएको थियो । सामूहिक उत्पादन गर्ने, सामूहिक उपभोग गर्ने भनेर तर युद्ध सँगै कम्युन पनि लथालिङ्ग भयो । सामूहिक खेती, सामूहिक किराना पसल सञ्चालन गरेका थिए । मौसम रोका मगरले यस्तो भन्नुहुन्छ - समाज परिवर्तन हुन्छ भने म पनि किन नलाग्ने भनेर १३ वर्षको उमेरमा किताब र कलम बोक्ने हातले बन्दुक बोक्न बाध्य भए आज पनि मेरो शरीरमा गोलीका खट भेटाउन सक्नु हुन्छ । परिवर्तनको भोक त्यतिखेर जनतामा पनि थियो । र नेतामा पनि थियो । पछि विस्तारै सबै कुरा सेलाउँदै गए । वैज्ञानिक समाजवादी व्यवस्थामा जसले काम गद्धर्छ त्यसले मात्र खाना पाउँछ, चोर, डाका, फटाहा, बलात्कारी सबै जेलमा हुन्छ भनेर प्रशिक्षण दिइएको थियो । के भनेर हामीलाई जनताले आफ्नो भागको गास काटेर खाना दिएका थिए । हाम्रो लागि लडिरहेका छन् । गरीबको शासन सत्ता ल्याउनलाई रगत बगाएका छत् भनेर जनताले माओवादी माथि विश्वास गरेका थिए ।

## ४.५ जीविकोपार्जनमा समस्या

मैले अनुसन्धान गरेको क्षेत्रमा इर्खा मगर कृषि ज्यालादारी गर्नु हुन्छ । सेना समायोजन हुँदा पाएको सात लाख घर बनाए एउटा भैसी किने अनि सकियो, अबिच नेपाली हाल वैदेशिक रोजागरीमा काटर हुन्छ । श्रीमती सुत्केरी भएको कारण बोलाएको बेला जना सकिएन मैले एक  पैसा पनि पाएको छैन । सन्ध्या चौधरी थबाङ्मा किरण पास खोलेर बस्नु भएको छ । बच्चा भएपछि सेना समायोजन हुनुभन्दा पहिले नै मैले माओवादी छोडेर घरमा बसे एक पैसा पनि पाएन । लालमोनी रोका मगर कृषि गरिरहनु भएको छ थबाङ वडा नं. २ राचीबाङगमा कृषि पनि खाई खेती मात्र छ । रास्ती घर्ती मगर पुन थबाङ वडा नं. २ राचीबाङगमा नै कृषि मजदुरको रुपमा काम गर्नु हुन्छ । मैले पैसा एक सुको पनि पाएन सूचना नै पाएन अनि छुटे, हिमाल मगर थबाङमा कृषि गर्नुहुन्छ, बङ्गुर पाल्नु भएको छ । सात लाख बङ्गुर पालनमा लगानी गरे सकियो । मानकुमारी रोका मगर सेनाबाट रिटाएर भएपछि आयूर्वेद औषधी पसल राख्नु भएको छ । अविवाहित नै बस्नु भएको छ । मौसम रोका मगर पत्रकारिताको काम गर्नु हुन्छ । राजेन्द्र रोका मगर कृषि गर्दै हुन्छ वहाँले पनि एक पैसा पनि पाउनु भएन १३ वर्षको उमेर देखि माओवादीमा सेना भएर  काम गर्नुभयो तर पैसा  पाउने बेला वहाँको नाम छुट्यो । अनन्ता बुढा मगर कृषिसँगै माओवादीहरुले सुनछहरी गाउँपालिका वडा नं. ७ जेलबङ्ग ठूलो ठूलो गाउँमा बनाएको कम्युनलाई हाल होटेलको रुपमा सञ्चालन गरेर जीवन गुजार गर्दै छु भन्नुभयो । सुकमाया सुनछहरी गाउँपालिका वडा नं. ७ जेलबङ्ग ठूलो गाउँमा कृषि गर्नुहुन्छ सँगै होमस्टे सञ्चालन गर्नु भएको छ । सेना समायोजनभन्दा अगाडि नै वहाँ सेनाबाट निस्केर विवाह गरेर घरमा नै बस्नु भयो वहाँले पनि एक पैसा पाउनु भएन ।

५० वर्षीय हिमाल मगर यस्तो भन्नुहुन्छ - आफूले उत्पादन गरेको वस्तुहरूले बजारमा सही मूल्य पाउँदैन । विचौलियाको विगविगी छ, बजारमा, बजार व्यवस्थापन र यातायातको सुविधा छैन । शरीर पनि पहिले जस्तो स्वस्थ छैन । खेती पनि परम्परागत छ । त्यसलाई व्यवसायिक गर्न सकिएको छैन । व्यवसायिक तालिम, पुँजीको अभाव छ । ज्यालादारीको काम गर्न जदा ठेकेदारले कहिले पैसा दिन्छ कहिले दिँदैन । वास्तविक कुरा गर्ने हो भने हामी त वर्ग संघर्ष गर्न हिँडेका मान्छे हौ । तर हामीसँग उत्पादनका मुख्य मुख्य साधन छैन, साधनविहीन छौँ । एउटा श्रमिकसँग श्रम हुन्छ । त्यो पनि हामीसँग नभएको

अवस्था छ । देश समाज निर्माण गर्न हिँडेका मान्छे, वर्गविहीन समाजको सपना थियो । ५६ वर्षीय दुते रोका मगर पुन यस्तो भन्नुहुन्छ- घर कस्को पोत्नेको, जग्गा कस्को जोत्नेको, व्यक्तिगत सम्पत्ति भन्ने कुनै कुरा हुँदैन । गरीब र धनीका छोराछोरी पढ्ने स्कुल एउटै हुन्छ कोही पनि युवा बेरोजगार बस्नु पर्दैन । अपराधी जेलमा हुन्छ । जो काम गर्छ त्यसले खाना पाउँछ । जसले काम गर्दैन त्यसले खाना पाउँदैन । कसैको घर सानो कसैको ठूलो हुँदैन । सब समान हुन्छ भनेर युद्धमा होमिएका मान्छे हामी बुढेसकालमा एक छाक खाना खाएर पनि मार्न पाउँछु कि पाउँदैन । त्यसमा पनि शंका लाग्छ । किनकि छोरा छोरीलाई जब मेरो आवश्यकता थियो त्यो समयमा राम्रोसँग शिक्षा दिन सकिएन घरपरिवार पनि हामी देखि असन्तुष्ट छन्, नाता, गोता सबको हेला भएर बस्नु परेको छ । पूर्वलडाकु हुँ भनेर भन्न पनि लाज लाग्छ ।

## ४.६ वर्तमानमा पूर्वलडाकुहरूको जीविकोपार्जनको अवस्था

नेपालको दस वर्षे जनयुद्ध पनि उत्पादनका साधानहरूमा भएको असमान वितरणको कारणले गर्दा समाजमा भएका असमानता, वर्गीय, जातिय विभेद, महिला हिंसाको अन्त्य गर्नको लागि गरिएको विद्रोह थियो । माओवादी आन्दोलनलाई उचाईमा पुगाउने प्रमुख भूमिका पूर्वलडाकुहरूको पनि रहेको छ । पूर्वलडाकुहरूको हालको जीविकोपार्जनको अवस्था हेर्ने हो भने प्रत्येक, व्यक्ति, क्षेत्र, लिङ्ग, शैक्षिक अवस्था, राजनीतिक चेतना, राजनीतिक पहुँच अनुसार फरक फरक भेटाउन सकिन्छ । कोही आफ्नो परम्परागत खेती किसानी गरेर खाएका छन्, कोही होमस्टे सञ्चालन, कोही रक्सी बनाउने काम, किराना पसल, हार्डवेयर पसल, भैंसी पालन, ठेलागाडामा तरकारी बेच्ने, साईकलको पेन्चर टाल्ने, ज्याला मजदुरी, ड्राइभीङ, वैदेशिक रोजगार, पढेलेखेका र राजनीतिक पहुँच भएकाहरू गाउँपालिकाका अध्यक्ष, वडा अध्यक्ष, वडा सदस्य, संसद, प्रदेश संसद भएका पनि छन् । जीविकोपार्जनमा नयाँ थपिएको भनेको होमस्टे, वैदेशिक रोजगारी, ज्यालादारी, ड्राइभिङ, व्यापार हो । अरू सबै परम्परागत नै छ । विक्री वितरण भन्दा पनि खाईखेतीमा सीमित छ । धेरै उत्पादन गर्ने हो भने कहाँ लागेर बेच्ने हो । यातायातको सुविधा छैन । बारीमा त्यतिकै खेर जान्छ । त्यसैले आफुले खाने जति मात्र उत्पादन गर्छौ । शरीर पनि पलिहेको जस्तो स्वास्थ्य छैन । शरीरमा गोलीका छर्रा छ । प्राय: धेरै पूर्वलडाकुहरूको शरीरमा कुनै न कुनै रूपमा आसक्त छ । गोली र बारुडको छर्राले शरीर धेरै कमजोर देखिन्छ । गाउँपालिकाहरूमा पनि कुनै

कार्यक्रम आयो भने पूर्वलडाकुहरूलाई दिँदैन । आफ्नो नजिकको नाता, गोता, नजिकको पार्टी कार्यकर्ताले मात्र सहुलियत पाउँछन् । हामीलाई व्यवसायिक तालिम र लगानी गरेको भए हामी केही गर्नलाई तयार छौँ । हिरामोती थारु यस्तो भन्नुहुन्छ- युद्ध कालमा देश समाज, परिवर्तन गर्नको लागि आफ्नो ज्यान नै दिन तयार भएका मान्छे हौ । अझै पनि केही राम्रो काम गरी आफ्नो घर परिवार, समाजको लागि तयार छौ । केबल अवसरको खाँचो छ । हामीले उत्पादन गरेका, हाम्रो ठाउँमा उत्पादन भएका वस्तुको सही मूल्य पायो भने हाम्रो जीवन सञ्चालन गर्न त्यति  गाह्रो हुँदैन । हामीसँग जडीबुटी, आल्लो, घरमा उत्पादन गरिएका रक्सी, लोक्ताले बजारमा सही मूल्य पायो भने हाम्रो जीवन सुलभ हुन्छ ।

४१ वर्षीय सचिव झाँक्री मगर यस्तो भन्नुहुन्छ - हामीले भैंसी पालेका छौ दुध बेच्ने ठाउँ छैन घ्यूले तरकारी झन्ने अनि खाने त्यति मात्र भएको छ । हाम्रो ठाउँमा यातायातको सुविधा छैन । हामीले बैङ्क लुत्यो नेताहरूलाई दियो । तिनीहरूका छोरा, छोरी, नाति, नातिना आरजू राणको युलेन्स स्कुलमा महिनाको १ लाख २५ हजार तिरेर पढ्छन् । नेताका छोरा छोरी अमेरिका, चिन, विदेशमा पढे, हामीले एक जोर चप्पल पनि दिन सकेका छैनौ आफ्ना छोरा छोरीलाई, जवानी जति युद्धमा विताइयो उमेर ढल्के पछि छोरा छोरी पायो । छोरा छोरी सानै छन् । आफूले कमाउन सकिँदैन । विदेश जाऊ उमेरले डाडो कतिसक्यो, यो ढुङ्गोमा केही हुँदैन । ४० वर्षीय ईर्खा रोका मगर यस्तो भन्नुहुन्छ- व्यक्तिगत स्वार्थ भन्दा पनि सामूहिक हितको लागि लडेका थियौ तर आज जनमुक्ति सेनालाई उपेक्षा गरेका छन् । नेताहरूले व्यक्तिगत रूपमा मैले पाएको धेरै ठाउँमा रगत बगाए, शरीरमा छर्रा बोकेको छु, धेरै ठाउँमा मासुको चोक्टा उछिट्याएको छु । पसिनाको त म कुरै गर्दैन । पहिले भन्दा मेरो परिवार झन आर्थिक विपन्नतामा झारेको छ । जनयुद्धको कारण मेरो घरपरिवार विस्थापित हुन पुग्यो । मेरो भाई नेपाल प्रहरीमा थियो त्यसको जागिर पनि छुट्यो पार्टीले गर्दा भाई अहिले रक्सी खाएर आएर कराउँछ, ए नेता तैले गर्दा मेरो भविष्य विगग्रीको हो । अहिले जग्गा बेचेर घर परिवारले युद्धकालमा खाएका ऋणहरु तिरे । अंश बन्दा हुँदा पनि भाइले तलाई अंश दिँदैन कमाउने बेला बन्दुक बोकिस अहिले सम्पत्ति खोज्छस् भन्छन् । अहिले आएर आफ्नो घरपरिवारलाई उचित व्यवस्थापन गर्न नसक्ने अवस्थामा आइयो । म घाइते छु पहिलेको जस्तो काम गर्न सक्दैन । विदेश पनि जान मिल्दैन जनमुक्ति सेनाका साथीहरूले वाईसिएललाई भनेर आफ्नो भागबाट छुट्याएर पठाएको पैसा पनि अरूले खाए । न उत

सेनाका साथीले पायो न त उत वाईसिएलले पायो बिचमा कसले खायो खायो । त्यसको कुनै लेखाजोखा छैन । यही हो उपलब्धि मैले लडेको यो गणतन्त्र र लोकतन्त्रको लागि हैन, राजतन्त्र पनि हाम्रो अन्तिम रणनीति र लक्ष्य पनि थिएन होला ?

सर्वहारा वर्गको राज्य सत्ता स्थापन  गर्ने भनेर अहिले खेती किसानी गर्छु । ऋण लिएर बोइलर पालेर बसेको छु, म एउटा कामण्डारको हिसाबले फेरि पनि चुहिने छानो छाउने, पहिलेको जस्तै फेरि पनि खेतवारी कोट्याउनु पर्छ भनेर कहिले पनि सोचेको थिएन । म मरे पनि देश विकास हुन्छ अरू देशका युवा जस्तै हाम्रो अवस्था पनि हुन्छ भनेर पो लडेको यो दिन देख्नलाई हैन ।

## ४.७ **जीविकोपार्जनमा आएको परिवर्तन** (**पहिले र अहिले**)

पूर्व लडाकु हुनुभन्दा पहिले धेरै जना विद्यार्थी नै थिए । आमाबुवाले गर्ने परम्परागत खेतीपाती गर्दा थिए । आफू समाजमा जस्तो घरपरिवारमा जन्मेको छ । घरपरिवारले गर्ने काम वा जीविकोपार्जनाको काममा सहयोग मात्र गर्दथे किन की धेरेजसो पूर्वलडाकुहरू तेह्र वर्षको उमेरदेखि माओवादी विद्रोहमा संलग्न भएका थिए । उमेर पनि सानै भएको कारण कुनै त्यस्तो जीविकोापार्जन गर्ने तौर तरिका थिएन ।

होम प्रकाश श्रेष्ठ यस्तो भन्नुहुन्छ : अहिले प्रत्येक व्यक्ति, क्षेत्र, शैक्षिक योग्यता समुदायी अनुसार जीविकोपार्जनमा विधिगत पाउन सष्किन्छ । कोही परम्परागत खेती किसानी, व्यवसायिक भैसी, बाख्रा पालन, ड्राइभर, वैदेशिक रोजगार, रक्सी बनाउने, ज्यालादारी, तरकारी खेती, किराना पसल, होमस्टे सञ्चालन, सुङ्गुर पालन शैक्षिक अवस्था, राम्रो र राजनीतिक पहुँच र चेतना भएका पूर्वलडाकुहरू गाउँपालिकाको अध्यक्ष, वडा अध्यक्ष, वडा सदस्य भएर काम पनि गरेको पाइयो ।

राम सुर बुढा यस्तो भन्नुहुन्छ : हामी बाँचिरहेको व्यवस्था त समाजवादी व्यवस्था नभएर पूँजीवादी व्यवस्था हो । पूँजीवादी वयवस्था भनेको धनी झन धनी गरीब झन गरीब, धनी र गरीव बिच ठूलो खाडल हुन्छ । त्यो हाम्रो समाजमा छ । पूर्वलडाकु पनि अर्को ग्रहमा बस्ने मान्छे त हैन । ऊसँग पनि मान छ । भावना छ, त्यो समाजमा भएका पीडाहरू र समस्याहरू पनि पूर्व लडाकुका साझा पीडा हुन् । समाज परिवर्तन गर्ने चाहना भएर नै क्रान्तिमा लागेको हो । हाम्रो लक्ष्य त वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा पुग्ने लक्ष्य हो

नि । तर के गर्ने क्रान्तिका नाई के नै क्रान्ति र सिद्धान्तलाई तिलनजञ्जी दिएपछि समस्या त हुने नै भयो क्रान्ति पछि त वर्गविहीन समाज हैन झन गाउँ र सहर बीच वर्ग, सँगै हिँडेका सहकर्मी, कार्यकर्ता र नेता बीच पनि वर्ग देखियो । एउटै आमाबाबाट जन्मिएको छोराछोरी बीच पनि वर्ग देखियो । जो क्रान्तिमा लागेको थियो । इमान्दारीपूर्वक त्यसको अवस्था त तल्लो वर्गमा झरेको छ । जसले अरूलाई लुट्न सक्यो, ढाल्न सक्यो त्यो नै अहिले उच्च वर्गमा पर्छ । त्यसको जीवन सञ्चालन गर्न कुनै गाह्रो छैन ।

पुनीराम घर्ति यस्तो भन्नुहुन्छ : नेताहरूको जीवनमा परिवर्तन आएपनि क्रान्तिमा साथ दिने कार्यकर्ता, आम मानिस र पूर्वलडाकुको जीवनमा खासै परिवर्तन भएको छैन । हामीले सोचेजस्तो परिवर्तन हुने भए त शिक्षा निःशुल्क हुनुपर्ने हैन र ? राज्यले दुई किसिमको शिक्षा नीति किन गरेको छ । धनीका छोराछोरी बोर्डिङ स्कुल गरीबका छोराछोरी सरकारी स्कुल हिजो सांस्कृतिक क्रान्ति भन्दै अन्तरजातीय विवाह गरेकाहरूको घरवार पनि छैन । भत्किएको छ । औलामा गन्न सकिने एक दुई जनाको मात्र दाम्पत्य जीवन सुखमय छ ।

सुरल पुन यस्तो भन्नुहुन्छ : क्रान्तिमा हुँदा ठिकै थियो । क्रान्तिपछि विवाह पनि सकिएको छ । खासमा हामीले सोचेको जस्तो समाज परिवर्तन भएको छैान । समाज अझै धेरै पछाडि छ । समाजमा परिवर्तन  गर्न धेरै कुराको आवश्यकता छ । सानो प्रयासले मात्र समाज परिवर्तन हुँदैन ।

यद्यपि थुप्रै सकारात्मक परिवर्तनहरू पनि देखिएका छन् बसाइसराईको दरमा पनि वृद्धि भएको छ । राजनीतिप्रति आम मानिसहरूको चासो बढेको छ । पछाडि परेका जाति, समुदायी क्षेत्र वर्ग आफ्नो अधिकारको लागि बोल्न सिकायो, बोल्ने बानीको विकास गराएको छ । दस वर्षे युद्धभन्दा पहिले कुन कान्दारका मानिसमा यतिको राजनीतिक चेत थिएन । यसलाई सकारात्मक नै भन्नु पर्छ । हामीले त खासमा पैसाको लागि त लडेका थिए नौ पैसाको लागि काम गर्ने भए त हामी पनि अरू युवा जस्तै विदेश जान्थ्यौ होला ? सेना समायोजन हुँदा सात लाख सरकारले दियो । त्यसममा पनि वास्तविक लडाकू छुटेको छ । कोही बच्चा सानो भएर, सिविरमा बस्न सकेन, कोही पारिवारिक कारणले, कोही समयमा सूचना नपाएर । समाज र देश परिवर्तन गर्ने भनेर हिँडेको मान्छेलाई जब पैसासँग तुलना गरियो । पैसा नै दिनुभयो भने के दश वर्षमा एउटा मान्छेले सात लाख मात्र काउथ्यो त ?

के हामीले गरेको दुःख सात लाख बराबर मात्र हो त ? पैसा बढ्यो सकियो कसैले पाए कसैले पाएनन् । भ्रष्टाचारको सुरुवात त्यहीबाट सुरु भयो । वास्तविक जो लडाकू हो त्यसले नपाएर पछिबाट शान्ति वार्तापछि आएकाहरू पूर्वलडाकुको नाममा देश लुटे । जो वास्तविक रूपमा परिवर्तन चाहन्थे ती व्यक्तिहरू त लडाईमा वितिसके नकली कम्युनिष्ट मात्र बाँकी भए । सँगै मोर्चामा लडेको कमाण्डरले नै हामीलाई चिन्दैनन् । नेताहरूको त कुरा नै नगरम, समाजमा पनि पहिलेका कुराले नराम्रो सम्बन्ध छ । खुब देश परिवर्तन गर्न हिँडेको भनेर समाजले पनि कुरा काट्छ । जसको श्रीमान श्रीमती दुवै जना क्रान्तिमा सँगै हिँडेका थिए । तिनीहरूको घरमा सम्बन्ध राम्रो छ । जसको श्रीमतीले क्रान्तिबारे बुझेको छैन ती पूर्वलडाकुहरूलाई घरमा नै बस्न गाह्रो छ । हरेक शब्दमा तेरो क्रान्तिले के दियो । के गऱ्यो भनेर प्रति प्रश्न आउँछ ।

## ४.८ पूर्व लडाकुहरुको जीवन भोगाई

हिरामोती थारूले आफ्नो जीवन भोगाई यसरी सुनाउनुहुन्छ- मेरो जन्म दाङ जिल्लाको तुल्सीपुर उपमहानगरपालिका वडा नं ७ सुखुवार गाउँमा भएको हो । तीन दिदी दुई दाई एक भाई गरी हामी सात भाई बहिनी छाम, मेरो जन्म किसान परिवारमा भएको थियो । त्यति खेरको समय नै त्यस्तै थियो । भन्नु पऱ्यो हुर्केका छोरा छोरी, दुई पक्ष मध्य एउटा पक्षमा सामेल हुने पर्ने स्थिति भएको कारणले गर्दा, मलाई पनि माओवादीहरूको क्रान्तिले प्रभाव पऱ्यो । अनि २०५२ सालमा नै मैले पनि घर छोडे, मालेसिया हुँदै विभिन्न कम्पनीमा जनमुक्ति सेनामा काम गरे, काम गर्ने क्रममा सिस्ने गाउँ पालिका वडा नं २ छिपखोलाका र्गोख बहादुर पुन सँग क्रान्तिकारी विवाह गरे । मेरो बुढाको माइलो दाईलाई स्कुल जाँदा सेनाले मारेर टाउँको काटेर लास त्यही ठाउँमा छोडेको थियो । त्यही प्रतिशोतको भावनाले ठूलो जेठाजू र मेरो बुढा माओवादीमा लाग्नु भएको थियो । हामी दुवै जना क्रान्ति सम्झौता भएपछि घर फरर्कीम घर फर्किदा छिपखोलामा रहेको कम्युनमा हाम्रो परिवार पनि बसेको थियो । २०६१ सालमा मेरो छोरा जन्मीयो । सेना समायोजन हुँदा म सुत्केरी भए पछि हामी, दुवै जना सिबिरमा बसन सकेनम, युद्ध सुरुदेखि अन्त्य सम्म लड्दा पनि हामीले एक रुपियाँ पनि अनुदान पाएनौ, सहित भएको जेठाजूको दास लाख भारी पाईम । युद्धले मेरो बुढाको घर परिवार सकियो । सेनाले घरमा आगो लाग्यो विरामी सासुले राम्रो सँग उपचार पाउनु भएन छोराको पिरमा सासु आमा मार्नु भयो । म पनि दाङको चेली

रुकुमको छिपखोला यस्तो पहाडको खोचमा जीवन गुजारा गर्न गाह्रो नै छ । पहिले त झन पहाडमा हिड्न त सकिदैन थिए । थारूहरूको भारी बोक्ने तरिका, पहाडीहरूको भारी बोक्ने तरिका फरक, फरक भूगोल, फरक समाज, हावा पानी, सांस्कृति हरेक कुरा फरक थियो । कहिले काही त यस्तो सोच पनि आउथ्यो कुन जुनिमा पाप गरेको थिए । आज आएर, यस्तो ठाउँमा बस्न परेको छ । जस्तो लाग्दा थियो । अब त सबै कुराको बानी परिसकेको छ । पहिले हात खुट्टा टेकेर हिड्ने मान्छे अहिले त म जस्तो काम गर्न यो गाउँमा कसैले सक्दैन । आफ्नो घाँसको भारी पुऱ्यायर साथीहरूको घाँसको भारी पुऱ्याउँछु । तीन ओटा भैसी पालेको छु । यो छिपखोलामा सबै कुरा राम्रो सँग उत्पादन हुन्छ । तरकारी खेती राम्रो सँग हुन्छ । बाटो र यातायातको अभावको कारण उत्पादन भएका दुध, तरकारी गाउँघरमा खाएर मात्र सिद्धिन्छ । बजारमा लैजान सकिन्थ्यो भने जीवन धान्न त्यति गाह्रो हुँदैन । मिहिनेत गर्नेलाई गाह्रो छैन । सिचाईको पनि राम्रो व्यवस्था छ । आफूले काम गर्न सक्नु पऱ्यो । म त थारूको छोरी भएको कारण पहिले हिड्न गाह्रो भयो तर खेतीपाती गर्न गाह्रो भएन । आफूलाई चाहिने खाना आफ्नै खेतबाट उत्पादन हुन्छ । यहाँको हावा पानी पनि राम्रो छ । पहिलेका ति दिनहरू सम्झिन पनि मान लाग्दैन त्यति दुःख गरिम, आफ्नो ज्यान हातकेलामा लिएर भोकै पेट लडीम, अखिरमा आएर बाबु बजेले जे पैसा गरेर आफ्नो गुजार गरेका थिए । त्यही गर्नु परेको छ । तिनीहरूको जीवन र हाम्रो जीवनमा केही फरक भएन । अखीर कसको लागि लडीम त, हामी पनि गाउँघरको सरकारी स्कुलमा पढिम, मेरो छोरा छोरी पनि यही पाखेराको स्कुलमा पढिरहेका छन् । पहिले हाम्रा जुजु बाजेहरू खाईखेती गरेका थिए । हामी पनि खाईखेती गरेका छौ । केही परिवर्तन पाएन । यति हिँसा, हत्या गरेर पनि हामी जस्तो मान्छेको जीवनमा खै के परिवर्तन आयो र नेताको जीवनमा मात्र परिवर्तन आयो । गणेशमान पुन पनि हाम्रो गाउँले हुन् । तिनीहरू सहरमा घर बनाएर बसेका छन् । आफ्नो छोरा छोरी महङगो स्कुलमा पढाएका छन् । चुनाव जितेर एक चोटी फर्केका छैनन् । खाली जनतालाई उल्लु बहेक केही बनाएन माओवादी नेताहरूले । मेरो सासुरा बुबाले छोराको बालिदानी दिएर अखिर के पाउनु भयो त ? विरामी हुँदा एउटा सितामोल पाउन गाह्रो छ । हाम्रो ठाउँको हावा पानी राम्रो भएको कारणले यहाँका मानिस त्यति विरामी हुँदैनन् । यहाँको उत्पादनलाई बजार सम्म लैजाने व्यवस्था भएको भए हामीलाई पैसाको दुःख हुँदैन थियो । दास वर्षे युद्ध लड्यो, आज छोरा छोरी पढाउन, एक छाक खाना र विरामी आमा बुबाको

उपचारको लागि विदेश जानु परेको छ भने आखिर के को लागि लडे छु ? आफैले-आफैलाई प्रश्न गर्न मान लाग्छ । त्यसैले ती पुराना दिन नसम्झिदा राम्रो लाग्छ । त्यो दिन एउटा सापन हो भनेर विसार्न बहेक अरू केही विकल्प छैन ।

रास्ती धर्ती मगर (पुन) ले आफ्नो जीवन भोगाइ यसरी सुनाउनुहुन्छ- हो (थवाङ्ग) वडा नं. १ राचीबाङ्ग मा बस्छु । हामी माईतमा दुई बहिनी र दुई दाजू भाई थिम । रोल्पा जिल्ला माओवादीको उद्‌गम स्थल भएको कारणले गर्दा राज्य पक्षयले हामीलाई धैरै नै दुःख दिएको थियो । यहाँको वातावरण पनि त्यस्तै प्रकारको थियो । म २०५१ साल देखि सेना समयोजन, सम्म माओवादीको जनमुक्ति सेना भएर काम गरे । जुम्ला, पिलि, खारा, कुसुमको लडाईमा प्रत्येक्ष सहभागि भए । पहिले सेनामा जाँदा तालिम पनि लिएको थिएन । विन तालिम खाराको लडाईमा गएको थिए । जब लडाई सुरु भयो । मलाई बन्दुक पनि चालाउन आउँदैन थियो । जब गोली मकै भुते जस्तो गरी गोली चाल्न थाल्यो । मेरो छेउमा भएको एक जना साथी गोली लागेर, ढाल्नु, भयो । अनि मेरो रगत तातियो । मलाई हतियार पनि चलाउन आएन । पढेलेखेकाले त हतियारमा के के लेखेको हुन्थ्यो । त्यही अनुसार चालाउँदा रहेछन् । म त पढेको पनि नाई । पहिलो चोटी बन्दुक पत्काउदा झान्डै खोलामा खासीना । पछि फेरी प्रयास गरे अनि भारुवा बन्दुक चालाउन आयो । हामी त समाजमा अन्य अत्यचार समाज परिवर्तन गर्नको लागि लडेको हो । गीतहरू पनि यस्ता थिए की घरमा बस्न मननै नलाग्ने । घर बस्ने त कायर हुन, काम नलाग्ने मानिस हुन् जस्तो लाग्ने । त्यति बेला हामीलाई खाजा खार्च भनेर महिनाको छ सय मात्र दिईन्थ्यो । धैरै जसो लडाईमा हामीले आफ्नो घरबाट सातु, भट्ट मकै लिएर लडाई लडेका थिम । पहिले जनमुक्ति सेनामा भएको बेला, बहुविवाह गर्ने रक्सी खाने, रक्सी बनाउने, जुवा तास खेल्ने लाई कति कुटीयो, कति रक्सी बगाईयो । सांस्कृतिक क्रान्ति भनेर अन्तर जानिय विवाह पनि पार्टी भित्र, गाउँघरमा कति गराइयो । अहिले आएर म ५६ वर्षको भए । मेरो छोरा छोरी पनि छैनन् । बुढा पनि आपङ्ग हुनु हुन्छ । आफ्नो सम्पत्ति पनि छैन । अपाङ्ग बुढाको उपचार पनि गर्न पाएको छैन । घर पनि बस्न लाईक छैन । कति खेर घर भत्किन्छ । त्यही घरमा च्यापीएर मर्ने हो थाहा छैन । पहिले रक्सी बनाउने र खानेलाई कति कुतियो । अहिले रक्सी विन जीवन धान्न गाह्रो भएको छ । रक्सी जाँड विन मेरो दिन चार्यय सुरु हुँदैन । जाँड बनाउने खाने, ज्यालदारी काम गर्ने, दिन चरीया काम गरेको चार सय ज्याला छ । त्यसबाट नुन किन्ने कि

चामल किन्ने कि, बुढाको उपचार गर्ने, छोरो छोरी पनि छैनन् । सम्पत्ति पनि केही छैन मर्ने बेला पानी दिने पनि कोही छैन् । लड्ने बेलामा सबै ठाउँमा लडियो, सेना समयोजन हुने बेला अयोग्य भनेर फालियो, त्यति बेला पनि एक पैसा पाएन, अहिले पनि कसैले केही दिएको छैन् । काम गर्ने हो भने खाने हो, काम नगरेको दिन के खाने, गाउँघरमा गाई बस्तुको भाकारो सोर्ने, काम गर्छु । खेतवारीमा काम गरेपछि ज्याल दिन्छन् । त्यसैले बाँची रहेको छु । अहिले त हात खुट्टा राम्रो छ । अलि-अलि बाल छ । पछि बाल सकिन्छ । अनि के गर्ने, समाज र देश परिवर्तन गर्ने भनेर लडियो तर समाज र देश परिवर्तन भयोकी भएन नेताहरूको जीवन मात्र परिवर्तन भयो । आज सम्म कसैले केही सोधेको छैन । सँगै लाडेका कमाण्डर गाउँपालिकाका अध्यक्ष सदस्य भएका छन् । तिनीहरूको पनि हामीलाई चिन्दैनन् । केही सुविधा भयो भने आफ्नो नाता, गोता लाई मात्र दिन्छन् । हामी त को हो को हो ? न राज्यले सोधेको छ न त नेताहरूले प्रचण्डलाई त लडाई हुने बेला एउटा मोर्चामा भाषण गर्ने बेला मात्र देखेको चुनाव पछि ठूलो नेता त गाउँघर नै आएको हैन । मेरो अनुभाव अनुसार नेता बन्नु छ भने ठूलो नै बन्नु पर्छ । सानो नेता भएको काम छैन, पूर्वलडाकूहरू न नेताहरूलाई सत्तामा पुगाउने खुट्किलो मात्र भयो । त्यति खेर दिएको भाषण, अहिले नेताहरूको व्यवहार देख्दा, आफै देखि घिन लाग्छ । त्यो पुरानो दिन कसैले नसम्झाउस भन्ने लाग्छ । उहिले मरि सासु अहिले आए आशु जस्तै लाग्छ ।

मानकुमारी रोका मगर ले आफ्नो जीवन भोगाई यसरी सुनाउनुहुन्छ- रोल्पा जिल्लाको थाबङ गाउँपालिका वडा नं १ थाबङ गाउँमा बस्छु । आठ भाई बहिनी मा, म जेठी छोरी हुँ । नेपालमा भएका विभिन्न पूर्व लडाकुहरू माध्य म पनि एक हुँ । रोल्पा जिल्ला माओवादीहरूको उद्गम स्थाल भएको कारणले गर्दा, राज्य पक्षको निगरानीमा रहेको जिल्ला रोल्पा त्यसमा पनि थवाङ गाउँ पनि एक हो । विद्रोही पक्ष र राज्य पक्षको मरमा परेको यो गाउँ त्यो समयमा राज्य पक्षले थाबङ गाउँका मानिसहरूलाई धेरै नै दुःख दिइएको थियो । थावङ गाउँमा नेपाली सेनाले आगो नै लगाएर सखाप नै बनाएको थियो । नियमति रूपमा सेनाको खान तालासीले थावङका जनता पिडीत थिए । घरमा बस्ने वातावरण नै थिएन । रोल्पा भने पछि त्यहाँ मानिस माओवादी नै हो । भन्ने धारणा सबैको थियो । त्यो बेला गाउँमा सेनाले आगो लगाउँदा गाउँका मानिस लागयत मेरो बुबालाई पनि सेनाले समातेर लागे पछि म पनि बध्य भएर माओवादीमा लागे, माओवादीमा हिड्दा म भर्खर १३ वर्षकी

थिए । स्कुल जाने बेल, कपि, किताब कालम बोक्ने बेला बन्दुक बोक्न बाध्य भए । बाईसेल, मालेसिया हुँदै जनमुक्ति सेना भएर, खारा, भालुवाङग, विनी, लागयत विभिन्न मोर्चा लाडे, जनमुक्ति सेनामा जादा विभिन्न ठाउँमा जाँदा राम्रो सँग मलाई नेपाली भाषा पनि बोल्न आउँदैन थियो । सबै ठाउँमा माओवादीहरूलाई राम्रो व्यवहार गरिदैन थियो । कुनै गाउँ घरमा राम्रो सँग खाना दिन्थे, कुनै ठाउँमा कुकुर राम्रो तर हामी नराम्रो त्यस्तो व्यवहार गर्दा साहै मान रुन थियो । तराईमा थारूहरूको घरमा राम्रोसँग खाना दिन्थे भने अरू समुदायीले आफू मासु भात खादै छ भने पनि त्यही निर नुनको ढिका सँग खाना दिएको पनि सम्झना छ । जब सेना समायोजन भयो त्यति बेला म अठार वर्ष पुगेको थिए । शरीर पनि राम्रो भएको कारणले गर्दा नेपाली सेनामा म समायोजन भए । सेनामा गएपछि म अनपढ नै थिए । त्यहाँ गएपछि अलि-अलि अक्षर चिने सबै कुरामा अब्बल भए पछि अफ्रिकाको काङगरु भन्ने ठाउँमा १० महिना शान्ति सेनामा काम गर्ने अवसार पाए शान्ति सेनामा जाने म पहिलो नेपाली महिला हो । हाल सेना बाट रिटयार भएर आर्युवेद औषधीको पासल गरेर बसेकी छु । हालमा ४० वर्षको भए विवाह पनि गरेकी छैन । घरको जेठी छोरी जिम्मेवारी पनि म माथि थियो । आफ्नो रमाउने उमेर समाज परिवर्तनको लागि, पार्टीलाई दिएँ अहिले आएर कहिले काँही पछुतो पनि लाग्छ । युद्ध कालमा बढेको सपान पुरा नभएको देखेर विरक्ता लागेर आउँछ । मैले केही भए पनि सुविधाहरू पाए तर म सँगै लाडेका अरू साथीहरू कहाँ छन् । के गर्दै छन् । अत्तो पत्तो छैन नेतृत्व तहले हामीलाई कसैले चिनेन । आखिर कसको लागि लाडे, त्यो वितेको कुरा नसम्झाडा नै राम्रो त्यो समय सम्झीदा धेरै दुःख लाग्छ ।

## अध्याय पाँच

## माओवादी जनमुक्ती सेनाका जीविकोपार्जनका तौर तरिका

यस अध्यायमा फिल्डमा अनुसन्धान गर्दा जनमुक्ती सेनाका जीविकोपार्जनका तौर तरिकाहरु शीर्षक अनुसार विभाजन गरी सम्पूर्ण पूर्व लडाकुहरु के के काम गर्छन् कति जना वैदेशिक रोजागारीमा छन् । ज्यालादारी कृषि निर्माणमा, व्यापार व्यावसयीमा, होमस्टे, सिलाई बुनाइमा कति जना संलग्न छन् । त्यसको विस्तृत रुपमा व्याख्या गरिएको छ ।

### (क) वैदेशिक रोजगारी

वैदेशिक रोजगारीमा रहेका पूर्व लडाकू अबिच नेपाली हाल दुवईमा हुन्छ । शान्ती सम्झौता हुनु भन्दा पहिले माओवादी छोडी दुवई जानु भएको हो । त्यहाँ एउटा स्कुलमा स्केरेटी गाडमा काम गर्नु हुन्छ । विदामा घर आउने अनि फेरी जाने क्रम जारी छ । त्यही पैसाले श्रीमतीले किरण पासल खोल्नु भएको छ । सौगत बुढा मगर पनि वैदेशिक रोजागरीमा हुनुहुन्छ । वहा साउदीमा ड्र्भारङ्गी गर्नु हुन्छ । आकाश पुन पनि वैदेशिक रोजगारीमा मेलेसियामा हुनुहुन्छ । वहाँले घर बनाउने काम गर्नु हुन्छ । राजराम पुन काटरमा घर बनाउने काम गर्नु हुन्छ ।

### (२) साना व्यापार व्यवसायी

मानकुमारी रोका मगरले अयूर्वेद औषधी पसल राख्नु भएको थवाङमा त्यसैबाट आफ्नो जीविकोपार्जन गर्नु भएको छ । सन्ध्या चौधरी थबाङमा किरण पसल गरेर आफ्नो जीविकोपार्जन गर्नु भएको छ । श्रीमान विदेश भएकोले अरुबाट ऋृण लिनु परेको छैन । भन्न हुन्छ । बजारमा पसल भएकोले राम्रो चल्छ । सुगन्ध मल्ल पनि रुकुमकोटमा फेन्सी पसल खोल्नु भएको छ । सात लाख सरकार बाट पाएको थिए त्यही पैसाले पसल खोलेको भन्नु हुन्छ ।

### (३) होमस्टे

सुकमायाले जेलबङग ठूलो गाउँमा होमस्टे सञ्चालन गर्नु भएको छ । वहाँको होमस्टेमा चिया देखि लिएर चिसो चिया सम्म पाइन्छ । लोक्ल कुखुराको मासु, ढिडो, ग्रहकको माग, अनुसार खाना बनाउनु हुन्छ । नजिकै वडा कार्यलय र जेलवङमा प्रविधिक स्कुल भएको कारणले गर्दा बाहिरी जिल्लाबाट पढ्न गएका विद्यार्थी र तिनलाई भेट्न आउने

अफान्ट स्वदेशि तथा विदेशी पर्यटक पनि आउँदा छन् । आफ्नो एउटा हात नभएको र श्रीमानको एउटा आँखा नभएकोले पहुनाहरु धेरै भएको बेला काम गर्ने मान्छे राख्नु पर्छ भन्नु हुन्छ । चिसोमा काम गर्न गह्रो हुन्छ । गोलीको छरर शरीरमा अझै छ , भन्नु हुन्छ । अन्नदा बुढा मगर पनि होमस्टे सञ्चालन गर्नु भएको छ ।

## (४) राजनीतिमा संलग्न पूर्वलडाकुहरु

मैले अनुसन्धन गरेको क्षेत्रमा राजनीतिमा संलग्न रहेका पूर्वलडाकुहरु, विभिन्न पदमा रहेर अझै पनि काम गरिरहेका छन् । रामसुर, बुढा निवर्टमान वडा अध्यक्ष हुन्छ, पुनीराम धर्ति, भूमे गाउँपालिकाको भूपु अध्यक्ष हुन्नथ्यो । रुप रेग्मी सिस्ने गा.पा. अध्यक्ष पदमा हुन्छ । होम प्रकाश श्रेष्ठ, भुमे गाउँपालिकाको वर्तमान अध्यक्ष हुन्छ । राजबहादुर रोका मगर सुनछहरी गाउँपालिका ठूलो गाउँ जेलबाङवा वडा नं. सात को वडा अध्यक्ष पदमा हुन्छ । ऋषिकेश बुढा मगर थबाङ गाउँपालिकाको अध्यक्ष पदमा हुन्छ । सुरुल पुन डकुम पूर्व क्षेत्र नं. १ बाट प्रदेश निसदमा हुन्छ ।

# अध्याय छ

## जीविकोपार्जनमा सामाजिक पूँजीको प्रभाव भूमिका वा चुनौती

यस अध्यायमा पूर्वलडाकुहरुले जीविकोपार्जनमा सामाजिक पूँजीको प्रभाव भूमिका वा चुनौतिहरु के के छन् । आर्थिक प्रभाव अभाव ऋणको अवस्था कस्तो छ । कस्ता कस्ता किसिमका सामाजिक समस्या भोग्नु परेको छ । सीपको कमी र शारीरिक समस्याहरु र पारिवारिक समस्याहरुबाट कस्ता कस्ता किसिमका असहयोगहरु भोग्नु पारेको छ । फिल्डबाट प्राप्त भएका पूर्वलडाकुहरुले भनेका र भोगेका कुराहरु जस्ताको तेस्तै उस्तै प्रयास गरेको छु ।

अन्नद बुढामगरले जीविकोपार्जनमा भएका चुनौतीहरुको बारेमा यसरी आफ्ना अनुभावहरु सुनाउनु हुन्छ पहिलेदेखि बाबु बजेले गरेको खेती किसानी काम नै जीविकोपार्जनको आधार भएको छ । ठूलो रुपमा यही काम गर्ने हो भने पूँजीको र बजारको अभाव छ । हाम्रो जेलबङमा भएको कम्प्युन पनि लथालिङ्ग भएको छ । जजरकोटको जूनी कम्युनमा तिनीहरुले समुहीक रुपमा काम गरेर उत्पादन भएको वस्तु बजारमा बेचेर अम्दानी व्यक्ति  पिक्षे भाग लगाउछन् । हाम्रो मा त्यो सुविधा छैन् पहिलेको कम्युन लाई सहकारीको रुपमा दर्ता गरेर आफ्नो नागरपालिका बाट बजेट ल्याएर काम गरेका छन् हाम्रोमा त त्यतिको जमिन पनि छैन । उपकरण पनि छैन त सामूहिक काम गर्न मान्दैनन् । आफ्नो गर्ने हो, खाने हो भनेर कुरा गर्दा छन् ।

राजबहादुर रोका मगर यस्तो भन्नु हुन्छ हालमा सुनछहरी गाउँपालिका जेलबङग वढा नं. सात को वडा अध्यक्ष हुँ तर मेरो मुख्य पैसा भनेको कृषि नै हो । तर यहाँको कृषि कस्तो किसिमको छ भने व्यवसायिक भन्दा पनि खाई खेती छ । यहाँ बाट उत्पादन भएका वस्तु बजार सम्म लैजनाको लागि यातायातको पनि सुविधा छैन । बजार सम्म बल्ल तल्ल पुगाउँदा पनि किसानहरुले आफ्नो उत्पादनको सही मूल्य पाउँदैनन् । हस्तकालका समान पनि बजारमा बिक्री गर्दा ज्याल पनि बस्दैन ठेक्डारले वस्तु खरिद गर्छ बजारमा लागेर आफूले डालरमा बिक्री गर्छ । जसले दुःख गरेको हो त्यसले मूल्य पाउँदैन । ठूलो मात्रमा यही काम गर्नको लागि पूँजीको अभाव, काम गर्ने जनशक्तिको पनि अभाव छ । यहाँका पूर्व लडाकुको परिवारमात्र हैन यहाँका जनता जङ्गलमा निर्भार रहेका छन् । पशुपालन गर्दा,

आल्लो बाट धगो निकालेर, जडीबुटी संकलन गरेर भएपनि आफ्नो जिविकोपर्जान गर्ने चालन छ। किनकी ढुङ्गमा उत्पादन तराईको जस्तो हुँदैन तर ६ महिना खाना भने पुग्छ।

दुते रोका मगर पुन यस्तो भन्नु हुन्छ।

शान्ति सम्झौता भएपछि म घरमा नै बसे हाल ज्यालदारी मजदुरीको काम गरेर आफ्नो जीविकोपर्जन गरी रहेको छु। ठेकेदारीमा काम गर्न जाँदा कहिले पैसा पाइन्छ। कहिले पाइदैन। शरीरमा गोलीको छरर छ विदेश जान पनि मिल्दैन पहिलेको रिस पनि छरछिमेकले देखाउँछन् खुव देश परिवर्तन गर्न हिडेको थिस नि आखिर यही समाज चाहिने रहेछ नी भनेर कुरा सुनाउँछन्।

समाज चाहिने रहेछ नी भनेर कुरा सुनाउँछन्। श्रीमती र छोरा छोरी सँग पनि त्यति राम्रो सम्बन्ध छैन जति बेला अभिभावकको भूमिका निन्माउनु पर्ने थियो त्यो बेला देश, समाज परिवर्तन गर्ने भनेर घर परिवार छोडेर हिडियो अहिले आएर हरिविजोग छ। सुकमायाले आफ्नो जीविका यसरी सञ्चालन गर्नु भएको छ। वहाँको एउटा हात छैन र वहाँको श्रीमानको एउटा आँखा छैन। वहाँलाई गाउँपालिकाले होमस्टे सञ्चालन गर्नको लागि तालिम  दिएको थियो अनि भाडा कुडाहरु पनि सहयोग गरेको थियो। श्रीमान श्रीमती मिलेर पशुपालन सँगै होमस्टे सञ्चालन गर्नु भएको छ। नजिकै वडा कार्यलय र प्रविधिक स्कुल भएको कारणले गर्दा बहिरी जिल्लाबाट पढ्न गएका विद्यार्थी र पर्यटकहरु मुख्य ग्रहक हुन भनेर वहाँले भन्नु भयो यसबाट ठिकै अम्दानी हुन्छ। छोरा छोरी लाई पढाउन पुगेको छ। तर एउटा हात नभएको कारणले गर्दा र शरीरमा छरर भएको कारण चिसोमा काम गर्न गाह्रो हुन्छन्। कहिले काही पाहुनाहरु धेरै भएको दिन मान्छे राख्नु पर्छ काम गर्ने आफूल मात्रले सकिदैन।

कमल बुढा यस्तो भन्नु हुन्छ आफू सँग अरु कुनै सिप थिएन थवाङ गाउँपालिकाले होमस्टे सञ्चालन गर्ने तालिम दिए पछि होटल सञ्चालन गरेर बसेका छौ। तीन जनाले पातनर सिपमा काम गर्दै छो। अहिले राम्रो नै चालेको छ। जलजल हिमाल हेर्न आउने पर्यटकहरु बढी आउँछन् हाम्रोमा यहीको लोकल खाना हामीले खुवाउँदा हो। हाम्रो होटेलमा खाने बस्ने सब सुविधा छ। विशेष गरेर लोकल रक्सी र सुङगुरको मासु विक्री बढी हुन्छ। थवाङ गाउँपालिकाको मुटु हो। यो ठाउँ त्यही भएर हाम्रो होमस्टे राम्रो सँग चालेको छ। अरु गाऊँले हरुले हाम्रो रिसपनि गर्छन्। पहिले रक्सी खानेलाई कुट्नेहरु अहिले त्यही काम गरेर बाच्नु परेको छ भनेर कुरा नि कट्छन्।

# अध्याय सात

# सांराश/निष्कर्ष

## ७.१ सारांश

क्रान्तिपछि पूर्व लडाकुहरू विभिन्न पेसा, व्यवसायी रोजगारी थेलागाडामा तरकारी, फालफूल स-साना पासल, ज्यालदारी र वैदेशीक रोजगारी कोही कृषीमा पनि संलग्न भएको पाइयो । क्रान्तिपछि आफ्नो क्षमता अनुसार काम गर्नु नराम्रो कुरा भने होइन । त्यो गर्नु पर्छ । काम प्रति सम्मान पनि हो । तर एउटै किसिमको गोल स्टार जुत्ता लागएर क्रान्तिमा सहभागि भएको साथी बीच जुन वर्ग विभेद देखियो त्यो नराम्रो कुरा हो । यदि आर्थिक क्रान्ति नै गर्नु थियो भने सशास्त्र युद्ध गरेर १७००० जनता किन मरियो ? युद्धकाल समयको कार्यक्रममा देखिएका, खिचिएका तस्वीहरूमा नेताहरूको जीवन शैली र आम जनताको जीवनशैली, लुगाहरूमा तत्वकी भिन्नता देखिदैन । तर खोला तर्दा खेरि प्रचपड र बाबुरामलाई बोकेर खोला तरेको, घोडा चढेको तस्वीरले पनि लडाकुहरू र नेता बिच विभेद देखिन्छ । २०६४ को निवार्चन पछि सत्तामा गए पछि नेताहरूको जीवन शैली परिवर्तन भयो तर सँगै युद्धमा होमिएका जनता, पूर्वलडाकू, भुई मान्छेहरूको जीवनमा तत्वकी परिवर्तन देखिदैन । आज पनि जनता विहान के खाम, साझ के खाम, को अवस्थामा छन् । व्यवस्था फेरिय पनि अवस्था नफेरिएको अवस्था छ भने नेताहरू खानाको सुडेल मिलाएर साझा भेज विहान नन भेज खाने कुरा गर्छन् । एउटै घटना कसैलाई फाइदा कसैलाई हानी पीर गीतमा देखाइए जस्तै समाजमा पनि यो वास्ताविकता देख्न पाइन्छ ।

युद्धको समयमा गाईएको एउटा गीत छ नि ! तिम्रो विरोध गर्नेहरू पछुताउनु पर्ने छ, एक दिन तिम्रो यो राज्यले सम्मान गर्ने छ । राज्यले सम्मान गरेकै हो । विरोध गर्नेले हैन समर्थन गर्नेले पछुताएको अवस्था छ । जन मुक्ति सेनामा भरपुर साहस र बलिदानीको सोच व्यापक भएको पाइन्छ । जसको कारण युद्धको उठान र सञ्चालन हुन सक्यो । अझै पनि पूर्व लडाकुहरूमा क्रान्तिकारी भावना गएको छैन । तिनीहरूको हाउभाउ कुरा गराई बाट बुझ्न सकिन्छ । कम शिक्षित , राजनीतिक चेतना, नउथेको, केही लोभ नभएका लडाईको हरेक मोर्चामा सहभागि भएका पूर्वलडाकुहरू आफू माओवादी हो भन्न पनि लाज लाग्छ भन्छन् । तर राजनीतिक चेतना भएका पढेलेखेका लाभपाएका पूर्वलडाकुमा क्रान्तिमा भाग

लिएको, आफ्नो समय वितेको, आफ्नो सहयोद्ध आफन्त गुमएकोमा कुनै दुःख छैन भन्छन् । तर नेताहरूले क्रान्तिलाई बिच बाटोमा छोडेर, आफूले यस आरामको जिन्दगी विताएको देख्दा दुःख लाग्छ भन्छन् । आफूले गलत नेता छनोट गरेकोमा पछुटो छ । झुटो सपना देखाए त्यसमा दुःख छ । पूर्वलडाकुहरू भान्छन् । हामीलाई वर्गीय जातिय, महिला मुक्ति गर्छौ भनेका थिए । तर, जब सत्तामा पुगे आफूले राजा महाराजा जस्तो जीवन बिताएका छन् । तर हाम्रा साथी आपङ्ग भएका छन् । शरीर भरि गोललीका छरर छन् । उपचार गर्ने पैसा छैन । हाम्रा छोराछोरी शिक्षाबाट बञ्चीत छन् । नेताका नातिनातिना आरजू देउवाको महङ्गो स्कुलमा महिनाको ५०,००० फि, तिरेर पर्दछन् । यस्तो देख्दा जनताको लागि हैन प्रचण्ड, बाबुराम हिसीला, पाम्फा किरण, बादल नन्दा किशोर, ओनसरीको लागि लडेछौ । यो कुराको महासुस अहिले हामीले गर्दछौ ।

पहिले, क्रान्ति सचिकै लोभ लाग्दो थियो । माओवादी जनयुद्धको एक पटक फेरी विश्वभरिका कम्प्युनिष्ट एवम् क्रान्तिकारीलाई झक्झकाएको थियो । विश्वका विभिन्न मुलुकका क्रान्तिकारी युवाहरू युद्धक्षेत्रमा नै भौतिक रूपमा उपस्थीत भएका थिए । बङगलदेशका एक जना स्वास्थ्यकर्मीले जनसेनाको उपचारमा सहयोग गरेका थिए । जसरी चिनीया क्रान्तिमा क्यानेडेली डाक्टर नर्मल वेश्यूनले गरेका थिए । युद्धकालमा ग्रामीण भेगका महिलाहरू विशेष गरेर विभिन्न तब्कामा काम गरेको कुरा संघर्षको इतिहास किताबमा, पूर्वलडाकूहरूको अन्तरर्वातामा उल्लेख गरेका छन् । क्रान्तिको बिच भागमा धेरै महिला सहभागी थिए तर केन्द्रीय समितीमा हिसीला यमी मात्र देखिन्छन् । युद्ध लड्दा विशेर गरेर, थारू मगर, दलित महिलाहरूको बढी सहभागिता देखिन्छ । पूर्व लडाकुहरू भन्छन् । यिनीहरूको हामीलाई मात्रा धोका दिएका होइनन् । सम्पूर्ण जनता अनि देशलाई धोका दिएका छन् । कम्युनिष्ट आन्दोलनलाई नै धोका दिएका छन् ।

हाम्रो अवस्था देखेपछि । हाम्रो दुःख सुने पछि नयाँ पुस्ता राजनीतिमा आउन चाहदैन । सयद, राजनीतिदेखि घिन लाग्छ । जसलाई क्रान्तिमा लाग्ने इच्छा छ त्यो व्यक्तिको इच्छा मार्न सक्छ । भोली मेरो पनि जीवन पूर्व लडाकुको जस्तो पो हुने हो कि ? त्यो सोच पाक्कै आउँछ । तर क्रान्ति सफल भएको छैन । केही अंशमात्र सफल भएको छ । यो क्रान्तिले राजनीति गर्ने मान्छेको हातमा पुग्यो र अझै पनि समाजमा जातिय, वर्गीय, क्षेत्रीय विभेद छ र क्रान्तिको आवश्कयता छ ।

राजनीति भनेको निष्ठ र अडान पनि हो । जो व्यक्ति  आफ्नो आस्थाप्रति अडान राख्न सक्दैन । त्यसले समाजलाई सकारात्मक सन्देश दिन पनि सक्दैन । पूर्व लडाकुहरू जसले जङ्गलबाट सिँह दरबार सम्म नेताहरूलाई पुग्यो तिनीहरू  नै विभिन्न रोगले थाल परेका छन् । नेताको अवस्था फेरिए पनि केही पूर्व लडाकुहरूको अवस्था जीवन मर्नको आवस्था छ । जसरी अरू देशको क्रान्तिले नेपालमा भएका युवाहरूलाई प्रेरणा दिएको छ । त्यसरी नै जनयुद्धले विश्वभरिका कम्यूनिस्ट, क्रान्तिकारी र समाजवाद विरोधी पार्टी समुह र व्यक्तिहरूको लागि प्रेरणाको स्रोत बनेको थियो ।

नेपाल जस्तो गरिब र सानो देशमा कम्प्युनिस्ट विद्रोह सुरु हुनु चानचुने कुरा थिएन ।

नेपाल विश्वको कूल जमिनको ०.०३% ओगट्छ त्यसैगरी कुल एसियाको ०.३% ओगट्छ । यो आँकडाले नेपाल विश्वमा भूगोलको हिसाबले पनि सानो र नगन्य मुलुक हो । त्यसका अतिरिक्त नेपाल आर्थिक एवम् राजनीतिक रूपमा प्रभावहीन मूलकु पनि हो । तर माओवादजी विद्रोहले नेपालाई विश्व समु नेपालको अर्को परिचय थपियो । माओवादी कम्यूनिष्ट विद्रोहको देश भनेर ।

दक्षिण एसिया भूगोलका हिसाबले यूरोप जतिकै ठूलो छ । तर यहाँ विश्वको २०% भन्दा बढी जनसङ्ख्या रहेको छ । कम्युनिष्ट आन्दोलनका हिसाबले यो क्षेत्र सबै भन्दा ऊर्वर रहेको छ । दक्षिण एसियाकै सबै भन्दा ठूलो देश चिन भारत लगायत श्रीलङ्का बङ्गलादेश नेपाल, पाकिस्तान आदिमा कुनै न कुनै रूपमा कम्प्युनिष्टहरूले सशास्त्र सङ्घर्ष सञ्चालन गरेको देखिन्छ ।

सङ्घर्षको इतिहास किताब पढ्दा र फिल्डमा तथ्याङ्क संकलन गर्न जादा पनि मरिएका माओवादी कार्यकर्ता छन् । तिनीहरूको समूहीक हत्या नेपाली सेनाले घरमा सुतीरहेको वा विश्रमको बेलामा हत्या गरेर दोहोरो भिडन्तमा मारेको भनेर समचारमा उल्लेख गरेको देखिन्छ । धेरै जसो किसान मजदुरहरूलाई खेतमा काम गरिरहेको बेला समुहिक हत्या गरी माओवादी घोषण गरेको लेखिएको छ । वस्तावमा द्वन्द्वकालमा यही भएको छ ।

कुनै पनि आन्दोलन, सघर्ष वा युद्ध कमीकमजोरी विहीन हुन सक्दैन । वर्गमा विभाजन रहेको समाजमा कैयौ घटना एउटा वर्गलाई सही लाग्छ भने अर्कोलाई गलत । यो सर्वव्यापी नियम हो । समाजमा भएको एउटा चरित्र पनि हो । माओवादी जनयुद्ध पनि कैयौन कमजोरी जन्माउँदै र त्यसलाई सच्चाउँदै, अघि बढेको देखिन्छ केही समय जब २०६४ को निवार्चन पछि सत्तामा गए अनि सिद्धान्त बाट चिप्लीएको देखिन्छ ।

## ७.२ निष्कर्ष

हामी बाँचिरहेको अर्थव्यवस्था भनेको पुँजीवादी अर्थव्यवस्था हो । पूर्वलडाकुहरू पनि यही समाजको अंग भएको कारणले गर्दा तिनीहरू पनि यही समाजमा छन् । जुन अर्थव्यवस्था फल्नको लागि सङ्घर्ष भयो । त्यो अर्थ व्यवस्था कायम नै छ । यो अर्थव्यवस्थामा पूर्व लडाकुहरूलाई आफ्नो जीवन सञ्चालन गर्न गाह्रो छ । समयको मागसँगै जीविकोपार्जनमा परिवर्तन त भएको छ र सबै ठाउँमा सबै व्यक्तिमा एउटै किसिमले परिवर्तन भएको छैन । विभिन्न तत्वहरूको प्रभावको कारणले गर्दा समान रूपमा परिवर्तन भएको छैन । पूर्व लडाकुहरूमा जीविकोपार्जनको समस्या छ नै । आर्थिक, सामाजिक, सांस्कृतिक, भूगोल, पारिवारिक अवस्था, बजारको अपहुँच, नाफाको उद्देश्यले भन्दा पनि जीवन गुजारा गर्ने किसिमको उत्पादन गरिएको छ । बजार व्यवस्थापन तालिमको र पुँजीको अभाव देखिएको छ । राजनीतिक पहुँच र राजनीतिक संरक्षणले पनि जीविकोपार्जनमा असर गरेको देखियो ।

वास्तविक रूपमा जो पूर्वलडाकु हो त्यो व्यक्ति विभिन्न कारणले सरकारद्वारा दिइएको सात लाख पैसा पनि नपाएको अवस्था छ । शारीरिक रूपमा अशक्त भएका आर्थिक र पारिवारिक रूपमा कमजोर पूर्वलडाकुहरूको अवस्था दयनीय छ । शरीर स्वस्थ छैन, अङ्गभङ्ग भएका बढी छन् । आफ्नो दैनिकी सञ्चालन वा जीविकोपार्जनको लागि खेतीपाती, किराना पसल, भैंसी, बाखा पालन, ड्राइभिङ, वैदेशिक रोजगार, ज्यालादारी, जडीबुटी, भेडापालन पनि गरेका छन् । होमस्टे सञ्चालन गरेका छन् । रक्सी बनाएर बेच्ने, आफ्नो दैनिकी सञ्चालन गर्नको लागि धेरैजसो वनमा निर्भर रहेका छन् । पहिले परम्परागत खेती मात्र गर्ने चलन थियो । खेतीले खान नपुगेपनि त्यसले मात्र गुजारा गर्नुपर्ने थियो भने हाल आयस्रोत पनि व्यक्ति, क्षेत्र, समुदाय, व्यक्तिको चेतना, शैक्षिक अवस्थाको आधारमा पेसा पनि फरक फरक रहेको पाइयो । पूर्व लडाकुहरूको जुन समस्या छ भनेर अनुसन्धान

गरिएको थियो । त्यो समस्या प्रत्येक पूर्वलडाकुमा छ । समस्या फरक फरक छ । कसैको शारीरिक, मानसिक, आर्थिक, मानवीय सहयोग, समाजमा सामाजीकरणको समस्या, हिजो जुन उद्देश्य लिएर लडिएको थियो त्यो उद्देश्य केही मात्रामा पूरा भएको छ । नेतालाई फाइदा लडाकुलाई घाटा भएको छ । पूर्व लडाकु र नेता बीच दुरीछ । वर्ग विभेद छ । स्रोत साधनको उपयोगमा फरक छ । आर्थिक असमानता छ । पूर्वलडाकुहरूमा आफूले समय पनि खेर फालेको पछुतो छ ।

नेताहरूप्रति आक्रोश पनि छ । वेश्यावृद्धि गरेको भनेर पीरगीतमा देखाइएको छ । त्यो मैले आफ्नो अनुसन्धानको क्षेत्रमा भेटाएन । क्रान्तिमा लागेका मान्छेहरू क्रान्तिकारी नै छन् । भलै आर्थिक रूपले कमजोर छन् विभिन्न पेसा व्यवसायी गरेका छन्, किराना पास, बाख्रा, भैंसी, ज्यालादारी मजदुरी गरेर पनि काम गरेर खानुपर्छ भन्ने भावना पूर्वलडाकुहरूमा छ । उनीहरूको इरादा गलत थिएन हिजो पनि र आज पनि, आज पनि आफू कमजोर अशक्त भए पनि कुरा चाहि परिवर्तनका गर्छन् ।

युद्धकालमा सबै कुरा गलत भएको पनि छैन मान कुमारी रोका मगर जस्तो क्रान्तिकारी चेलीले पूर्व लडाकु भएको कारणले गर्दा अनपढ भए पनि शान्ति सेनामा जाने पहिलो नेपाली महिला पनि भएकी छन् । समाजलाई अत्तर घुलन पनि गराएको छ । अन्तरजातीय विवाहदेखि लिएर तराईका चेलीहरू पहाडमा विवाह गरेका छन् । सांस्कृतिक आदानप्रदान पनि भएको छ । पहिलेको तुलनामा नेपालका कुना काप्चाका मानिसहरू राजनीतिक कुरामा चासो पनि पढाएका छन् । साधारण जनतामा बोल्न सक्ने क्षमताको विकास पनि गराएको छ । आफ्नो पहिचान खोजने बनाएको छ । कुनै पनि कुरा सतप्रतिशत राम्रो हुँदैन । कमीकमजोरी त हुन्छ । १० वर्षे युद्धमा पनि धेरै कमी कमजोरी छ । बेला बेलामा पूर्व लडाकुहरूलाई लिएर चार्च बहस पनि हुन्छ । पूर्वलडाकुहरूलाई पैसा दिनुपर्छ भनेर, पैसा हैन तिनीहरूमा भएका सिपलाई सदुपयोग गरी रोजगारीको व्यवस्था गरे राम्रो । विगतमा पनि पैसा दिइएको हो त्यसले समस्या समाधान भएको देखिएन । पूर्वलडाकुहरूलाई मात्र हैन, नेपालमा भएका सम्पूर्ण युवाहरूलाई रोजगारीको व्यवस्था राज्यले गरे राम्रो हुन्थ्यो । तब मात्र देश पूर्व रूपमा शान्त, समुन्नत र विकास हुन्छ । युवाहरू बेरोजगार भए भने फेरी पनि १० वर्षे युद्ध जस्तो द्वन्द्व नहोला भन्न सकिँदैन ।

## सन्दर्भ सामग्रीहरू


न्यौपाने, लेखनाथ (२०७५), *संघर्षको इतिहास,* काठमाडौँ : अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय समिती ।

*नेपाली कम्युनिष्ट आन्दोलन र जनक्रन्तिका ऐतिहासिक दस्तावेजहरू* ग्रन्थ (१)

मिश्र, चैतन्य (२०६५), *नेपालमा माओवादी दोसांधहरू,* नयाँजनवादको स्थगन वा निकायमा सीमितताहरूको बोधगम्यता ।

सापकोटा, दिपक (२०६६), *उथलपुथलका दस वर्ष,* काठमाडौँ : क्रान्तिकारी पत्रकार सङ्घ केन्द्रीय समिति /पारू अफसेट प्रेस ।

चन्द, सागर (२०७५), "माओवादी जनयुद्धमा महिला / फरक धार", *कान्तिपुर दैनिक,* पृष्ठ १० ।

(online Majuoor-Aprl 9, 2022): यथार्थमा आधारित साहित्य  प्रस्तुत गर्न सबै स्वतन्त्र छन ।

दाहाल, फणीन्द्र (२०२१), "माओवादी पूर्व लडाकु: नेकपाका दुबै समूह किन होडबाजी गर्दैछन ।" *BBC News नेपाली* ।

नीति पत्र, (२०७०) साउन अंक ९, रानीतिक जोखिम र पूर्व लडाकुहरू/ *मर्तिन चौतरी* बुधबार,

सेतोपाटी । (९ चैत्र २०७८) । *अयोग्यको बिल्ला खारेज गरियोस ।* बहिर्गमित जनमुक्ति सेना नेपाल ।

नेपाल सरकार: प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिहंदरबार काठमाडौ । (९ भदौ, काठमाडौ) *सूचना तथा समाचार पूर्व जनमुक्ति सेनाका घाइते,* अपाङ्ग  योद्धाद्वारा प्रधानमन्त्रीसंग भेट ।

के.सी, सुरेन्द्र, (२०६३), *नेपाल कम्युनिष्ट पार्टीको इतिहास,* काठमाण्डौ विद्यार्थी पुस्तक भण्डार ।

लामा गंगाबहादुर, (२०७६), *दसवर्षे स्मृतिका डोबहरु* "काठमाडौँ सहिद र वेपत्ता समिति प्रतिष्ठान

https//Smallarmssurvey.org.PDF_

सापकोटा, विष्णु *नेपाली सुरक्षा क्षेत्रः* एक सङग्रह (DCAF)

१८ अगस्ट (२०१२) । *दुइटा सेनाबाट एउटा,* काठमाडौं/ब्रसेल्स नेपाल

(५ मङ्सिर, २०७४) । *यसरी भएको थियो सेना समायोजन ।* जनबोली न्युज नेटवर्क ।

ओली, वीरेन्द्र । (१ फागुन, २०७७) । *किन खोजी हुदैछ विघटन भइसकेको जनमुक्ति सेना ?*

अहमद, ए., र खान, एफ. (२०२१) । अफगानिस्तानमा पूर्व लडाकुहरूको आर्थिक पुनर्मिलनः चुनौती र अवसरहरू । *जर्नल अफ कन्फ्लिक्ट रिजोल्युसन,* ४५(२), २०१-२१५।

Flores, M., र Rodriguez, J. (2019) । पेरुमा पूर्व लडाकुहरूका लागि पुनः एकीकरणका चुनौतीहरूः चम्किलो मार्ग र एमआरटीए विद्रोहबाट पाठहरू । *ल्याटिन अमेरिकी अध्ययन समीक्षा,* ३३ (४), ५१२-५३० ।

जॉनसन, एल. (२०१८) । निशस्त्रीकरण, डिमोबिलाइजेशन, र सियरा लियोनमा पुनः एकीकरणः चुनौतीहरू र पाठहरू सिकेका छन् । *अफ्रिकी सुरक्षा समीक्षा,* 27(3), 245-260।

मार्टिनेज, सी., र गोमेज, डी. (२०२०) । कोलम्बियामा पूर्व लडाकुहरूको जीवन र पुनर्मिलनः एक केस स्टडी । *शान्ति निर्माण र विकासको जर्नल,* १८(१), ८९-१०४।

Adhikari, J. (2008), *Changing livelihoods Essays on Nepalis development Sice* 1990.

Bhandari, P.B. (2014). *Rural Livelihood Change? Household Capital, community resources and livelihood transition.* Available at Rural livelihood change? Household capital community resources and livelihood transition: PMC (nih.gov)

Ellis, F. (1998). Household strategies and rural livelihood diversification, *Journal of development studies,* 35(1),pp.1-38

Johnson, A. (2004) *Livelihood options? The political economy of Access,* opportunity and Diversification.

Luintel, Y.R. (2015). *Livelihood Changes and Household Strategies : Social Displacement of the Upper Class in Dhading.* In Dhaulagiri Journal of Sociology and Anthropology . 1 (1), 26-52.

Mishra, C. (2015). *Household, Generational, and Fraternal Pathways to poverty and prosperity.* Tribhuvan university.

Sen, A, (1981). *Poverty and Famines: an Essay on Entitlement and Deprivation.* Oxford university press.

Start, D. and Craig J., (2004). Livelihood Options? The Political Economy of Access, *Opportunity and Diversification,* Working Paper 23, London: ODI.

Subedi, M. (2014). *Changes in Livelihood and Caste Relations in Udipur.* In Himalayan Journal of Sociology and Anthropology 6, 86-102.

Lienert, J. and Burger, P. (2015) "Merging capabilities and livehoods analyzing the use of biological resources to improvewell-being" *Ecology and Society,* Vol. 20, No.

Rene, V. (2001), ' The " New" Kerala modey ! Lessons for sustainable Development", *Wold Development.* Vol. 29, No.4. Great Britain.

Portes, A. (), *Modernity and development : A Critique',* Studies in Compartive international Development University of Texas.

Comprehensive-Peace-Agreement- Gov. Nepal -and -C....06-eNepalese-pdf.

# परिशिष्ट : प्रश्नावली

(१) नाम :

गा.वि.स/गाउँपालिका/नगरपालिका :

वडा नं. :

जात :

धर्म :

लिङ्ग :

परिवार संख्या :

| | |
|---|---|
| बुबा ( ) | छोरा ( ) |
| आमा ( ) | छोरी ( ) |
| श्रीमान ( ) | अन्य ( ) |
| श्रीमती ( ) | |

(२) तपाईले कति पढ्नु भएको छ ?

(क) १-५ (ख) ६-१० (ग) १०+२ (घ) त्यो भन्दा माथि

(३) तपाईको हलको मुख्य पेशा के हो ? कृपया बताइदिनु हुन्छ कि ?

(क) कृषि (ख) व्यापार (ग) रोजगारी (घ) अन्य

(४) तपाईको जग्गा कति छ ?

(क) १ - २ रोपनी (ख) ५-१० रोपनी

(ग) २०-२५ रोपनी (घ) त्यो भन्दा बढी

(५) तपाईको उत्पादनको कति महिना खाना पुऱ्याउँनु हुन्छ ?

(क) ३ महिना (ख) ६ महिना (ग) १ वर्ष

(६) आफ्नो उत्पादनबाट अपुग भएमा कुन स्रोत बाट पुऱ्याउनु हुन्छ ?

(क) ३ नोकरी (ख) उद्योग व्यापार (ग) ज्याला मजदुरी (घ) अन्य

(७) आफ्ना छोरी छोरीहरूलाई कुन स्कुलमा पढाउनु भएको छ ?

(क) सरकारी (ख) निजी

(८) सरकारी स्कुल भन्नु भयो ? आजभोलि त बोडिङ्ग स्कुलमा पढाउने चलन छ तपाईले किन सरकारी स्कुल नै रोज्नु भयो ?

(क) पैसा नभएर (ख) बोडिङ्ग स्कुल नभएर (ग) अन्य कारण

(९) स्कुल तपाईको घरबाट कति टाढा छ ?

(क) १ किलोमिटर (ख) १०० मिटर (ग) ५०० मिटर (घ) २०० मिटर

(१०) ज्याला मजदुरी गर्छु भन्नु भयो ज्याला मजदुरीमा पनि के-के काम गर्नु हुन्छ ?

(क) कृषि/खेतमा .......

(ख) सडक निर्माण ..

(ग) घर निर्माण

(घ) पुल निर्माण

(ङ) हाएड्रोपावर निर्माण

(च) अन्य

(११) ज्याला मजदुरी गर्न कुन ठाउँमा जानु हुनछ ?

(क) विदेश (ख) आफ्नै गाउँ ठाउँमा (ग) नेपालको अन्य ठाउँमा

(१२) ज्याला मजदुरी गर्न विदेश जान्छु भन्नु भयो ? कुन देशमा जानु भयो ?

(क) अमेरिक (ख) अस्ट्रेलिय (ग) साउदी (घ) अन्य

(१३) त्यो देशमा तपाई के मा काम गर्नु हुन्थ्यो ?

(क) खेतमा (ख) घरमा (ग) कम्पनीमा (घ) अन्य

(१४) कम्पनीमा काम गर्छु भन्नु भयो ? मासिक तलब कति जाति थियो ?

..........................................................................................................

..........................................................................................................

(१५) तरकारी खेती गर्छु भन्नु भयो कति जाति वार्षिक आम्दानी गर्नु हुन्छ ?

(क) २५ हजार (ख) ५० हजार (ग) १ लाख (घ) २ लाख

(ङ) त्यो भन्दा माथि

(१६) फलफूल पसल गर्छु भन्नु भयो ? त्यो व्यवसायीबाट तपाईको घर राम्रो सँग चालेको छ त ?

(क) चलेको छ (ख) गाह्रो भएको छ (ग) ठिकै छ

(१७) मौरी पालन गरेको छु भन्नु भयो यो व्यवसायी गर्न कति सजिलो छ ?

.......................................................................................

.......................................................................................

(१८) गाह्रो छ भन्नु भयो के कुराले गाह्रो बनाएको छ त ?

............................................................................................

............................................................................................

(१९) बाखा पालन गर्छु भन्नु भयो ? घाँसको व्यवस्था कहाँ बाट गर्नु हुन्छ ?

(क) वन (ख) आफ्नो खेतवारी (ग) अन्य

(२०) वनबाट घाँस ल्याउछु भन्नु भयो त्यसरी घाँस ल्याउन दिन्छ त ?

.........................................................................................

.........................................................................................

(२२) अनुदान लिएको कुन गर्नु भयो कुन निकाईबाट अनुदान लिनु भयो ?

(क) वडा कार्यालय (ख) नगरपालिका

(ग) कृषि मन्त्रालयबाट (घ) कुनै संघ संस्था बाट

(२३) संघसंस्थाबाट भन्नु भयो ? सहयोग गर्ने संघसंस्थाको नाम के हो नि ?

..........................................................................................

(२४) तपाई पूर्वलडाकु बन्नु भन्दा पहिले के पेशा व्यवसायी गर्नु हुन्थ्यो ?

(क) कृषि (ख) नोकरी (ग) ज्यालादारी (घ) व्यापार (ङ) अन्य

(२५) व्यापार गर्थे भन्नु भयो ? के हो व्यापार थियो ?

(क) नास्ता पसल

(ख) लुगा पसल

(ग) फलफूल पसल

(घ) साइकल पसल

(ङ) अन्य

(२६) लुगा सिलाउछु भन्नु भयो ? यो सिप तपाई सँग पहिले देखि थियो कि जनमुक्ति सेना भएपछि सिक्नु भयो ?

(क) पहिले नै थियो (ख) पछि सिकेको

(२७) युद्धकालमा भएको जीवन र अहिलेको जीवनमा के फरक छ बताई दिनु हुन्छ कि ?

..........................................................................................................

..........................................................................................................

(२८) १० वर्ष युद्धमा आफुले दिएको अमूल्य समय वेकारमा गयो जस्तो लाग्छ ?

(क) लाग्छ (ख) लाग्दैन (ग) अन्य

(२९) लाग्छ भने कनि लाग्छ ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(३०) सँगै काम गरेको साथीहरू सँग भेटघाट हुन्छ कि नाई ?

(क) हुन्छ (ख) हुँदैन

(३१) भेटघाट भएमा कस्तो विषयमा कुराकानी हुन्छ ?

(क) नेता (ख) राजनीति (ग) आफ्नै घरयासी (घ) अन्य

(३२) युद्धमा जानु भन्दा पहिलेको जीवन जस्तो अहिलेको जीवन छ कि छैन ?

...........................................................................................................

...........................................................................................................

(३३) छैन भने के कारणले छैन ?

...........................................................................................................

...........................................................................................................

(३४) युद्धकालमा जुन सपना बदिएको थियो त्यो सपना पुरा न हुनुमा दोषी को हो जस्तो हुन्छ ?

(क) नेता (ख) जनता (ग) जनमुक्ति सेना (घ) अन्य

३५) के कारणले दोषी हो ?

...........................................................................................................

...........................................................................................................

(३६) राज्यले कस्तो किसिमको योजना ल्यायो भने तपाई लगायत तपाई जस्तो साथीहरूलाई साहत मिल्ने थियो ?

...........................................................................................................

...........................................................................................................

(३७) तपाईको मनमा लागेको र मैले सोध्न छुटाएको कुनै कुरा छ भने कृपया त्यो बताई दिनु हुन्छ कि ?

...........................................................................................................

...........................................................................................................

...........................................................................................................

...........................................................................................................

# माओवादी जनमुक्ति सेनाहरूको जीविकोपार्जनको वर्तमान अवस्था
## (एक समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत
समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता
परिपूर्ति गर्नका लागि प्रस्तुत गरिएको
शोधपत्र


प्रस्तुतकर्ता
मञ्जु चौधरी
रोल नं. ३९
सिम्बोल नं. : २८३४७०
त्रि.वि. दर्ता नं. : ६-२-०८५५-००१२-२०११



त्रिभुवन विश्वविद्यालय
समाजशास्त्र केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ

२०८१

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौँ**

**सिफारिसपत्र**

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता पूर्तिका लागि मेरो निर्देशनमा र सुपरिवेक्षणमा मञ्जु चौधरीले 'माओवादी जनमुक्ति सेनाहरूको जीविकोपार्जनको वर्तमान अवस्था (एक समाजशास्त्रीय अध्ययन)' विषयमा यो शोधपत्र तयार पार्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक अन्तिम मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति : २०८१/२/२८

.............................

डा. केशवराज सिवाल

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ ।

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौँ**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यक पूर्तिको लागि मञ्जु चौधरीद्वारा प्रस्तुत 'माओवादी जनमुक्ति सेनाहरूको जीविकोपार्जनको वर्तमान अवस्था (एक समाजशास्त्रीय अध्ययन)' विषयमा यो शोधपत्र उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

.....................................

प्रा.डा. युवराज लुइँटेल

(विभागीय प्रमुख)

...................................

डा. गोमान सिंह खत्री

बाह्य परीक्षक

...................................

डा. केशवराज सिवाल

(शोध निर्देशक)

मिति : २०८१/०३/१९

## कृतज्ञता ज्ञापन

प्रस्तुत अध्ययन स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने उद्देश्यले गरिएको हो । कुनै पनि विषयको अध्ययन गर्नु आफैँमा सजिलो कार्य होइन । त्यसको बाबजुत पनि अध्ययन कार्यलाई सम्पन्न गर्नका लागि अवसर प्रदान गर्नुको साथै अध्ययनको सिलसिलामा सल्लाह सुझाव तथा परमर्श दिई सहयोग र हौसला प्रदान गर्नुहुने तथा मार्गदर्शन गर्नुहुने डा. केशवराज सिवालज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यो शोधकार्य पूरा गर्ने क्रममा विभिन्न किसिमका सल्लाह सुझाव प्रदान गर्नुहुने आदरणीय गुरुहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी अध्ययनका क्रममा विभिन्न किसिमका पुस्तक र अध्ययन सामग्री उपलब्ध गराएर सहयोग गरिदिने त्रि.वि. केन्द्रीय पुस्तकालय कीर्तिपुर, काठमाडौँका कर्मचारीहरु पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अध्ययनका सिलसिलामा प्रश्नावलीको उत्तर दिने क्रममा व्यस्तताका बाबजुत पनि आफ्नो अमूल्य समय उपलब्ध गराई सहयोग गरिदिनु हुने पूर्वी रूकुमको भूमे र सिस्ने गाउँपालिकामा अनि रोल्पाको थबाङ र सुनछाहरी गाउँपालिकामा रहेका ३६ जना, २५ पुरुष र ११ जना महिला पूर्वलडाकुलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस क्षेत्रका व्यक्तिहरु जसले यस अध्ययनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुभयो वहाँहरु सम्पूर्णप्रति पनि धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

त्यसैगरी मलाई आज यो स्थानसम्म पुऱ्याउनको लागि उत्साह, हौसला साथै ऊर्जा प्रदान गरी शोधकार्यका लागि प्रेरित गरिरहनुहुने मेरी ममतामयी आमा दुलारी थारू र पिता सिताराम थारुप्रति कृतज्ञता ज्ञापन गर्दछु । वहाँहरुकै हौसला र प्रेरणाका कारणले आज म यो स्थानमा आइपुगेकी छु । त्यसैगरी यो शोधकार्य तयार पार्ने क्रममा विशेष सहयोग गर्नुहुने साथीहरु कुमार बर्तौला, प्रकाश खतिवडा, जगत वि.क., देव घर्ती मगरप्रति पनि धन्यवादका पात्र बनाउन चाहन्छु । अन्तमा यस शोधपत्र तयार पार्ने क्रममा प्रस्तावना लेखन, स्थलगत अध्ययनका साथै सुरुदेखि अन्तिम तयारीसम्म समय व्यवस्थापन गरी आवश्यक सल्लाह, सुझाव र हौसला प्रदान गर्नुहुने विशिष्ट महानुभाव प्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस शोधकार्यको कम्प्युटरसम्बन्धी सम्पूर्ण कार्य गरी पूर्णता प्रदान गर्नुहुने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरलाई धन्यवाद ज्ञापन गर्दछु ।

मिति : २०८१/०३/ मञ्जु चौधरी

## विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| **अध्याय १ : परिचय** | | १-२६ |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको उद्देश्य | ५ |
| १.४ | अध्ययनको महत्त्व | ५ |
| **अध्याय २ : साहित्यको पुनअवलोकन** | | ७ |
| २.१ | माओवादी जनयुद्ध र जनमुक्ति सेना | ७ |
| २.२ | जनयुद्धमा महिला सहभागिता | ९ |
| २.३ | माओवादी लडाकुको व्यवस्थापन | १५ |
| **अध्याय ३ : अनुसन्धान विधि** | | २७-३१ |
| ३.१ | अनुसन्धान ढाँचा | २७ |
| ३.२ | अध्ययन क्षेत्र छनौटको औचित्य | २७ |
| ३.३ | अध्ययनको समग्र र नमुना छनोट विधि | २७ |
| ३.४ | तथ्याङ्क संकलन विधि | २८ |
| ३.५ | तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण | ३० |
| ३.६ | तथ्याङ्क संकलन गर्दा आईपरेका कठिनाई तथा अनुभव | ३० |
| ३.७ | अध्ययनको सीमा | ३१ |
| **अध्याय चार : अध्ययन क्षेत्र तथा उत्तरदाताहरुको परिचय** | | ३२-४८ |
| ४.१ | जनजयुद्धमा पूर्व लडाकुको सहभागिता | ३२ |
| ४.२ | पूर्व लडाकुहरुको अनुभव | ३३ |

४.३ बृहद् शान्ति सम्झौतापछिको अवस्था ३५

४.४ द्वन्द्वकालमा जनयुद्धकालीन जीविकोपार्जन सम्बन्धी भाष्य ३७

४.५ जीविकोपार्जनमा समस्या ३९

४.६ वर्तमानमा पूर्वलडाकुहरूको जीविकोपार्जनको अवस्था ४०

४.७ जीविकोपार्जनमा आएको परिवर्तन (पहिले र अहिले) ४२

४.८ पूर्व लडाकुहरुको जीवन भोगाई ४४

**अध्याय पाँच : माओवादी जनमुक्ती सेनाका जीविकोपार्जनका तौर तरिका** ४९-५०

**अध्याय छ : जीविकोपार्जनमा सामाजिक पूँजीको प्रभाव भूमिका वा चुनौती** ५१-५२

**अध्याय सात : सांराश/निष्कर्ष** ५३-६०

७.१ सारांश ५३

७.२ निष्कर्ष ५६

**सन्दर्भ सामग्रीहरू** ५८


**परिशिष्ट : प्रश्नावली** ६१-६५

**तथ्याङ्क सङ्कलनका क्रममा लिइएका फोटोहरू**

तथ्याङ्क सङ्कलनका क्रममा लिइएका फोटोहरू




२०७९/१०/२० गते लिएको फोटो




थवाङको ठूलो गाउँ (२०७९/१०/११ गते लिएको फोटो)



छिप खोला रुकुम पूर्वलडाकु र परिवारसँग लिएको फोटो



२०७९/१०/१६ गते पूर्व रुकुमको ताक्सेरामा पूर्वलडाकु र सरोकारवालासँग गरिएको छलफल




२०७९/१०/१२ गते लिएको फोटो



२०७९/१०/१५ गते छिपखोला पूर्व लडाकुको आमासँग घरमा लिएको फोटो



२०७९/१०/०७ गते थबाङको राचिवाङ, कम्युनमा बस्ने पूर्वलडाकुसँग लिएको फोटो





२०७९/१०/५ गते रोल्पाको जलजला स्कुलको फोटो



२०७९/१०/६ गते थबाङ उवालुङचाङ पूर्वलडाकुको छोरीसँग लिएको फोटो



२०७९/१०/५ गते पूर्वलडाकुकको घरमा लिएको फोटो जेलबाङको ठुलो गाउँ



२०७९/१०/०७ गते जलजल हिमालबाट बगेको खोला



२०७९/१०/१२ गते राँचीबाङको कम्युनको घरको फोटो